# ध्रुवलाल शर्माका कवितामा राष्ट्रवादी चिन्तन

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय
अन्तर्गत नेपाली विषय स्नातकोत्तर तह दोस्रो वर्षको
आंशिक आवश्यकता पुरा गर्नको लागि प्रस्तुत

## शोध-पत्र

**शोधार्थी**

**शिवदत्त रेग्मी**

रोल नं. : ४२/०६४

सिम्वोल नं. ४८०२५६-२०६६

त्रि.वि.र.नं. : ८३१८/८९

**पृथ्वी नारायण क्याम्पस**

पोखरा

# स्वीकृति पत्र

## शोध निर्देशकको सिफारिस

**धुवलाल शर्माका कवितामा राष्ट्रवादी चिन्तन** शीर्षकको प्रस्तुत शोधपत्र नेपाली स्नातकोत्तर तह दोस्रो वर्षका छात्र शिवदत्त रेग्मीले मेरो निर्देशनमा तयार पार्नुभएको हो । म यस शोधकार्यसँग सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७२/०५/२२
(८-९-२०१५ ई.)

..........................................
**प्रा.डा. पशुपतिनाथ तिमल्सेना**
शोध निर्देशक

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्व विद्यालय, नेपाली केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्रको प्रयोजनका लागि आदरणीय गुरु पशुपतिनाथ तिमल्सेनाज्यूको समुचित सुझाव र मार्ग निर्देशनमा तयार पारेको हुँ । आफ्नो अति व्यस्तताको बाबजुद पनि शोध कार्यलाई यस रुपमा ल्याई पुऱ्याउन प्रारम्भदेखि अन्त्यसम्म मार्ग निर्देशन गर्नुभएका श्रद्धेय गुरुप्रति म विनम्रतापूर्वक आभार तथा कृतज्ञता व्यक्त गर्दछु ।

शोध प्रस्ताव लेन कार्य तथा शोधकार्य लेख्ने ढाँचा वा तरिका लगायत आवश्यक निर्देशन दिनुहुने नेपाली विभागीय प्रमुख विष्णुप्रसाद शर्मा तथा अन्य गुरुहरु एवम् पृथ्वी नारायण क्याम्पस, नेपाली विभागप्रति हार्दिक आभार व्यक्त गर्दछु । शोधपत्र तयार पार्ने क्रममा सामग्री संकलनका लागि पुस्तक र पत्रपत्रिकाहरु उपलब्ध गराइदिने पृथ्वी नारायण क्याम्पस पुस्तकालयलाई बिर्सन सक्दिन । यसै क्रममा आवश्यक सूचना तथा सामग्री उपलब्ध गराई सहयोग गर्नुहुने आदरणीय गुरु ध्रुवलाल शर्माप्रति हार्दिक कृतज्ञ छु । शोधकार्यप्रति विशेष सहयोग पुऱ्याउने प्राध्यापक गोरखनाथ सुवेदी, कुलचन्द्र पौडेल पनि यस सन्दर्भमा अविस्मरणीय हुनुहुन्छ । शोधपत्र तयार गर्न प्रेरित गर्दै समुचित वातावरण सिर्जना गर्ने मेरो परिवारप्रति म ऋणी छु । शोधपत्र तयार गर्ने क्रममा छिटो छरितो रुपमा टङ्कण गरी सहयोग गर्नुहुने शर्मा डेस्कटप बेनीका प्रमोद शर्माप्रति विशेष आभारी छु ।

अन्त्यमा प्रस्तुत शोधपत्रलाई उचित मूल्याङ्कनका लागि पृथ्वी नारायण क्याम्पस, नेपाली विभाग पोखरा समक्ष पेश गर्दछु ।

मिति : २०७२/०५/२२

(८-९-२०१५ ई.)

शोधार्थी

**शिवदत्त रेग्मी**

पृथ्वी नारायण क्याम्पस

पोखरा

# विषय सूची

## परिच्छेद - एक


| | |
|---|---|
| १. शोध परिचय | १ |
| १.१. शोध शीर्षक | १ |
| १.२. शोधकार्यको प्रयोजन | १ |
| १.३. विषय प्रवेश | १ |
| १.४. शोध समस्या | २ |
| १.५. शोधपत्रको उद्देश्य | २ |
| १.६. पूर्वकार्यको समीक्षा | ३ |
| १.७. शोधकार्यको औचित्य | ९ |
| १.८. शोत्रपत्रको सीमाङ्कन | ९ |
| १.९. सामग्री सङ्कलन विधि | ९ |
| १.१०. सामग्री विश्लेषण | १० |
| १.११. शोधपत्रको रूपरेखा | १० |


## परिच्छेद-दुई

## ध्रुवलाल शर्माको परिचय र व्यक्तित्व


| | |
|---|---|
| २.१. ध्रुवलाल शर्माको जीवनीगत परिचय | १२ |
| २.१.१. जन्म र नामकरण | १२ |
| २.१.२. बाल्यकाल र उपनयन | १३ |
| २.१.३. शिक्षादिक्षा | १३ |
| २.१.४. पारिवारिक स्थिति | १४ |
| २.१.५. आर्थिक अवस्था | १४ |
| २.१.६. पेसागत संलग्नता | १५ |
| २.१.७. संस्थागत आबद्धता | १६ |
| २.१.८. सम्मान तथा पुरस्कार | २० |
| २.१.९. जीवन दर्शन | २१ |
| २.२. ध्रुवलाल शर्माको व्यक्तित्व | २१ |
| २.२.१. ध्रुवलालको व्यक्तिगत व्यक्तित्व र स्वभाव | २२ |
| २.२.२. शैक्षिक एवम् पेसागत व्यक्तित्व | २२ |

२.२.३. राजनीतिक व्यक्तित्व २३
२.२.४. सामाजिक व्यक्तित्व २३
२.२.५. साहित्यिक व्यक्तित्व २४
२.२.५.१. कवि व्यक्तित्व २४
२.२.५.२. कथाकार व्यक्तित्व २५
२.२.५.३. गीतकार व्यक्तित्व २५
२.२.५.४. कलाकार व्यक्तित्व २५
२.३. निष्कर्ष २६

**परिच्छेद-तीन**

**कविताको सैद्धान्तिक आधार**

३.१. कविताको परिचय २७
३.१.१ कविता सम्बन्धी पूर्वीय विद्वानहरूको धारणा २८
३.१.२. कविता सम्बन्धी पाश्चात्य धारणा ३०
३.१.३. कविता सम्बन्धी केही नेपाली विद्वानको धारणा ३१
३.२. कविताका तत्वहरू ३२
३.२.१. शीर्षक ३२
३.२.२. लय विधान ३३
३.२.३. केन्द्रीय कथ्य भाव वा विचार ३३
३.२.४. संरचना ३३
३.२.५. कथन पद्धति ३४
३.२.६. भाषाशैली ३४
३.२.७. विम्वालङ्कार ३४
३.२.८. उद्देश्य ३५
३.३. कविताका रूपहरू ३५
३.३.१. लघुतम रूप ३५
३.३.२. कविताको लघुरूप ३६
३.३.३ कविताको मझौला रूप ३६
३.३.४ वृहत रूप - महाकाव्य ३६
३.३.५ कविताको वृहत्तर/वृहत्तम रूप ३७

३.४. ध्रुवलाल शर्माका कविताका विश्लेषणका आधार ३७
३.५. निष्कर्ष ३८

## परिच्छेद - चार

## नेपाली कविताको विकास परम्परा र ध्रुवलाल शर्माको कवितायात्रा

४.१. नेपाली कविताको विकासक्रमको रूपरेखा ३९
४.१.१. प्राथमिक काल (वि.सं. १८२६-१९४०) ४०
४.१.२. माध्यमिक काल (वि.सं. १९४१-१९७४) ४१
४.१.३. आधुनिक काल (१९७५ देखि हालसम्म) ४१
४.२. ध्रुवलाल शर्माको कवितालेखन यात्रा र प्रवृत्ति ४३
४.२.१. ध्रुवलाल शर्माको कवितायात्रा ४३
४.२.१.१. पहिलो चरण (वि.सं. २०१८ - २०३६ सालसम्म) ४३
४.२.१.२. कविता यात्राको दोस्रो चरण (वि.सं २०३६ -२०४७) ४४
४.२.१.३. ध्रुवलाल शर्माको कवितायात्राको तेस्रो चरण (२०४७-२०७१) ४६
४.२.२. ध्रुवलाल शर्माका कवितात्मक प्रवृत्ति ४७
४.२.३. ध्रवलाल शर्माका कवितामा राष्ट्रप्रेम ४८
४.३. निष्कर्ष ५०

## परिच्छेद- पाँच

## ध्रुवलाल शर्माका कवितामा राष्ट्रवादी चिन्तन

५.१. शर्माका राष्ट्रवादी चिन्तनका कविताको स्थिति ५१
५.२.१. आमाको सम्झना कविता सङ्ग्रहमा सङ्कलित राष्ट्रिय ... ५३
५.२.१.१. हराएको सूचना ५३
५.२.१.२. घाउ, पीडा र मलहम ५५
५.२.१.३. पहिलो युग ५६
५.२.१.४. बाँकी नै छ ५७
५.२.१.५. आमालाई ५८
५.२.१.६. आऊ ६०
५.२.१.७. नेपाली नाजी र यहुदीहरू ६१
५.२.१.८. हाम्रा जङ्गीपिलरहरू ६२
५.२.१.९. देश परिस्थितिको दास भएको छ ६४

५.२.२. तस्वीरहरू कविता सङ्ग्रहमा सङ्कलित राष्ट्रिय भावना भएका कविताहरू ६५
५.२.२.१. ए माल्दाइ ! तिम्रो पालो त गैसक्यो ६५
५.२.२.२. शान्ति हाँस्न नसकेका घाउहरू ६६
५.२.२.३. पवित्र जल ६८
५.२.२.४ सुनामी र शहादत ६९
५.२.२.५. ......भाग तीन ७१
५.२.२.६. आऊ ... ! एक पटक लोकतन्त्र चाटौं ७२
५.२.२.७. तस्वीरहरू ७३
५.२.३. प्रतिच्छाया कविता सङ्ग्रहमा सङ्कलित राष्ट्रिय भावना भएका कविताहरू ७५
५.२.३.१. तिम्रै जीत भयो ७५
५.२.३.२. रमाएको छु म ७६
५.२.३.३. शर्महीनता ७७
५.२.३.४. मेरो परिचय ७९
५.२.३.५. मुटुभित्रको मायालु ताकम ७९
५.२.३.६. आफ्नै देशमा जाऊ ८१
५.२.३.७. शान्ति ८३
५.२.३.८. शीर्षक : सेवक, सत्ता र सन्तुष्टि ८५
५.२.३.१०. नवविधायकहरूको बाटो ८६
५.२.३.११. स्यालको हुइँया ८८
५.२.३.१२. बुढो चट्टान ८९
५.२.३.१३. दसैं दशा र नशा ९०
५.२.३.१४. जन्म ठाउँ हेर्दा ९२
५.२.३.१५. भूपीको मीठो मुस्ताङ ९३
५.२.३.१६. तिमी भैदिएको भए ९४
५.३. निष्कर्ष ९५

**परिच्छेद - छ**

**उपसंहार**

६.१. सारांश ९६
६.२. निष्कर्ष ९८

# सङ्क्षेपीकृत शब्द तथा चिन्हसूची

| | |
|---|---|
| उ.मा.वि. | - उच्च मध्यमिक विद्यालय |
| नि.मा.वि. | - निम्न माध्यमिक विद्यालय |
| प्रा.वि. | - प्राथमिक विद्यालय |
| मा.वि. | - माध्यमिक विद्यालय |
| वि.सं. | - विक्रम संवत् |
| एस.एल.सी. | - स्कुल लिभिङ सर्टिफिकेट |
| ने.रे.सो | - नेपाल रेडक्रस सोसाइटी |
| पृ.ना. | - पृथ्वी नारायण |
| प्रा. | - प्राध्यापक |
| डा. | - डाक्टर |
| वि.एड. | - ब्याचलर्स अफ एजुकेशन |
| एल.एल.बि. | - ब्याचलर्स अफ ल |
| ‘’ | - शीर्षकबोधक |
| … | - केही अंश छोडिएको |

# परिच्छेद - एक

# शोध परिचय

## १.१. शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **ध्रुवलाल शर्माका कवितामा राष्ट्रवादी चिन्तन** रहेको छ ।

## १.२. शोधकार्यको प्रयोजन

प्रस्तुत शोत्रपत्र त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको (नेपा-५०१-०१) प्रयोजनको लागि प्रस्तुत गरिएको छ ।

## १.३. विषय प्रवेश

मोफसलमा रहेर नेपाली साहित्यको श्रीवृद्धि गर्न चार दशकसम्म निरन्तर प्रयासरत साहित्यकार शर्माको बारेमा सामान्य चिनारी दिइएको छ जसमा जीवनी, व्यक्तित्व र कृतिको सामान्य अध्ययन गरिएको छ । उनका कृतिहरू **आमाको सम्झना** (वि.सं. २०६२), **यौटा कथाको कथा** (वि.सं. २०६३), **खोरभित्रको स्वर** गीति काव्य-१ (वि.सं. २०६४), **तस्वीरहरू** कविता सङ्ग्रह (वि.सं. २०६५), **प्रतिच्छाया** कविता सङ्ग्रह (वि.सं. २०६६), **कोख र काख** खण्डकाव्य (वि.सं. २०६७), **जेल जीवन यात्रा** (यात्रा संस्मरण) (वि.सं. २०६८), **खोरभित्रको स्वर** गीति काव्य-२ (वि.सं. २०६९), **दृष्टि** मुक्तक सङ्ग्रह (वि.सं. २०७०), **आक्रान्त आवाज** आलेख (वि.सं. २०७१) र **यात्राका अनुभूति** नियात्रा (वि.सं. २०७२) प्रकाशित छन् । यी कृतिहरूमध्ये आमाको सम्झना, तस्वीरहरू र प्रतिच्छाया

कविता सङ्ग्रहमा सङ्ग्रहित प्रतिनिधिमूलक ढङ्गले ३२ वटा कवितामा देखिएको राष्ट्रवादी चिन्तनलाई नै प्रस्तुत शोधकार्यको अध्ययनको मूल केन्द्र बनाइएको छ ।

### १.४. शोध समस्या

धुवलाल शर्मा नेपाली साहित्यमा कविता विधामा कलम चलाउने आधुनिक कवि हुन् । उनका कवितामा मूलतः राष्ट्रिय भावना प्रबल रूपमा रहेको पाइन्छ । नेपालको ग्रामीण परिवेशमा रहेर आफूले भोगे देखेको नेपाली समाज र यस समाजमा देखिएका देशभक्ति भावनाको खस्कँदो अवस्थाप्रतिको चिन्ता नै उनका कविताहरूको केन्द्रीय विषय बनेर आएको छ । यसरी राष्ट्रिय भावना प्रवल भएका शर्माका कविताको अध्ययन विश्लेषण हुनु आवश्यक छ र यस सन्दर्भमा प्रस्तुत शोधकार्य निम्नलिखित समस्यासँग जोडिन पुगेको छ -

क) धुवलाल शर्माका साहित्य सिर्जनाका प्रेरणाका स्रोत के के हुन् ?

ख) उनका कवितामा के कस्ता विसङ्गति र विकृतिहरू देखाइएको छ ?

ग) उनका कवितामा राष्ट्रिय चिन्तन कसरी अभिव्यक्त भएको छ ?

यिनै सन्दर्भमा देखिएका विविध समस्या केलाउँदै शर्माको कवितामा देखिएको राष्ट्रवादी चिन्तनलाई देखाउने प्रयास नै यस शोध समस्यासँग जोडिएर आएको छ ।

### १.५. शोधपत्रको उद्देश्य

धुवलाल शर्माका हालसम्म प्रकाशित कविताका बारेमा विभिन्न चर्चा परिचर्चा भएको छ । तर उनका कविताको केन्द्रीय कथ्य वस्तु वा चिन्तनका रूपमा प्रस्तुत भएको राष्ट्रवादी चिन्तनका बारेमा त्यति अध्ययन भएको पाइँदैन । त्यसैले प्रस्तुत शोध पत्रको मुख्य उद्देश्य साहित्यकार शर्माको कवितामा रहेको राष्ट्रवादी चिन्तनको अध्ययन, विश्लेषण गर्नु रहेको छ । जुन उद्देश्य निम्न प्रकार छन् :

क)	ध्रुवलाल शर्मा साहित्यिक क्षेत्रमा प्रवेश गर्ने प्रेरणा ककसबाट पाए, सो बारेमा अध्ययन गर्नु,

ख)	शर्माले आफ्ना कवितामा विकृति र विसङ्गतिलाई कसरी देखाएका छन् भन्ने कुराको पहिचान गर्नु,

ग)	देशको अस्तित्व रक्षाको लागि उनका कविताले दिएको राष्ट्रवादी चिन्तन निक्र्यौल गर्नु,

### १.६. पूर्वकार्यको समीक्षा

ध्रुवलाल शर्माले साहित्यका विभिन्न विधामा कलम चलाउँदै आएका छन् । तापनि उनी कविका रूपमा बढी प्रसिद्ध छन् । विद्यार्थी कालदेखि नै कविता लेख्न थालेका शर्माको पहिलो कविता रचना २०१८ सालमा रचिएको '२०१८ सालको सवाई' हो । आधुनिक नेपाली साहित्यको विविध विधामा कलम चलाउने ध्रुवलाल शर्मा प्रगतिवादी साहित्यकार हुन् । उनको बारेमा जीवनी र व्यक्तित्व सम्बन्धी सामान्य अध्ययन गरिएता पनि उनका कवितामा के कस्ता राष्ट्रवादी चिन्तन देखिएका छन्, तिनीहरूका बारेमा चर्चा गरिएका छैनन् । उनका धेरै काव्यकृति र एउटा कथा सङ्ग्रह प्रकाशित छन् । साथै विभिन्न पत्रपत्रिकामा समेत कथा कविताहरू प्रकाशित भएका छन् । नेपाली साहित्यमा उनले पस्किएका यी कृतिहरूको अध्ययन राष्ट्रवादी चिन्तनका दृष्टिले भएको छैन । जीवनको करिब चार दशक लामो समय साहित्यको क्षेत्रमा कलम चलाएका शर्माका कविता कृतिमा राष्ट्रवादी चिन्तनको अध्ययन गरी उनलाई अझै कविताको क्षेत्रमा लाग्न प्रोत्साहित गर्नु आवश्यक छ । शर्माका बारेमा हालसम्म भएका चर्चा परिचर्चाहरू निम्नानुसार छन् -

क)	प्रेम छोटाले ध्रुवलाल शर्मालाई निम्न वर्गीय नेपाली समाजका कविको रूपमा चिनाएका छन् । उनका दृष्टिमा साहित्य महलमा बस्ने, सुखभोग गर्नेको नभई झुप्रा छाप्रामा बस्ने दीनहीनहरूको पक्षमा आवाज उठाउने कवि हुन् शर्मा । त्यसैले नेपाली साहित्यमा ध्रुवलाल शर्मा विद्रोही कविका रूपमा चिनिएका छन् भन्ने धारणा प्रेम छोटाको छ (छोटा, २०६० : ७) । यसरी उनले शर्मालाई चिनाए पनि उनका कवितामा के कस्तो ढङ्गले धनी र गरिब बिचको खाडल पुरेर समानता कायम गर्न सकिन्छ भन्ने कुरा वस्तुनिष्ठ ढङ्गले व्याख्या गरिएको छैन । त्यसैले उनका कवितामा विभिन्न दृष्टिकोणबाट राष्ट्रवादी चिन्तन केलाउन आवश्यक छ ।

ख) 'विन्ती' मासिक पत्रिकामा विनय श्रेष्ठले कवि ध्रुवलाल शर्मा सामाजिक विकृति र विसङ्गतिलाई साङ्केतिक रूपमा नभई प्रत्यक्ष रूपमा व्यक्त गर्ने विद्रोही कविका रूपमा चिनाएका छन् (श्रेष्ठ, २०६२ : ३) । उनले यसरी चिनाए पनि समाजमा के कस्ता सामाजिक विकृति छन्, त्यसले समाज विकासको गतिलाई के कसरी अवरोध उत्पन्न गराएको छ, ती सामाजिक विकृति र विसङ्गतिलाई कसरी हटाउन सकिन्छ भन्ने कुरा कवितामा कसरी व्याख्या गरिएको छ भन्ने विषयमा अध्ययन हुन आवश्यक भएकोले यो अध्ययन कार्य अगाडि बढाइएको छ ।

ग) "आफन्तहरूको नजरमा स्रष्टा" शीर्षकमा भक्त कार्कीले आमाको सम्झना कवितामा देशभक्ति, मानवीय, राष्ट्रिय अस्मिता, जीवन जगतको सार्थकता, दीनदुःखीका पीडा, चित्कार, रोदनका अनुभूति, सामाजिक विकृति विसङ्गति र सत्ता शक्तिको दुरूपयोगको व्यङ्ग्यात्मक शैलीबाट चिरफार गरी साहित्यिक ज्वारभाटा उराल्ने शर्मालाई साहित्य फाँटको जाज्वल्यमान झिल्कोभन्दा फरक नपर्ला भनेर चिनाएका छन् (कार्की, २०६२ : अन्तिम भित्री पृष्ठ) । यसरी कार्कीले शर्मालाई एक देशभक्त भावना, दीनदुःखीका पीडा चित्कारलाई यथार्थ शैलीमा व्यक्त गर्दै अन्याय अत्याचारको विरोध गर्ने, कुसंस्कारको जरो उखेल्ने तथा शोषणरहित समतामूलक समाजको निर्माण होस् भन्ने चाहना राख्ने क्रान्तिकारी र प्रगतिशील कविको रूपमा चित्रित गरेका छन् । उनले समाजका अन्याय, अत्याचार, सहन सक्दैनन् । त्यसैले शर्माले आफ्ना कृतिमा साङ्गोपाङ्गो रूपमा भन्दा पनि अन्याय, अत्याचार र विसङ्गतिको यथार्थ रूपमा विरोध गरेका छन् र उनका कुन कुन कवितामा क्रान्तिकारी भावना तथा राष्ट्रप्रेमका भावना पाइन्छ भन्ने केलाउन बाँकी रहेकोले यो अध्ययन विश्लेषण गरिएको छ ।

घ) "आफन्तको नजरमा स्रष्टा" शीर्षकमा किरण सापकोटाले शर्मालाई काव्ययात्राको एक अविरलयात्री, थुप्रै सर्जकहरू जन्माउने, काव्य पिता, विद्रोही मन, म्याग्देलीले समयमै उत्खनन गर्न नसकेको काव्यखानी, मेरो आस्थाका गुरूदेव, ध्रुवसर, साहित्यका धौलागिरि साहित्यका ध्रुवतारा ...(सापकोटा, २०६२ : अन्तिम पृष्ठ) मा सापकोटाले शर्मालाई अविरल रूपमा बगिरहने साहित्यिक यात्री र सर्जक जन्माउने एक गुरूका रूपमा उभ्याएका छन् । साथै उनले साहित्यका धौलागरि भन्दै म्याग्दी

जिल्लाको चर्चित साहित्यको सारथीका रूपमा लिएका छन् । उनका कृतिहरू कुन कुन प्रकृतिका छन् र के कस्ता भावधारा बोकेका छन् , ती कवितामा के कस्ता राष्ट्रवादी चिन्तन अभिव्यक्त भएको छ भन्ने कुरा अध्ययन गर्न बाँकी भएकोले यो अध्ययन कार्य गरिएको हो ।

ङ) "आफन्तको नजरमा स्रष्टा" शीर्षकमा तारानाथ शर्माले ध्रुवलाल शर्मा नातावाद, फरियावाद तथा सामाजिक फासीवादका विरूद्ध छुराजस्तो थुतुनो चलाउने एक मुखाले भएकैले पौराणिक ध्रुवजस्तै सौतेलो राजनीतिबाट सताइएका व्यक्ति हुन् भनेका छन् । यिनै ध्रुवलाल शर्माले आफ्ना तथा आफूजस्तै पीडितहरूका साझा अनुभवलाई आफ्ना आस्थाको हातद्वारा कलमरूपी छिनो खेलाए भने सामाजिक कुरूपता पनि सुन्दर कला भई राष्ट्रिय साहित्य सङ्ग्रहमा म्याग्दीले सानो कोटा निश्चेछ भन्ने विश्वास तारानाथ शर्माको छ (शर्मा, २०६३ : अन्तिम पृष्ठ) । यसरी तारानाथ शर्माले शर्मालाई नातावाद, सामाजिक फासीवादका विरूद्ध लड्ने साहित्यकार भनी औंल्याएका छन् । तर ती विसङ्गतिका विरूद्ध कसरी लड्ने र निकास खोज्ने भन्ने बारेमा स्पष्ट पार्न सकेका छैनन् । त्यसैले शर्माको प्रस्तुत धारणामा ध्रुवलाल शर्माको कविताको राजनीतिक, सामाजिक, प्रशासनिक क्षेत्रका के कस्ता कमीकमजोरीहरूलाई कसरी चिरफार गरेर राष्ट्रवादी चिन्तन अभिव्यक्त भएको छ भन्ने पहिचान बाँकी रहेको छ ।

च) "आफन्तको नजरमा स्रष्टा" शीर्षकमा राजकुमार थापाले ध्रुवलाललाई क्षतविक्षत जिन्दगीका लागि मलम, तानाशाही सामन्तका लागि आगो र कुसंस्कार एवम् अन्धविशवासका लागि विद्रोही साहित्यकारका रूपमा चिनाएका छन् (थापा, २०६२ : अन्तिम पृष्ठ) । थापाले यसो भने तापनि राष्ट्रिय एकता कायम गर्ने भन्ने बारेमा स्पष्ट नभएकोले शोषणरहित समाजको निर्माणमा कवितामा भएका राष्ट्रवादी चिन्तन पहिचान गर्न सकिएको देखिँदैन ।

छ) होमनाथ सुवेदीले 'प्रतिच्छाया' कविता संग्रहको भूमिकामा ध्रुवलाल शर्मालाई मार्क्सवादी सौन्दर्य शास्त्रका विम्ब, प्रतीक र मर्महरूलाई स्वतस्फूर्त रूपमा उपयोग गरी कविता सिर्जना गर्ने क्रान्तिकारी कविको रूपमा चिनाएका छन् ( सुवेदी, २०६५ : भूमिका खण्ड) । उनले समाज र प्रकृतिको व्याख्या गर्ने क्रममा के

कस्ता बिम्ब र प्रतिकको प्रयोग गरेर व्याख्या गरेका छन् भन्ने कुरालाई अध्ययन गर्न आवश्यक भएकोले यो अध्ययन कार्य अगाडि बढाइएको छ ।

ज) रामचन्द्र सुवेदीले आफ्नो म्याग्दी जिल्लाको साहित्य सर्वेक्षण शीर्षकको स्नातकोत्तर तहको अप्रकाशित शोधपत्रमा ध्रुवलाल शर्माका कविता सामाजिक विषयवस्तुमा आधारित रहेका छन् । उनका कविता प्रगतिवादी स्वर उराल्ने खालका छन् । त्यसैले 'ध्रुवलाल शर्मा सामाजिक प्रगतिवादी स्वर उराल्ने कवि हुन्' (सुवेदी, २०६५: ७)। उनले शर्मालाई यसरी सामाजिक प्रगतिवादी स्वर उराल्ने कविका रूपमा चिनाए पनि समग्रमा उनका कवितामा के कस्ता सामाजिक विषयवस्तु समावेश भएका छन् र उनले ती विषयवस्तुलाई राष्ट्रवादी बनेर के कसरी व्यक्त गरेका छन् भन्ने कुरालाई अध्ययन गर्न बाँकी नै छ ।

झ) सामन्ती परिवारका आफ्नै बाजेले समाजमा गरेको अन्याय अत्याचार गरिब वर्गमाथि गरेको थिचोमिचो प्रत्यक्ष देखेर विरोध गर्दा असह्य भएपछि वाध्य भएर विदेशिनु परेका बुबासँग चिठी आदानप्रदान कवितामै गर्ने गरेका र आमाबाट समेत साहित्य सिर्जनामा लाग्ने प्रेरणा पाएका शर्माले सधैं साहित्य अटाली र महलमा बस्नेका नभई अँध्यारा वस्तीहरूमा बस्नेहरूका मर्म, पीडा र वेदना भरिएका चित्कारको पनि हुनुपर्दछ र मुक्तिको मार्ग प्रसस्ती गर्ने खालको हुनुपर्दछ । शर्माका कविताले यही कुरा बोलिरहेको छ (खत्री, २०७१ : ४) भनेर उनले शर्मालाई भने तापनि अन्याय, अत्याचारका विरूद्ध कसरी आवाज बुलन्द पार्ने भन्ने कुरा विश्लेषण हुन बाँकी नै रहेको छ ।

ञ) अजय मिलन श्रेष्ठले "समर्पण साप्ताहिक पत्रिका"मा "म्याग्दीका सफल र चर्चित १२ व्यक्ति सन् २०१२" शीर्षकको एउटा सानो टिप्पणी प्रकाशन गरी ध्रुवलाल शर्माको कविताको विशेषता बारे जानकारी दिएका छन् । श्रेष्ठले शर्मालाई म्याग्दीका सफल र चर्चित बाह्रजना व्यक्तिहरूको परिचय दिने उनलाई पनि उत्कृष्ट व्यक्तित्वको रूपमा चिनाउने प्रयत्न गरेका छन् । शर्मालाई म्याग्दीका उत्कृष्ट व्यक्तिका रूपमा चिनाउने क्रममा श्रेष्ठले उनलाई सामाजिक विसङ्गति र विकृतिका विरूद्ध आवाज उठाउने तथा गरिब र पीडितहरूप्रति सहानुभूति राख्ने सशक्त कविको रूपमा चिनाएका छन् (श्रेष्ठ, २०६९ : ३-५) । यसरी उनले

ध्रुवलाललाई सामाजिक विसङ्गतिमाथि प्रहार गर्ने कवि भने पनि उनको विश्लेषण अति सङ्क्षिप्त हुनुको साथै तुलनात्मक रूपमा समेत विश्लेषण नभएको हुनाले उनको टिप्पणी अपुरो एवम् दृष्टिकोण विहीन जस्तै बन्न पुगेको छ । त्यसैले उनका कवितामा सामाजिक विसङ्गतिमाथि के कसरी प्रहार गरिएको छ भन्ने कुरा अध्ययन गर्न बाँकी भएकोले यो अध्ययन कार्य गरिएको छ ।

ट) नीराजन शिरीषले 'नवविकल्प साप्ताहिक' पत्रिकामा शर्माका बारेमा छोटो टिप्पणी गर्दै ध्रुवलाल शर्मालाई सामाजिक विसङ्गति र राजनीतिक खेलाडीहरूले प्रदर्शन गर्ने अराजनीतिक गतिविधिका सबैभन्दा उच्च स्तरको विरोधी कवि मानेका छन् ( शिरीष, २०६६ : ४) । शिरीषले यसरी विरोधी भने पनि कुन कुन विषयको विकृति र विसङ्गतिमाथि विरोध गरेका छन्, उनको आफ्नो धारणा के छ, शर्माले सामाजिक विकृति र विसङ्गतिलाई चिरफार गरी कस्तो समाज वा राष्ट्र बनोस् भन्ने कल्पना गरेका छन् वा उनका कवितामा नेपालको राजनीतिक, प्रशासनिक तथा सांस्कृतिक क्षेत्रमा देखिएका विसङ्गति र अराजकतालाई पर्दाफास कसरी गरी सभ्य एवम् सुसंस्कृत समाज निर्माण गर्ने जमर्को गरेका छन् भन्ने कुराको अध्ययन आवश्यक छ ।

ठ) 'म्याग्दीमा जन्मेका ध्रुवलाल शर्मा' शीर्षकमा 'समर्पण साप्ताहिक' पत्रिकामा श्याम बहादुर भावुकले एउटा जीवनी मूलक कविता प्रकाशित गरेका छन् । यसमा उनले शर्माको व्यक्तिगत तथा पारिवारिक जीवन वृत्तान्त प्रस्तुत गरेका छन् । शर्माको कविता यात्रामा प्रवेश, पृष्ठभूमि, आर्थिक सामाजिक अवस्थाको सिलसिलेबार रूपमा विवरण प्रस्तुत गर्दै उनले शर्मालाई सामाजिक विकृति र विसङ्गति विरोधी कविका रूपमा चिनाएका छन् (भावुक, २०६९ : ३) । यसरी भावुकले शर्मालाई क्रान्तिकारी, सङ्घर्षशील, प्रगतिवादी, अन्याय र अत्याचारका विरोधीका रूपमा चिनाए पनि उनका काव्य कृतिमा कुन कुन विषय र क्षेत्रमा के कसरी विरोध गरेका छन् ? भन्ने कुरा देखाउन सकेका छैनन् ।

ड) यसैगरी 'म्याग्दीमा जन्मेका ध्रुवलाल शर्मा-२' शीर्षकमा लेखिएको अर्को जीवनी मूलक कवितामा पनि श्याम बहादुर भावुकले आफ्नै बाजे सामन्ती भएको कारणले ग्रामीण स्तरमा गरिब वर्गमाथि गरिएको शोषण नै उनका लागि असह्य

भएकाले उक्त विरोधी भावनाको विकास भई मानवीय अस्तित्वको लागि संघर्ष गर्न प्रेरणा मिलेको देखाएका छन् । अठार सालदेखि औपचारिक रूपमा साहित्य प्रवेश गरेका शर्मा चौबिस सालबाट राजनीतिमा सक्रीय भएका छन् र उमेरको परिपक्वताकै कारण खुलेर विकृति र विसङ्गतिको विरोध लेखरचना मार्फत् गरेका छन् । उनी हास्यव्यङ्ग्य, गजल, नाटक आदिबाट सामाजिक र राजनीतिक विकृति र विसङ्गतिको विरोध गर्ने म्याग्दीका साहित्यकार हुन् (भावुक, २०६९: ३) भनेर चिनाए पनि श्यामबहादुर भावुकले शर्माका काव्यकृतिमा तिनै सामाजिक राजनीतिक बेथिति र विसङ्गतिप्रति के कस्ता व्यङ्ग्यवाण प्रहार गरेका छन् र विद्यमान समाजको अवस्था कस्तो छ भन्ने कुरा देखाउँदै उनका कवितामा व्यक्त राष्ट्रिय चिन्तन केलाउने प्रयत्न गरेका छैनन् ।

ढ) यसैगरी उनले 'म्याग्दीमा जन्मेका ध्रुवलाल शर्मा-३' शीर्षकको अर्को कवितामा ग्रामीण समाजमा भएको शोषण, अत्याचारका साथै मार्क्सवादी विचारमा आस्थावान शर्माले वर्ग सङ्घर्षको कुरामा जोड दिएर कविता लेखेको कुरालाई पनि बडो महत्वका साथ देखाएका छन् (भावुक, २०६३ : ३) भावुकले ध्रुवलाललाई चिनाउने क्रममा मार्क्सवादी चिन्तन भएका कविको रूपमा चिनाएका भए पनि उनको मार्क्सवादी सैद्धान्तिक आधार र चिन्तनको खास धरातल के हो भन्ने कुरा स्पष्ट पार्न सकेका छैनन् । उनले ध्रुवलाललाई कविताका माध्यमबाट मात्र मार्क्सवादी विचार धाराका कविको रूपमा चिनाउन खोजेको हुनाले भावना पक्ष नै यसमा प्रवल छ । सैद्धान्तिक र वस्तुपरक ढङ्गले यथार्थ धरातलमा रहेर ध्रुवलालको पहिचान गरेका छैनन् । कविता भावनामा आधारित भएकोले वस्तुपरक आधार र यथार्थपरक मूल्याङ्कनको न्यूनतम आधार पनि ग्रहण गर्न सकेको छैन । त्यसैले राष्ट्रवादी चिन्तनका दृष्टिले उनका कविताको अध्ययन गरिएको छ ।

यसरी हेर्दा ध्रुवलाल शर्माको काव्य रचनाका बारेमा अहिलेसम्म जे जति खोज अध्ययन र विश्लेषण गरिएका छन्, ती सबै अपुरा रहेको बुझिन्छ । शर्माको कवितामा पाइने राजनीतिक चिन्तन, व्यङ्ग्य चेतना र सामाजिक पक्षलाई आधार मानेर चर्चा र चिन्तन गरिए पनि राष्ट्रवादी चिन्तनका कोणबाट शर्माका कविताको अध्ययन हुन सकेको छैन । त्यसैले प्रस्तुत शोधपत्र मार्फत् ध्रुवलाल शर्माका कवितामा पाइने राष्ट्रवादी चिन्तन

बारे अध्ययन विश्लेषण प्रस्तुत गरिएको छ । जसबाट शर्माको कवितामा अभिव्यक्त राष्ट्रवादी चिन्तन जनसमक्ष पुग्नेछ ।

## १.७. शोधकार्यको औचित्य

साहित्यका विविध विधामा कलम चलाएका बहुआयामिक व्यक्तित्वका धनी ध्रुवलाल शर्माका कृतिलाई विभिन्न दृष्टिकोणबाट अध्ययन हुन सकेको छैन । सामाजिक, राजनीतिक, प्रशासनिक क्षेत्रमा देखिएका विकृति र द्वन्द्वलाई आफ्ना कृतिहरूमा उजागर गर्ने एक कुशल साहित्यकार शर्माका कृतिहरूको विधागत रूपमा विभिन्न दृष्टिकोणबाट अध्ययन, विश्लेषण नगरिँदा ती कृतिहरू ओझेलमा परेका छन् । ती कृतिहरूमध्ये देशको समसामयिक परिस्थितिलाई चिरफार गरी लेखिएका कविताहरूमा पाइने राष्ट्रप्रेमको भावनालाई नेपाली साहित्यका पाठकका सामु ल्याउन आवश्यक छ र त्यो काम गरिएकाले यस शोध कार्यको औचित्य देखापर्छ ।

## १.८. शोत्रपत्रको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा साहित्यकार ध्रुवलाल शर्माका विभिन्न कृतिहरूमध्ये तिन वटा कृति **आमाको सम्झना, प्रतिच्छाया र तस्वीरहरू**मा सङ्कलित १४८ वटा कविता मध्ये प्रतिनिधिमूलक ढङ्गले ३२ वटा कवितामा भएको राष्ट्रवादी चिन्तनका बारेमा मात्र अध्ययन विश्लेषण गर्ने सीमा निर्धारण गरिएको छ ।

## १.९. सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रमा पुस्तकालयीय स्रोतलाई मूल आधार मानिएको छ । यससका साथै ध्रुवलाल शर्मा, शर्माको परिवारका सदस्यहरू, आफन्तजन एवम् अन्य व्यक्तिसितको छलफल, संवाद आदिलाई पनि कतिपय ठाउँमा सामान्य आधार बनाइएको छ । यसैले मूल आधार पुस्तकीय वा पुस्तकालीय बनाएर तथ्यहरूको वस्तुनिष्ठ विश्लेषण गरी शर्माका कविताहरूको शोध निष्कर्ष निकालिएको छ ।

## १.१०. सामग्री विश्लेषण

यस शोधपत्रमा ध्रुवलाल शर्माको जीवनीको सामान्य परिचयसहित उनका तिन कविता सङ्ग्रहमा सङ्ग्रहीत कविता कृतिको विश्लेषणात्मक ढङ्गले वर्णन गरिएको छ । उनका कवितामा राष्ट्रवादी भावनाको अध्ययन गर्दा तत्कालीन राजनीतिक सामाजिक परिस्थितिको विवेचना गर्नुका साथै प्राकृतिक सौन्दर्यताप्रतिको मोहलाई कसरी व्यक्त गरेका छन् भन्ने कुराको बारेमा विवेचना गरिएको छ ।

ध्रुवलाल शर्माका हालसम्म प्रकाशित आमाको सम्झना-२०६२, तस्वीरहरू -२०६५ र प्रतिच्छाया - २०६६ कविता सङ्ग्रहमा सङ्कलित कवितालाई मुख्य आधार मानेर शर्माको काव्य चिन्तन बारे विश्लेषण गर्न खोजिएको छ । माथि उल्लिखित तिनवटा कविता सङ्ग्रहमा सङ्कलित १४८ वटा कविताहरू विभिन्न विषयमा आधारित छन् । विषयवस्तुका दृष्टिले शर्माका कविताहरू सामाजिक, राजनीतिक, देशभक्ति, प्रकृतिप्रेम, राष्ट्रवादी चिन्तन र संस्कृतिसँग सम्बन्धित देखिन्छन् । सैद्धान्तिक दृष्टिले कविताको विश्लेषण गर्ने विविध आधारहरू छन् । यहाँ अन्य विषयहरु छाडेर शर्माका कवितामा अभिव्यक्त राष्ट्रिय चिन्तनलाई नै अध्ययनको मूल केन्द्रबिन्दु बनाएर विश्लेषण गरिएको छ ।

## १.११. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सङ्गठित र व्यवस्थित बनाउन निम्न अनुरूपका अध्यायहरू विभाजन गरी अध्ययन र मूल्याङ्कन गरिएको छ -

क) पहिलो परिच्छेद : शोधपत्रको परिचय

ख) दोस्रो परिच्छेद : ध्रुवलाल शर्माको परिचय र व्यक्तित्व

ग) तेस्रो परिच्छेद : कविताको सैद्धान्तिक आधार

घ) चौंथो परिच्छेद : नेपाली कविताको विकास परम्परा र ध्रुवलाल शर्माको कविता यात्रा

ङ)	पाँचौं परिच्छेद : ध्रुवलाल शर्माका कवितामा राष्ट्रवादी चिन्तन

च)	छैटौं परिच्छेद : उपसंहार र निष्कर्ष

सन्दर्भ सामग्री

परिशिष्ट - क

परिशिष्ट - ख

# परिच्छेद-दुई

# ध्रुवलाल शर्माको परिचय र व्यक्तित्व

मोफसलमा रहेर नेपाली साहित्यको विकास गर्ने स्रष्टा ध्रुवलाल शर्माका कविताका राष्ट्रवादी चिन्तनले ओतप्रोत भएका कविताको अध्ययन, विश्लेषण गर्ने क्रममा उनको जीवनी, शिक्षादीक्षा, पारिवारिक पृष्ठभूमि, आर्थिक अवस्था, पारिवारिक अवस्था, पेसागत जीवन, सामाजिक संघसंस्थामा उनको भूमिका तथा साहित्यिक क्षेत्रमा उनको योगदानका साथै सेवा निवृत्ति भइसकेपछि उनको दिनचर्याको समेत यहाँ अध्ययन विश्लेषण गरिएको छ ।

## २.१. ध्रुवलाल शर्माको जीवनीगत परिचय

ध्रुवलाल शर्मा नेपाली साहित्यको विकासमा अनवरत रूपले खट्ने साधक हुन् । उनको मुख्य पेसा अध्ययन अध्यापन रहँदा पनि निरन्तर साहित्य सिर्जनामा लागिरहन्थे । सेवा निवृत्त भए पनि उनलाई समाज तथा राजनीतिका विकृति र विसङ्गतिले छुन्छ अनि प्रत्यक्ष रूपमा उनले त्यसको विरूद्धमा कलम चलाउँछन् । त्यसैले सामाजिक यथार्थ धरातलमा रहेर साहित्य सिर्जना गर्ने यस्ता साहित्यकारको जीवनी र व्यक्तित्वको पाटोलाई अध्ययन गर्न आवश्यक भएकोले यो जीवनी र व्यक्तित्वका विविध पक्षहरू बारे अध्ययन गर्ने कार्य गरिएको छ ।

### २.१.१. जन्म र नामकरण

बहुआयामिक व्यक्तित्वका धनी ध्रुवलाल शर्माको जन्म म्याग्दी जिल्ला अर्थुङ्गे गाउँ विकास समिति वडा नं. ५ (हाल बेनी नगरपालिका वडा नं. ८) नेवारबारी भन्ने ठाउँमा वि.स. २००६ साल जेठ १७ गते सोमबारका दिन बुबा गंगादत्त शर्मा पौडेल र आमा

मन्दोदरी शर्मा पौडेलको कोखबाट प्रथम सन्तानको रूपमा भएको हो । तर शर्माको नागरिकता अनुसार जन्ममिति २००५ साल २ महिना १७ गते रहेको छ । उनको न्वारनको नाम छवि शर्मा पौडेल रहेको तर स्कुलमा भर्ना हुँदा नाम परिवर्तन गरी ध्रुवलाल शर्मा राखियो (परिशिष्ट : क) ।

### २.१.२. बाल्यकाल र उपनयन

साहित्यकार शर्माका पिता पारिवारिक खटपटको कारण करिब १ वर्षको हुँदा भारतको मुम्बईमा गएका थिए । त्यसकारण पितृ स्नेह र ममताबाट टाढै रहेर उनको बाल्यकाल बितेको थियो । आमाको न्यानो माया, ममता र स्नेहमा बाल्यकाल सुखद रूपमै बितेको पाइन्छ । तैपनि आमाले घर व्यवहार चलाउनु पर्ने, कृषि, सामाजिक कार्य आदिमा भ्याउनु पर्दा उनको बाल्यकाल चाहेजस्तो रूपमा सुखद नरहेको देखिन्छ ।

साहित्यकार शर्माको जन्म तत्कालीन समयअनुसार मध्यमवर्गीय शिक्षित सामाजिक अगुवा परिवारका रूपमा भएको थियो । उनको अन्नप्रासन तथा ब्रतबन्ध तत्कालीन आर्य संस्कृति अनुसार पञ्चेबाजा बजाएर भजन कीर्तनका साथ भव्य रूपले भएको थियो । न्वारान विधि आर्य परम्परा अनुसार एघारौं दिनमा नातागोता डाकेर भव्य रूपमा सम्पन्न भएको थियो ।

### २.१.३. शिक्षादिक्षा

शर्मा करिब १० वर्षको हुँदा बेनीबजारस्थित हालको श्री प्रकाश उच्च माध्यमिक विद्यालयमा भर्ना भएका थिए । त्यही विद्यालयबाट २०२६ सालमा दोस्रो श्रेणीमा प्रवेशिका परीक्षा (एस.एल.सी) उत्तीर्ण भए । त्यसपछि करिब १ वर्ष अध्ययन रोकियो  (परिशिष्ट : क) ।

बुबालाई भेट्न जाँदा एकातिर अध्ययन रोकियो भने अर्कोतिर पारिवारिक समस्याले गर्दा रोजगारको निम्ति प्रकाश माध्यमिक विद्यालय बेनीमा वि.सं. २०३८ सालमा शिक्षण पेसामा लाग्नुभयो । त्यहीँ सेवारत रहँदा तत्कालीन सरकारबाट आंशिक सेवाकालीन

छात्रवृत्तिमा वि.सं. २०४३/२०४४ सालमा छनौट भई पृथ्वी नारायण क्याम्पस पोखराबाट शिक्षाशास्त्र संकाय अन्तर्गत विज्ञान मूल विषय लिई प्रमाणपत्र तह (आइ.एड) पास गर्नुभयो । पारिवारिक अवस्थाको कारण सोही क्याम्पसमा वि.एड. मा भर्ना भएर प्राइभेट अध्ययन गर्दै अध्यापन गर्न थाल्नुभयो । अचानक वि.सं. २०४५ सालमा आमाको मृत्यु भएपछि परीक्षा दिन नपाएकोले शर्माको औपचारिक शिक्षा यत्तिकैमा रोकिएको थियो । त्यसपछि शर्मा अध्यापन र समाजसेवामा लागेको पाइन्छ (परिशिष्ट : क) ।

### २.१.४. पारिवारिक स्थिति

साहित्यकार शर्माको पारिवारिक आर्थिक अवस्था तत्कालीन परिवेश अनुसार सम्पन्न नै देखिन्छ । उनको कुल वंश परम्परालाई केलाउँदा जिजुबुबा विचारी, हजुरबुबा जिमुवाल हुनुहुन्थ्यो । उहाँ पनि एक साहित्यकार हुनुहुन्थ्यो । शर्माका बुबा म्याग्दी जिल्लामा एल.एल.बी. पास गर्ने पहिलो व्यक्ति हुनुहन्थ्यो । शिक्षित परिवार भएकाले अन्याय अत्याचार भएको देख्न नसक्ने र तत्काल प्रतिवाद गर्ने भएकोले भूपीको दाइ हितमानको छोरा अनुपमान र हजुरबुबा बलदेवसँगको अन्तरविरोधका कारण शर्माका बुबा विदेसिनु परेको थियो (परिशिष्ट : क) ।

साहित्यकार शर्माको विवाह वि.सं. २०२७ सालमा बागलुङ जिल्ला ओढारचौरकी सुश्री श्रीहरीसँग वैदिक परम्परा अनुसार सम्पन्न भयो । शर्माका हाल दुई छोरा विनोद शर्मा र प्रमोद शर्मा, छोरी कविता शर्मा गरी ३ छोराछोरी र २ नाति एक नातिनी गरी ९ जनाको परिवार छ । शर्माका दुबै छोरा र छोरी तिनै जना नेपाली साहित्य सिर्जनाका क्षेत्रमा तल्लीन छन् । यस प्रकार शर्माको पारिवारिक पृष्ठभूमिलाई हेर्दा ३/४ पुस्ता देखि नै सबै पिँढीले नेपाली साहित्यमा अमूल्य योगदान दिएको पाइन्छ ।

### २.१.५. आर्थिक अवस्था

अर्थुङ्गे गाउँ विकास समितिको वडा नं. ५ हाल बेनीनगरपालिका वडा नं. ८ नेवारबारीमा करिब ४५ रोपनी खेतबारी (खरबारी समेत) घर फूलबारी रहेको, शर्माको

आफ्नो पेन्सन, छोराछोरी बुहारी जागिरे भएकोले उनको आर्थिक अवस्था सामान्यतया मध्यम खालको मानिन्छ ।

### २.१.६. पेसागत संलग्नता

धुवलाल शर्माको जागिरे जीवनमा धेरै उतारचढाव भएको पाइन्छ । रोजगारीका धेरै क्षेत्रमा हात हालेको पाइन्छ । एस.एल.सी. पास गरिसकेपछि पारिवारिक बेमेलकै कारण घरमा बस्न सक्ने अवस्था नभए पछि शर्माका बुबा मुम्बई प्रवासी जीवन बिताई त्यहीँ नै बसिरहेका हुँदा त्यही क्रममा शर्मा बुबालाई भेट्न त्यहाँ गएका थिए । मुम्बई पुगेका शर्माले त्यही नै लिफ्टमेन भई हेल्परको काम गरेको, त्यसपछि दोस्रो पटक कम्पनीमा सेक्युरिटी सुपरभाइजर भएको र ड्राइभरको समेत काम गरेको जानकारी हुन्छ । शर्माका बाबुछोरा बिच घरव्यवहार, समाज तथा राष्ट्रिय सरोकारका विषयमा सधैं बहस चल्दथ्यो, खटपट भइरहन्थ्यो । जसबाट बाबुछोरा बिच त्यति राम्रो मेल नभएकाले उनको मुम्बई बसाइ त्यति लामो भएन । मुम्बइमा करिब ४/५ वर्ष नोकरी गरेर उनी म्याग्दी फर्के र अर्थुङ्गेबाट बाँकेको नेपालगञ्जमा बसाइसराई भयो । शर्मा बाँकेमा बस्दा ड्राइभिङ्ग तथा पेट्रोल पम्पमा काम गरेपछि शिक्षण पेसामा लागेको पाइन्छ ।

त्यसपछि उनको परिवार २०३८ सालमा विविध कारणवश म्याग्दी फर्कनु पर्‍यो । हाल उनी अर्थुङ्गे गा.वि.स. (बेनी नगरपालिका) मै बसोबास गरिरहेका छन् भने म्याग्दी लगायतका विभिन्न जिल्लाका निम्न विद्यालयमा अध्यापन गरेको पाइन्छ ।

शर्माले अध्यापन गरेका विद्यालयहरू निम्ननानुसार छन् -

| क्र.सं. | विद्यालयको नाम, ठेगाना | अध्यापन गरेको मिति |
|---|---|---|
| १ | श्री राष्ट्रिय निम्न माध्यमिक विद्यालय, नेप्टेचौर, घतान | वि.सं. २०३२ वैशाख ०४ देखि २०३२ जेठ ०२ |
| २ | श्री थाकनपोखरी प्राथमिक विद्यालय, थाकनपोखरी, अर्थुङ्गे | वि.सं. २०३२ जेठदेखि २०३२ भाद्र |

| क.सं. | विद्यालयको नाम, ठेगाना | अध्यापन गरेको मिति |
|---|---|---|
| ३ | श्री अर्जुन उच्च माध्यमिक विद्यालय, भकुण्डेचौर, म्याग्दी | वि.सं. २०३२ भाद्रदेखि २०३४ कार्तिक |
| ४ | श्री जामुनाखर्क उच्च माध्यमिक विद्यालय, अर्थुङ्गे, म्याग्दी | वि.सं. २०३४ कार्तिक २९ देखि २०३५ कार्तिक ३० |
| ५ | श्री राष्ट्रिय निम्न माध्यमिक विद्यालय, मनकामनापुर बाँके | वि.सं. २०३५ पौषदेखि २०३९ |
| ६ | श्री प्रकाश माध्यमिक विद्यालय, अर्थुङ्गे, बेनी | वि.सं. २०३९भाद्रदेखि २०४८ |
| ७ | श्री सरस्वती माध्यमिक विद्यालय, जोहाङ्ग, गुल्मी | वि.सं. २०४८ पौषदेखि २०५० जेठ |
| ८ | श्री ईश्वरी प्राथमिक विद्यालय, पैयुँपाटा, भार्से गुल्मी | वि.सं. २०५० जेठ ०२ देखि २०५२ |
| ९ | श्री प्रकाश उच्च माध्यमिक विद्यालय, बेनी, म्याग्दी | वि.सं. २०५२ `देखि २०६५ सम्म |
| १० | विन्धवासिनी माध्यमिक विद्यालय, पोखरा, कास्की | (अध्यापन शिक्षण - २०४४) |

यसरी ४ वटा जिल्लाका ९ वटा भन्दा बढी विद्यालयमा अध्यापन गरी वि.सं. २०६५ जेठ १७ गते नागरिकता अनुसार साठी वर्ष उमेर पूरा भएकाले ५९ वर्षको उमेरमा अनिवार्य अवकास पाए । करिब ३३ वर्ष लामो समय शिक्षण गरे पनि निवृत्तिभरणको लागि धेरै प्रयास गर्नुपऱ्यो ।

## २.१.७. संस्थागत आबद्धता

बहुआयामिक व्यक्तित्वका धनी शर्मा साहित्यिक क्षेत्रमा मात्र नभएर सामाजिक र राजनीतिक व्यक्तित्वका रूपमा पनि चिरपरिचित छन् । विभिन्न संघसंस्थामा आबद्ध हुने र

संस्थागत विकासको लागि मरिमेट्ने शर्मा आफूलाई आबद्ध संस्थाको सक्षम व्यक्तित्वका रूपमा चिनाउन चाहेको पाइन्छ । उनी कतिपय संस्थाहरूमा विगतमा क्रियाशील भई अहिले ती संस्थामा भूतपूर्वको अवस्थामा रहेका र कतिपय संस्थाहरूमा अहिले पनि आबद्ध रहेका छन् । तिनलाई यहाँ पूर्व संलग्न संस्था र हाल संलग्न संस्था गरी देखाइएको छ-

**पूर्व संलग्न संस्था**

सामाजिक भावना र राजनीतिक चेतना भएको व्यक्ति सीमित पेसामा मात्र अलमलिइरहन सक्दैन । त्यसैले उनी विद्यार्थीकाल (वि.सं. २०२५ साल) देखि नै प्रकाश माध्यमिक विद्यालयको स्वतन्त्र विद्यार्थी युनियन फेडेरेसनको अध्यक्ष भएर आफ्नो राजनीतिक व्यक्तित्व अगाडि बढाएको पाइन्छ भने शिक्षक सङ्गठनका विभिन्न तहमा रहेर पेसागत हकहितका लागि आवाज उठाएको पाइन्छ । यस्तै शान्ति समिति म्याग्दी, युवा क्लब, पुस्तकालय व्यवस्थापन आदि क्षेत्रका विविध तह र पदमा रहेर उनले आफ्नो सामाजिक एवम् शैक्षिक व्यक्तित्व अगाडि बढाएका छन् । उनको पूर्व संलग्नताका क्षेत्रहरू निम्नानुसार छन् :

क) अध्यक्ष - स्वतन्त्र विद्यार्थी युनियन फेडेरेशन, प्रकाश माध्यमिक विद्यालय, बेनी ( वि.सं. २०२५)

ख) सचिव - प्रवासी नेपाली समाज मुम्बई शाखा, भारत (वि.सं. २०२८-२०३१)

ग) इलाका संयोजक - नेपाल राष्ट्रिय शिक्षक संगठन, बाँके (वि.सं. २०३६)

घ) संस्थापक अध्यक्ष - श्री प्रभात युवा क्लब, खजुरा बाँके (वि.सं. २०३६-२०३९)

ङ) संस्था सचिव - विद्यामन्दिर पुस्तकालय, खजुरा बाँके (वि.सं. २०३६-२०३९)

च) सचिव - म्याग्दी पुस्तकालय, म्याग्दी (वि.सं. २०४६)

छ) संस्थापक सदस्य - सूर्यनारायण पुरस्कार संस्था, बेनी, म्याग्दी (वि.सं. २०४८-२०५२)

ज) संस्थापक अध्यक्ष - धौलागिरि सामुदायिक युवा क्लब, अर्थुङ्गे-५, म्याग्दी (वि.सं. २०५३)

झ) केन्द्रीय उपाध्यक्ष - नेपाल राष्ट्रिय शिक्षक संगठन, छैठौं महाधिवेशन (वि.सं. २०५४)

ञ) संस्थापक सचिव - म्याग्दी साहित्यिक समाज (वि.स. २०५९)

ट) सदस्य - नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा, म्याग्दी (वि.सं. २०६०-२०६८)

ठ) संस्थापक संयोजक - स्थानीय शान्ति समिति, म्याग्दी (वि.सं. २०६६)

ड) प्रतिनिधि सदस्य - जिल्ला विकास समिति, म्याग्दी (२०६८-२०७१)

ढ) प्रधान सम्पादक - दर्पण, द्वन्द्व र शान्ति स्मारिका प्रकाशन (स्थानीय शान्ति समिति, म्याग्दी) (वि.सं. २०६९)

ण) सदस्य - मालढुंगा बेनी मोटरबाटो निर्माण समिति, म्याग्दी (वि.सं. २०६४-२०६८)

त) संयोजक - एचआइभी, मानव बेचबिखन तथा सामाजिक विभेद विरूद्ध युवा सशक्तीकरण अभियान, म्याग्दी (वि.सं. २०६६-२०७०)

थ) सदस्य - द्वन्द्वपीडित राहत वितरण उपसमिति, म्याग्दी (वि.सं. २०६७)

**हाल संलग्न संस्था**

बहुमुखी प्रतिभाका धनी ध्रुवलाल शर्मा सेवानिवृत्त भएपछि पनि समाजका विविध क्षेत्रमा संलग्न हुँदै समाजसेवा गर्दै आएका छन् । आफ्नो घरपरिवारको स्वार्थ भन्दा राष्ट्रिय चिन्तन र सामाजिक स्वार्थलाई सर्वोपरी ठान्ने शर्माले समाजसेवा तथा साहित्यिक लेखन कार्यलाई समान गतिमा अगाडि बढाएका छन् । उनको सेवाको प्रकृति हेर्दा सामाजिक सेवा र साहित्यिक क्षेत्र नै बढी देखिन्छ । उनी हाल संलग्न दर्जनौं संघसंस्थामध्ये केही तल प्रस्तुत गरिएको छ ।

क) आजीवन सदस्य - नेपाल राष्ट्रिय शिक्षक संगठन (२०३९)

ख) आजीवन सदस्य - म्याग्दी पुस्तकालय, बेनी, म्याग्दी (२०४६)

गं) आजीवन सदस्य - नेपाल रेडक्रस सोसाइटी (२०५१)

घ) आजीवन सदस्य - म्याग्दी साहित्यिक समाज (२०५२/११/१६)

ङ) आजीवन सदस्य - मधुसूदन स्मृति साहित्य प्रतिष्ठान, म्याग्दी (२०६०)

च) आजीवन सदस्य - पौलस्त्य साहित्य समाज, म्याग्दी (२०६१)

छ) आजीवन सदस्य - पर्वत साहित्य सङ्गम (२०६५)

ज) आजीवन सदस्य - धौलागिरि वाङमय समाज (२०६३ देखि)

झ) अध्यक्ष - म्याग्दी साहित्यिक समाज, म्याग्दी (२०६३ देखि हालसम्म)

ञ) अध्यक्ष - गणतान्त्रिक साहित्य सांस्कृतिक अभियान, म्याग्दी (.२०६४ देखि हालसम्म)

ट) उपाध्यक्ष - धौलागिरि वाङमय समाज, म्याग्दी (२०६३ देखि हालसम्म)

ठ) सल्लाहकार - सुमधु द्वैमासिक, म्याग्दी (२०६३ देखि)

ड) सल्लाहकार - नवसमीक्षा मासिक, म्याग्दी (२०६४ देखि)

ढ) सदस्य - जिल्ला बाल कल्याण समिति, म्याग्दी (२०६९ देखि)

ण) अध्यक्ष - शिक्षक अभिभावक संघ, प्रकाश उच्च मा.वि., बेनी (२०६९ देखि)

त) अध्यक्ष - विद्यालय व्यवस्थापन समिति, जामुनाखर्क उच्च मा.वि., अर्थुङ्गे (२०७० देखि)

थ) सदस्य - सूर्यनारायण पुरस्कार संस्था, म्याग्दी (२०७१ देखि)

द) सदस्य - उपभोक्ता हित संरक्षण मञ्च, म्याग्दी (२०६५ देखि)

ध) सभासद् - म्याग्दी बहुमुखी क्याम्पस, बेनी, म्याग्दी (२०७१)

न) सदस्य - आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति, धौलागिरि (२०७०)

प) संयोजक - आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति, जिल्ला समारोह समिति, म्याग्दी (२०७०)

यसरी साहित्यकार ध्रुवलाल शर्मा सामाजिक तथा राजनीतिक व्यक्तित्वभन्दा साहित्यिक व्यक्तित्वमा बढी संलग्नता देखिन्छ । सेवा निवृत्त भइसकेपछि राजनीतिक पाटोलाई भन्दा समाजसेवा र साहित्य सिर्जनालाई बढी महत्व दिएको पाइन्छ । वर्षको कम्तीमा एक कृति जन्मदिनमा अनिवार्य विमोचन हुनुले पनि यस कुरालाई पुष्टि गर्दछ ।

### २.१.८. सम्मान तथा पुरस्कार

बहुआयामिक व्यक्तित्वका धनी ध्रुवलाल शर्माले नेपाली साहित्यका विविध विधाहरू जस्तैः कविता, कथा, गजल, मुक्तक, निबन्ध, नाटक जस्ता विविध क्षेत्रमा कलम चलाई विभिन्न पुरस्कारहरूद्वारा सम्मानित भएको पाइन्छ । उनलाई जतिबेला सम्मान गरिन्छ, त्यतिबेलादेखि नै आफ्नो उत्तरदायित्व अझै बढेको अनुभव गर्दछन् । उनका राष्ट्रवादी स्वर उराल्ने, समाजका विकृति र विसङ्गतिलाई आफ्ना कृतिमार्फत् पर्दाफास गर्ने साहित्यकार शर्माको लगनशीलता, धैर्यता, निडरपन र साहित्यिक उर्वरतालाई गहन रूपले अध्ययन विश्लेषण भएमा पक्कै पनि अझै धेरै पुरस्कारहरूद्वारा सम्मानित हुन सक्ने आशा लिन सकिन्छ । हालसम्म शर्मा निम्नलिखित पुरस्कारबाट सम्मानित भएको पाइन्छ ।

१. अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज वासिङ्गटन डिसीबाट तस्वीरहरू कविता सङ्ग्रहका लागि धौलागिरि अञ्चल सर्वोत्कृष्ट पुस्तक पुरस्कार प्राप्त, अक्टोवर १२, २००९

२. राष्ट्रिय गजल उत्सव २०६४ बागलुङद्वारा पुरस्कृत

३. ढोरपाटन साप्ताहिक बागलुङको वार्षिकोत्सव कार्यक्रम २०६४ मा सम्मानित

४. नेपाल राष्ट्रिय शिक्षक संगठन म्याग्दीद्वारा दीर्घसेवी सम्मान (२०६४/१२/२९)

५. युनिभर्सल पिस फेडेरेसन नेपालद्वारा म्याग्दीमा साहित्य विधामा एम्बास्डर फर पिसमा छनौट तथा सम्मानित (२०६४)

६. पौलस्त्य साहित्य समाज म्याग्दीद्वारा सम्मानित, २०६६ माघ १६ गते

७. सूर्यनारायण पुरस्कार संस्थाबाट १२ औं सूर्यनारायण पुरस्कारबाट सम्मानित ( २०६८/११/१०)

८. एकता अर्जम सांस्कृतिक समूह, रत्नेचौर, अर्जम म्याग्दीद्वारा मिति २०६९/०७/१० मा सम्मानित

९. नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, भानुमक्त आचार्य द्विशतवार्षिक समारोह समितिद्वारा प्रशस्तिपत्र (स्वर्ण पदक समेत) - २०७१/०३/२९

१०. आदित्य प्रतिभा स्मृति प्रतिष्ठान, बागलुङबाट सम्मानित, २०७१ माघ १८

११. बुलबुल द्वैमासिक साहित्यिक पत्रिका, बेनी, म्याग्दीद्वारा सम्मानित (२०७१)

माथि उल्लिखित पुरस्कार र सम्मानका अतिरिक्त शर्मा जिल्ला स्तरीय सांस्कृतिक साहित्यिक तथा अन्य क्षेत्रमा सेवा गरेवापत अध्ययनका क्रममा तथा विभिन्न जिल्ला स्तरीय अञ्चल स्तरीय कविता प्रतियोगितामा सम्मानित एवम् पुरस्कृत भएको पाइन्छ।

### २.१.९. जीवन दर्शन

शर्मा मार्क्सवादी चिन्तनयुक्त साहित्यकार हुन् । त्यसैले उनका कृतिहरूमा निम्नवर्ग र उच्च वर्गका पात्रबिच द्वन्द्व पाइन्छ । उनी निम्न वर्गका पात्रका पक्षधरमा उभिएको पाइन्छ भने सम्भ्रान्त पात्रसँग रूष्टता देखाएको पाइन्छ । आध्यात्मिकतातर्फ हेर्दा अध्यात्मवादका राम्रा पक्षलाई आत्मसात गर्नुपर्दछ भन्ने उनको धारणाा छ (परिशिष्ट : क)।

## २.२. ध्रुवलाल शर्माको व्यक्तित्व

ध्रुवलाल शर्मा बहुमुखी व्यक्तित्वका रूपमा देखिन्छन् । शिक्षा, साहित्य लेखन, राजनीति, समाजसेवा र कलाकारिता जस्ता विभिन्न क्षेत्रमा बाँडिएका उनको व्यक्तित्व पहिल्याउने विभिन्न आधारहरू छन् । जसको विश्लेषण निम्नानुसार गर्न सकिन्छ ।

### २.२.१. ध्रुवलालको व्यक्तिगत व्यक्तित्व र स्वभाव

झट्ट हेर्दा होचा जस्ता देखिने, हँसिलो मात्र नभई फूर्तिला शर्मा मझौला कद र गहुँगोरो वर्णका छन् । ६६ वसन्त पार गरेर पनि समाजसेवा, साहित्यिक क्षेत्रमा तल्लीन छँदा युवा अवस्था जस्तै जोशिलो प्रवृत्ति देखाउँछन् । सानो झोला भिर्नु, डायरी र कलम साथमा राखी हिँड्ने र जहाँ जतिबेला मनमा कुनै विषयवस्तु प्रतिबिम्बित हुन्छ, त्यसमा घोरिएर साहित्य सिर्जना गर्नु, साथीसँग छिटै घुलमिल हुनु, अन्याय अत्याचारको घोर विरोध गर्नु, कृषिसँग सम्बन्धित सम्पूर्ण काम उत्साहपूर्ण तरिकाले गर्नु र धर्तीमा जन्मिएपछि श्रमविना बाँच्न खोज्नु मरेतुल्य हुन्छ भन्नुले उनी एक परिश्रमी र स्वालवम्बी प्रवृत्तिका छन् भन्ने कुरा बुझिन्छ ।

### २.२.२. शैक्षिक एवम् पेसागत व्यक्तित्व

शर्माको पेसागत जीवन पनि निकै उतारचढावयुक्त रहेको पाइन्छ । स्वदेश एवम् विदेशका विभिन्न सोह्र वटा पेसामा संलग्न हुँदै उनी अन्तमा शिक्षण पेसाबाट श्री प्रकाश उच्च माध्यमिक विद्यालयबाट सेवा निवृत्त भएका छन् । पेसागत जीवनमा शर्मालाई कसैले कुनै बेला कमी कमजोरी देखाएर दोष लगाएका थिएनन् (परिशिष्ट : ख) । आफ्नो पेसालाई सधैं अनुशासित र मर्यादित बनाउने तर्फ नै उनको विशेष सतर्कता हुन्थ्यो । उनले शिक्षण गरेका विद्यालयहरू निम्नानुसार छन् :

| क्र.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री राष्ट्रिय निम्न माध्यमिक विद्यालय | नेप्टेचौर, घतान, म्याग्दी |
| २ | श्री थाकनपोखरी प्राथमिक विद्यालय | थाकनपोखरी, अर्थुङ्गे, म्याग्दी |
| ३ | श्री अर्जुन उच्च माध्यमिक विद्यालय | भकुण्डेचौर, म्याग्दी |
| ४ | श्री जामुनाखर्क उच्च माध्यमिक विद्यालय | अर्थुङ्गे, म्याग्दी |
| ५ | श्री राष्ट्रिय निम्न माध्यमिक विद्यालय | मनकामनापुर बाँके |
| ६ | श्री प्रकाश माध्यमिक विद्यालय | अर्थुङ्गे, बेनी |
| ७ | श्री सरस्वती माध्यमिक विद्यालय | जोहाङ्ग, गुल्मी |

| | | |
|---|---|---|
| ८ | श्री ईश्वरी प्राथमिक विद्यालय, पैयुँपाटा | भार्से गुल्मी |
| ९ | श्री प्रकाश उच्च माध्यमिक विद्यालय | बेनी, म्याग्दी |
| १० | विन्ध्वासिनी माध्यमिक विद्यालय | पोखरा, कास्की |

यसरी विभिन्न विद्यालयमा गरी करिब ३३ वर्ष अध्यापन गरी देशको शैक्षिक विकासमा उनले महत्वपूर्ण योगदान दिएको पाइन्छ ।

### २.२.३. राजनीतिक व्यक्तित्व

जीवनको महत्वपूर्ण पाटो शिक्षण र साहित्य क्षेत्र रहे पनि शर्मा राजनीतिमा पनि उत्तिकै सक्रिय रहेको पाइन्छ । वि.सं. २०२५ सालमा प्रकाश उच्च माध्यमिक विद्यालयमा स्वतन्त्र विद्यार्थी युनियन फेडरेशनको अध्यक्ष भएदेखि नै शर्माको राजनीतिक जीवन सुरूआत भएको पाइन्छ । शर्मा मुम्बइमा रहँदा प्रवासी नेपाली समाज मुम्बई शाखाका सचिव भएका थिए । (परिशिष्ट : क)

शिक्षण पेसामा रहँदा पनि शर्मा शिक्षकको पेसागत हकहितका निम्ति संघर्षशील रहन्थे र हालसम्म पनि शिक्षकका पेसागत हकहितका लागि हुने आन्दोलन एवम् संघर्षहरूमा सक्रियताका साथ लागेको पाइन्छ । सेवामा रहँदा नेपाल राष्ट्रिय शिक्षक संगठनको संस्थापक सदस्यबाट केन्द्रीय उपाध्यक्षसम्मको कार्यभार सह्माल्न सफल भएका थिए । शिक्षकका पेसागत हकहितमा सङ्घर्ष गर्दा तत्कालीन राज्य सरकारबाट अनेकौं मानसिक र शारीरिक यातना भोगेका थिए । उनी स्पष्ट राजनीतिक विचारधारा भएका र अन्याय अत्याचारका विरूद्धमा निडर रूपले लाग्ने भएकोले समाजका शोषक वर्गहरू उनीबाट सधैं सतर्क हुन्छन् ।

### २.२.४. सामाजिक व्यक्तित्व

शर्माको सामाजिक व्यक्तित्व पनि उत्तिकै प्रखर रूपमा रहेको पाइनछ । उनले समाजमा हुने गरेका अन्धपरम्परा, बेथिति हटाउन सानैदेखि लागिपरेको पाइन्छ । जसका लागि ब्राह्मणले हलो जोत्नु र दलितहरूसँग सहभोज कार्यक्रममा सहभागी हुनुले प्रष्ट

पार्दछ । सामाजिक उत्थानकै निम्ति उनी हाल जुरेस/युरेस उपसमिति म्याग्दीका संयोजक, एचआइभी एड्स रोकथाम, मानवबेचबिखन तथा सामाजिक भेदभावविरूद्ध सशक्तीकरण अभियान म्याग्दीका साथै विभिन्न विकास निर्माण कार्यमा संलग्न रहेको पाइन्छ ।

### २.२.५. साहित्यिक व्यक्तित्व

शर्मा सामाजिक, राजनीतिक आदि क्षेत्रमा जति गहन लगाव छ, त्यो भन्दा बढी साहित्यिक क्षेत्रमा रहेको पाइन्छ । मोफसलमा रहेर साहित्य सिर्जना गर्ने साहित्यकारहरूमध्ये अग्रपङ्क्तिमा रहेका शर्माले साहित्यका विविध विधामा कलम चलाएका छन् । स्रष्टा एवम् द्रष्टाद्वारा व्यक्तित्वका धनी शर्माको स्रष्टा व्यक्तित्वलाई यहाँ प्रस्तुत गरिएको छ -

शर्माले नेपाली साहित्यका कविता, गीत, निबन्ध, कथा आदि क्षेत्रमा कलम चलाएका छन् । यिनका स्रष्टा व्यक्तित्व कवि, कथाकार, गीतकार र कलाकारका रूपमा अगाडि बढेको देखिन्छ । जसको परिचय निम्नानुसार गरिएको छ :

#### २.२.५.१. कवि व्यक्तित्व

साहित्यकार शर्माको लेखनीको महत्वपूर्ण पाटो नै कविता हो । उनका कवितामा भूपी शेरचनको विशेष प्रभाव पाइन्छ । सुरूमा पद्य कविता लेखेका तर प्रकाशित नभएका भए पनि उनको आमाको सम्झनामा, तस्वीहरू र प्रतिच्छाया तिनवटा कविता सङ्ग्रह प्रकाशित छन् । केही प्रकाशोन्मुख अवस्थामा छन् ।

यिनका कवितामा तत्कालीन नेपाली समाजको अवस्था चित्रण गरिएको छ । समाज, राजनीति, सरकार तथा कर्मचारीतन्त्रले गरेको भ्रष्टाचार र राजनीतिक व्यक्तिहरूले गरेको अनियमितताहरूलाई आफ्ना कवितामा व्यङ्ग्य गरेका छन् । साथै, देशको सीमा सुरक्षा, प्रकृतिप्रेम, तत्कालीन समाजको बेथितिलाई समेत व्यक्त गरेको पाइन्छ ।

### २.२.५.२. कथाकार व्यक्तित्व

शर्माले नेपाली साहित्यको कथाको क्षेत्रमा पनि उत्तिकै कलम चलाएको पाइन्छ । हालसम्ममा उनका कथा स्थानीय तहका केही पत्रिका तथा स्मारिकाहरूमा प्रकाशित छन् भने सङ्ग्रहका रूपमा “एउटा कथाको कथा” प्रकाशित छ । यिनका कथाका विषय नै तत्कालीन सामाजिक, राजनीतिक र प्रशासनिक बेथिति हुन् । उनका कथाहरू प्रगतिवादी विचारधारा (दृष्टिकोण)बाट प्रेरित छन् । द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणले प्रेरित उनका कथामा निम्न वर्गका पात्र प्रति विशेष सहानुभूति देखाइएको पाइन्छ । सबैको सकारात्मक सत्प्रयासबाट समाजमा रहेको जातीय र वर्गीय विभेद हट्ने कुरामा उनी आशावादी छन् । संख्यात्मक रूपमा कमी भए पनि गुणात्मक रूपमा उनका कथा महत्वपूर्ण छन् । यिनका कथाका शीर्षक, विषयवस्तु, पात्रबिचको तालमेल मिलेको पाइन्छ । त्यसैले उनका कथा कलात्मक सीप र विषयवस्तुको संयोजनका दृष्टिले उत्कृष्ट बनेका छन् ।

### २.२.५.३. गीतकार व्यक्तित्व

शर्माको साहित्यिक यात्रा नै गीतिकाव्यबाट सुरू भएको हो । उनको सबैभन्दा पहिलो रचना “यो सालको सवाई” (२०१८) गीतिलयमा रचिएको छ । यस्तै गीतिलयमा लेखिएका उनका गीतिकाव्य खोरभित्रको स्वर भाग १ र २ छन् । जसमा उनले गरिब मानिसका दैनिकी र उनीहरूलाई झुट्टा मुद्धामा दिइएको दुःखलाई स्पष्ट पारिएको छ भने अर्कोतिर राष्ट्रसेवक कर्मचारी र राजनीतिक व्यक्तित्वहरूको कमजोरीलाई समेत पर्दाफास गरेका छन् ।

### २.२.५.४. कलाकार व्यक्तित्व

शर्माको कलाकारिता क्षेत्रमा पनि उत्तिकै महत्वपूर्ण योगदान रहेको छ । समाजका विकृति, विसङ्गति हटाउन जिल्ला तथा क्षेत्रीय स्तरमा नाट्य विधामार्फत् आफ्नो कलाकारिता प्रस्तुत गरेको पाइन्छ तर त्यसै क्षेत्रमा तल्लीन भएर अगाडि बढ्न भने घरायसी व्यवहारले कठिनाई भएको बताउँछन् ।

## २.३. निष्कर्ष

म्याग्दी जिल्लाको अर्थुङ्गे गाउँ विकास समिति वडा नं. ५ (हाल बेनी नगरपालिका वडा नं. ८) मा जन्मिएका ध्रुवलाल शर्मा सानो छँदादेखि नै अध्ययनका साथसाथै विभिन्न संघसंस्थामा आबद्ध भई समाजसेवामा पनि आबद्ध रहँदै आएको पाइन्छ । प्रवेशिका परीक्षा दिएपछि बुबाको खोजीमा मुम्बइ जाँदा त्यहीँ विभिन्न पेसामा आबद्ध भएका थिए । नेपाल फर्केर चार वटा जिल्लाका ९ वटा विद्यालयहरूमा करिब ३३ वर्ष शिक्षण गरेका शर्मा पेसागत हकहितका लागि विभिन्न संघसंस्थामा रहेर काम गरेका छन् साथै राजनीतिक एवम् सामाजिक क्षेत्रमा देखिएका विकृति, विसङ्गति अन्त्य गर्न सशक्त रूपमा कलम चलाएका छन् । उनी साहित्य लेखनका अतिरिक्त गीत, नाटक आदि माध्यमबाट पनि सामाजिक जनचेतना फैलाएको पाइन्छ । सामाजिक असमानता, अन्याय, अत्याचार, शोषण र उत्पीडन अन्त्यका लागि शर्माका विद्रोही भावना हरेक क्षेत्रमा व्यक्त भएका छन् । उनले सधैं गरिब दीनहीनहरूलाई काखा र सामन्त शोषकहरूलाई पाखा लगाउने दृढता लिएको पाइन्छ ।

# परिच्छेद-तीन

# कविताको सैद्धान्तिक आधार

यस अध्यायमा कविताको सैद्धान्तिक परिचय, मानयता, कविताका तत्वहरू, कविता सम्बन्धी पूर्वीय, पाश्चात्य एवम् नेपाली विद्वानहरूको मत, कविताका रूपहरू, ध्रुवलाल शर्माका कविताका विश्लेषणका आधार जस्तै राजनीतिक, सामाजिक, प्राकृतिक, देशप्रेम आदि बारेको अध्ययन विश्लेषण गरिएको छ ।

## ३.१. कविताको परिचय

'कविता' नेपाली भाषामा प्रचलित संस्कृत शब्द हो । 'कवि' आधारपदमा भाववाच्य पछि कर्म वाचक हुन पुगेको 'ता' प्रत्यय लागी कविता बन्न पुगेको छ (उपाध्याय, २०४९ : ६) । कवेः कर्म काव्यम अर्थात् कविको कर्म वा रचनालाई काव्य भनिन्छ । अतः काव्यलाई बुझ्न कवि शब्दसँग परिचित हुनु आवश्यक छ । कुनै विषयको वर्णन गर्न सिपालु व्यक्तिलाई कवि भनिन्छ । 'कवृ वर्णते' धातुबाट कवि शब्दको सिद्धि मान्नुपर्छ भन्ने केही विद्वानहरूको धारणा छ । यी दुबै अवस्थामा कुनै विषयको वर्णन गर्ने व्यक्ति कवि हो (उपाध्याय, २०४९ : ६) ।

पश्चिममा साहित्यिक कृतिका रचयितालाई कवि भनिन्छ (उपाध्याय, २०४९ : ६) । त्यसैले गद्य वा पद्य कविताका रचयितालाई कवि भनिन्छ । चमत्कारपूर्ण, आह्लादजनक, सौन्दर्यमय लेख रचनाका लेखकलाई कवि र त्यस्तो लेख रचनालाई कविता मान्नुपर्ने हुन्छ । यसरी कविको भाव र अनुभूतिको सञ्चार नै कविता हो ।

अङ्ग्रेजी साहित्यका सुप्रसिद्ध स्वच्छन्दतावादी कवि वर्डस्वर्थ पनि यसैलाई समर्थन गर्दै भन्छन् - "तीव्रतम अनुभूतिहरूको अविरल उच्छलन नै कविता हो ।" कविको अनुभूति जति झ्याङ्गिँदै जान्छ, त्यति कविताको आयाम पनि विस्तारित बन्छ । कविले आफू

बाँचेको युग र समाजमा हुने गरेको क्रियाकलापलाई कवितामा उतार्छन् । जतिजति समालोचकहरूले कविताका जुनजुन पक्षलाई बढी जोड दिन्छन्, त्यसैका आधारमा विद्वानहरूले कविता सम्बन्धी परिभाषा र मान्यता औंल्याउने हुँदा कविताको परिभाषामा एकरूपता देखिँदैन । यहाँ कविताको परिभाषाका सन्दर्भमा पूर्वीय, पाश्चात्य तथा नेपाली विद्वानहरूले राखेको मान्यतालाई निम्नानुसार चर्चा गरिएको छ -

### ३.१.१ कविता सम्बन्धी पूर्वीय विद्वानहरूको धारणा

कवितालाई परिभाषित गर्ने क्रममा पूर्वीय मूल्य र मान्यतालाई नियालेर हेर्दा संस्कृत साहित्य शास्त्र हेर्नु पर्ने हुन्छ । संस्कृत साहित्य शास्त्रमा कवितालाई काव्यको सन्दर्भमा हेरिएको छ (चापागाईं नरेन्द्र, २०५१ : १३) । यसरी यहाँ पूर्वीय विद्वानहरूले दिइएका कविता सम्बन्धी केही परिभाषा निम्नानुसार रहेका छन् -

#### क) भामह

पूर्वीय काव्य शास्त्रीय चर्चा गर्दै कवितालाई चिनाउने काम सर्वप्रथम भरतमुनीबाट पाइए पनि उनले नाटकलाई बढी प्राथमिकता दिइएको पाइन्छ । त्यसैले कविताका बारेमा सर्वप्रथम “शब्दार्थौ सहितौ काव्यम्” भनेर कवितामा शब्द र अर्थको सन्तुलन मिलेको हुनुपर्ने आग्रह गरेका छन् (अधिकारी, २०५९ : ६) ।

अलङ्कारवादी आचार्य भएकोले उनले कवितामा शब्दालङ्कार र अर्थालङ्कारका विशिष्ट शब्द र अर्थको सहभावबाट कविता निर्माण हुने बताउँछन् ।

#### ख) दण्डी

आठौं शताब्दीका प्रारम्भका मानिने दण्डीले “शरिरं तावदिष्टर्थ व्यवच्छिन्ना पदावली” अर्थात् अभीष्ट भावपूर्ण शब्द समूह काव्य शरीर हो” (उपाध्याय, २०५५ : ८) भनेका छन् । भामह जस्तै अलङ्कारवादी भए पनि यिनले अर्थालङ्कारलाई बढी महत्व

दिएका छन् । त्यसैले अर्थालङ्कार सौन्दर्य विशिष्ट पदावली नै यिनका मतमा काव्य हो ( पौडेल, २०५७ : २७) ।

**ग) वामन**

आठौं शताब्दीतिरका मानिने रीतिवादी आचार्य वामनले "काव्य शब्दोयं गुण लङ्कर संस्कृतयो शब्दार्थयो वर्तते" अर्थात् गुण र अलङ्कारले परिस्कृत शब्द र अर्थलाई काव्य मानेका छन् (पौडेल, २०५७ : २७) ।

**घ) कुन्तक**

एघारौं शताब्दीका कुन्तक वक्रोन्तिवादी कवि हुन् । यिनको काव्य मान्यता अरू विद्वान्को भन्दा केही भिन्न र मौलिक छ । यिनका अनुसार "शव्दार्थौं सहितौ वक्रकवि व्यापार शालिनी वन्धे व्यवस्थितौ काव्य तद्धिदह्लादकारिणी" जस अनुसार शब्द र अर्थको सहभाव भएको कविको त्यस्तो वक्रतापूर्ण रचनालाई काव्य भनिन्छ । जसले काव्यवेत्ताहरूलाई आह्लाद प्रदान गर्ने सामर्थ्य हुन्छ (पौडेल, २०५७ : २९) ।

**ङ) विश्वनाथ**

यिनी रसवादी चिन्तक चौधौं शताब्दीका विशिष्ट विद्वान मानिन्छन् । "वाक्यम् रसात्मक काव्यम्" अर्थात् रसात्मक वाक्य नै काव्य हो (अधिकारी, २०५९ : ६) भनेर विश्वनाथले रसलाई काव्यको आत्मा मानेका छन् । रसविना कुनै पनि साहित्यको सिर्जना हुन सक्दैन ।

**च) मम्मट**

मम्मटले कविताको परिभाषा दिँदै "तद्दोषौ शब्दार्थौ सगुणावननलंकृती पुनः क्वापि" भन्दै दोषसहित भएका शब्द र अर्थको संयोग भएको तथा गुणले युक्त भएको अवस्थामा कुनै कुनै ठाउँमा अलङ्कार नभए पनि काव्य हुन्छ (अधिकारी, २०५९ : ९) ।

### ३.१.२. कविता सम्बन्धी पाश्चात्य धारणा

पाश्चात्य साहित्यमा कवितालाई पोयट्री भनिन्छ । पोयट्री शब्दको व्युत्पत्ति पोयट शब्दबाट भएको हो । पोयट शब्दको अर्थ रचनाकार वा कवि भन्ने हुन्छ । पोयट्रीको अर्थ कविको कर्म, त्यसैले पश्चिमी साहित्यमा कविको कर्मलाई कविता भनिन्छ साथै पोयट्रीलाई पोयम पनि भनिन्छ (शर्मा र लुइँटेल, २०५७ : १) ।

अरस्तुले आफ्नो 'काव्यशास्त्र'मा छन्दद्वारा गरिएको प्रकृतिको अनुकरण कविता हो (अधिकारी, २०५९ : ७) भनेर परिभाषित गरेका छन् । जोन्सनका विचारमा "कविता छन्दोबद्ध रचना हो, यो बुद्धिका सहायताले कल्पनाको आह्वानद्वारा आनन्दलाई स्थापित गर्ने कला हो" (उपाध्याय, २०४९ : ६) । त्यस्तै कविता जीवनको आलोचना हो तर यो जीवनको आलोचना काव्यगत सत्य र सौन्दर्यका नियमहरूमा बाँधिएको हुन्छ (उपाध्याय, २०४९ : १३) भन्ने धारणा मैथ्यु अर्नोल्डद्वारा व्यक्त भएको छ ।

पाश्चात्य साहित्यका स्वच्छदतावादी कवि कलरिजको विचारमा "कविता विज्ञानको विपरीत विद्या हो किनकि यसको मुख्य लक्ष्य आनन्द हो, सत्य होइन" (उपाध्याय, २०४९ : १५) भन्दै कविताका भाव पक्ष र कल्पना पक्षलाई बढी जोड दिएका छन् । उनका अनुसार "सर्वोत्तम क्रममा आएको सर्वोत्तम शब्द नै कविता हो ।"

अर्का प्रसिद्ध कवि एवम् समालोचक टि.एस. इलियट प्रतिभाको पलायन मान्दछन्, उनी भन्दछन् - "काव्य आत्मा र व्यक्तिको व्यक्तित्वको अभिव्यक्ति होइन, अपितु आत्मा र व्यक्तिबाट पलायन हो" (उपाध्याय, २०४९ : १५) ।

अरिस्टोटल-" कलाले प्रकृतिको अनुकरण गर्दछ ।" (त्रिपाठी र अन्य, २०५३ : ४७)

वर्डस्वर्थ - "कविताप्रवल अनुभूतिहरूको सहज उच्छलन हो, जुन शान्त समयमा संस्मरणका रूपमा मनोवेगबाट प्राप्त हुन्छ ।" (गैरे र आचार्य, २०५९ : ३३२)

माथि कविताका विभिन्न परिभाषाहरूले कवितालाई विभिन्न किसिमबाट चिनाएको पाइन्छ । विद्वान्हरूको परिभाषामा एकरूपता नपाइए पनि कविता कविद्वारा गरिएको रचना हो भन्ने कुरामा सहमत भएको पाइन्छ । जे होस्, सबै विद्वान्हरूले कवितामा

अनुकरणात्मकता, स्वच्छन्दता, कलात्मकता, रागात्मकता, निर्वैयक्तिकता संवेद्यता साङ्गीतिकता, श्रुति कधुरता, रमणीयता जस्ता पक्ष हुनु जरूरी मानेका छन् ।

### ३.१.३. कविता सम्बन्धी केही नेपाली विद्वानको धारणा

नेपाली विद्वान, कवि तथा समालोचकहरूले पनि कविता विधालाई परिभाषित गर्न खोजेका छन् । स्वभावैले पूर्वीय र पाश्चात्य विद्वानहरूको नेपाली विद्वानमा प्रभाव परे पनि उनीहरूले कवितामा आफ्नो मौलिकता दिने प्रयास गरेका छन् । लक्ष्मीप्रसाद देवकोटाले कवितालाई आत्माको स्वच्छन्द उडान ठान्दै "कवि बोलोस् जसरी चराहरू बोल्दछन्, न कि उस्तादहरू कसरत गर्छन्, हृदयले हृदयलाई बोलाओस् कवितालाई न कि आडम्बरलाई" भन्दै कवितामा हार्दिकता, कोमलता, सहजता, स्वतःस्फूर्तता जस्ता स्वच्छन्दतावादी मूल प्रवृत्तिहरू रहनु पर्ने औंल्याउँछन् ।

केदारमान व्यथितका अनुसार "तीव्रगामी कल्पनाको घोडामाथि अनुभूतिको काठी कसी विचारको लगाम कसेर भावुकता चढेको नै कविता हो" (कुँवर, २०५० : ४५) ।

अर्का कवि माधवप्रसाद घिमिरेका अनुसार "शब्द र सङ्गीत अर्थ र अभिप्रायःमा तदाकार जो अनौठो अनुभूति हुन्छ, त्यही नै कविता हो ।" उनले भावनात्मकता र कलात्मकतालाई प्रमुख स्थान दिएका छन् । प्रसिद्ध समालोचक डा. वासुदेव त्रिपाठीले "कविता लयात्मक भाषिक कलाका रूपमा चिनिन्छ, अनि यो सौन्दर्यपरक भाषिक अभिव्यक्ति हो, वाङ्मय पनि हो, भाषिक प्रयोगको क्षेत्र लयात्मक सौन्दर्यको उपज पनि हो ।" यसरी त्रिपाठीले जीवनजगतको लयात्मक सौन्दर्यपरकता र सङ्गीतात्मकता भावविधानलाई कविता मानेका छन् (त्रिपाठी, २०४८ : ४३) ।

यसरी कवि तथा समालोचकहरूले कविता सम्बन्धी उपर्युक्त परिभाषाको अध्ययन गर्दा भावनाको स्वच्छन्द उडान भएको बौद्धिक कोमलता, अनुभूति, कलात्मक भाव विधान, सौन्दर्यपरकता, साङ्गीतिक झङ्कार आदि तत्व भएको विधा नै कविता हुनुपर्दछ ।

### ३.२. कविताका तत्वहरू

साहित्यिक विधा कविताले ऋग्वेददेखि एक्काइसौं शताब्दीको यात्रासम्म आइपुग्दा अनेक रूप र स्वरूप अँगाल्दै आएर आजसम्म यसको निश्चित मानक स्वरूप निर्क्यौल भइसकेको छ (गैरे, २०६० : ६८) । पूर्वीय साहित्य शास्त्रको इतिहासमा सबै विद्वानहरूको कविताका तत्वका बारेमा एउटै मत पाइँदैन ।

यसरी नै अङ्ग्रेजी इलेमेन्ट्सको समानार्थी शब्द तत्व हो । कुनै पनि वस्तुलाई अस्तित्वमा ल्याउने वा निश्चित संरचना प्रदान गर्ने कारक वा अवयवलाई तत्व भनिन्छ ( लुइँटेल र अन्य, २०५८ : ४) । तत्वहरूको योगदानबाट नै सिङ्गो संरचना निर्माण हुन्छ । कविता पनि एक साहित्यिक विधा भएकोले यसका आफ्नै प्रकारका संरचनात्मक तत्व वा घटकहरू हुन्छन् । कवितालाई पूर्णरूपाकृति प्रदान गर्न केही आवश्यक संरचक तत्वहरू हुन्छन् । यिनै संरचक तत्वबाट कविता काव्यको निर्माण हुन्छ । कविताका संरचक तत्वका सम्बन्धमा पूर्व र पश्चिमका विद्वानहरूमा मतैक्य पाइँदैन । पूर्वीय विद्वानहरूले रस, शब्दार्थसौन्दर्य, रीति, ध्वनि आदिलाई काव्यतत्व मानेका छन् । काव्यतत्वलाई आन्तरिक र बाह्य गरी दुई भागमा बाँड्ने प्रचलन पनि छ । जसमा कल्पना, रागात्मक अनुभूति, विवेक, हास परिहास, चमत्कार आदिलाई आन्तरिक र रीतिगुण, औचित्य वा शब्दालङ्कार आदिलाई काव्यको बाह्य तत्व मानिएको छ ।

पाश्चात्य साहित्यमा कल्पना तत्व बुद्धितत्वका साथै शैली पक्षलाई पनि कविताका तत्व मानिएको छ । पश्चिममा विषयवस्तु, संरचना, बिम्ब र प्रतीक, विधान अलङ्कार योजना, वाक्यका विन्यास, भाषाशैली आदिलाई कविताका तत्व मानिएको छ ।

यसरी पूर्वीय तथा पाश्चात्य जगतका विद्वानहरूका विचार अनुसार कविताको निर्माणमा मुख्यतया निम्न तत्वहरूले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् -

#### ३.२.१. शीर्षक

कविद्वारा कविताको नामकरण गरिएको नामरूपी शब्द नै शीर्षक हो । त्यस नामरूपी शीर्षकले कविताको मुख्य भाव विचार वा संरचना वा कवितामा अन्तरनिहीत अन्य महत्वपूर्ण कुरासँग प्रत्यक्ष सम्बन्ध राख्दछ ।

### ३.२.२. लय विधान

लयविधान कविताको आधारभूत तत्व हो । साहित्यका अन्य विधाबाट कवितालाई अलग्याउने तत्व पनि यही हो । कवितामा पङ्क्तियोजना वा पदयोजना साथै तिनमा समाविष्ट र ती भित्रका स्वर र व्यञ्जन वर्णका साम्य वैषम्यबाट जे जस्तो नाद वा सङ्गीत पैदा हुन्छ, त्यो नै कविताको लय हो । अनुच्छेदका पङ्क्ति वा पाउका बिच वर्णको वा मात्राको वा वर्णमात्राको दुबैको नियमित प्रयोग भएमा वद्धलय वा पद्य हुन्छ भने त्यो कम नियमित भएमा मुक्त लय वा गद्यलयको कविता हुन्छ । अन्तरअनुप्रास र अन्त्यानुप्रास मिलेमा मात्र कविताको लय अझ मिठासयुक्त हुन्छ ।

### ३.२.३. केन्द्रीय कथ्य भाव वा विचार

जीवन जगत मानव मन र मानव जगतका सारा अनुभव एवम् कार्यकलापको कथन कवितामा हुन्छ । देशकाल, परिस्थिति, सामाजिक परिवर्तन र व्यवहार, सांस्कृतिक, प्राकृतिक छटा आदिले कविलाई प्रभावित तुल्याउँछ । त्यसलाई कविले आफ्ना रचनामा व्यक्त गर्दै आफ्नो अभिमत व्यक्त गर्दछ । यो नै कविताको कथ्य हो । कविता लेखनका क्रममा एउटै सन्देश दिन खोजिरहेको हुन्छ । सामाजिक, राजनीतिक, प्राकृतिक आदि विषयवस्तुलाई कवितामा व्यक्त गर्न खोजिन्छ । त्यसैले कवितामा कथन गरिएको विषयवस्तुको सार तत्व नै कविताको केन्द्रीय कथ्य हो ।

### ३.२.४. संरचना

कविताको संरचना भनेको त्यसको बनोट वा बुनोट हो । पङ्क्ति, पाउ पाउ मिली अनुच्छेद वा श्लोक बन्नु र श्लोक श्लोक वा अनुच्छेद अनुच्छेद मिली वा परिच्छेद परिच्छेद मिली कविता वा खण्डकाव्य वा परिच्छेद वा सर्गका बिच मूल विषयवस्तु भाव वा विचारको अन्त्य शृङ्खला हुनु नै कविता वा कविताका विभिन्न विधागत उपभेदहरूको संरचनागत पक्ष हो ।

### ३.२.५. कथन पद्धति

साहित्यिक कृतिमा साहित्यकारकै कथन पनि हुने गर्दछ । कवितामा पनि कविको एकालापीय अभिव्यक्ति नै हुन्छ तापनि कवि विशेषको कथन वा ढङ्ग वा पद्धतिमा केही पृथक्ता पनि पाउन सकिन्छ । कवितामा म का कोणबाट कथन गरेको छ भने प्रथमा, उत्तम पुरूषात्मक कथन हो जसलाई कवि प्रौढोक्ति भनिन्छ । कवितामा कविले तृतीय पुरूषात्मक कोणबाट पनि कथन गर्न सक्छ । त्यसलाई कवि निबद्धवक्तृप्रौढोक्ति भनिन्छ ।

### ३.२.६. भाषाशैली

साहित्य भाषिक कला भएकोले भाषाशैली पनि कविताको आधारभूत तत्व हो । कवितामा व्यक्त गर्नुपर्ने मूल विषयवस्तु वा भाव विचारलाई व्यक्त गर्न सबैभन्दा उपयुक्त देखिने वर्ण, शब्द, शब्दावली, वाक्य र अनुच्छेद प्रयोगको चयन कौशल नै कविताको भाषाशैली हो । कवितामा भाषाशैली लाक्षणिक र व्यञ्जनात्मक पनि हुनु ज्यादै राम्रो हुन्छ । साथै, त्यो भाषाशैली रागाात्मक र सौन्दर्यपूर्ण हुनुपर्दछ ।

### ३.२.७. बिम्बालङ्कार

कवितामा व्यक्त भाव र विचारलाई प्रभावकारी बनाउनका निमित्त सम्बन्धित भाव र विचार सँगसँगै छायाजस्तो भई आउने तत्व नै कविताको विम्ब वा अलङ्कार हुन् । जीवन जगतका विभिन्न स्रोतबाट टिपिएका बिम्ब र उपमानको प्रयोग कवितामा गरिएको हुन्छ र तिनले कवितामा गहना वा अलङ्कारको भूमिका खेली कविताको मूल भावलाई प्रभावकारी तुल्याउँछ ।

### ३.२.८. उद्देश्य

कुनै विषयवस्तुमा आधारित भएर भावले भरिपूर्ण अनुभूतिलाई कलात्मक ढङ्गले प्रस्तुत गर्नु नै कविताको उद्देश्य हो । कविताको उद्देश्य कविताभित्र सार्थक समुपयुक्त, प्रभावपरक भाव वा विचार हुनुपर्दछ । कविता वाचन (अध्ययन) पछि उद्देश्यको अर्थ रहेन भने कविता अधुरो हुन्छ, त्यसकारण उद्देश्य पनि कविताको आवश्यक तत्व मानिन्छ ।

## ३.३. कविताका रूपहरू

हरेक साहित्यिक विधाको निश्चित आयाम हुने गर्दछ । कविता पनि साहित्यको महत्वपूर्ण विधा भएकोले रूप अनुसार यसको आयाम रहेको हुन्छ । यो विधा मुक्तकदेखि महाकाव्यसम्म विस्तारित हुन्छ ।

- लघुतम रूप - मुक्तक
- लघुरूप - फुटकर कविता
- मझौला रूप - खण्डकाव्य
- बृहत् रूप - महाकाव्य
- बृहत्तर/बृहत्तम - विकसित महाकाव्य

### ३.३.१. लघुतम रूप

कविताको सबैभन्दा छोटो रूप लघुत्तम रूप हो । जसमा जीवन र जगत सम्बन्धी अत्यन्त छोटो, सानो, आत्मपरक, वस्तुगत, अतिसूक्ष्म आकारको बीज रहेको वा नरहेको कथ्य विषयले एकक्षणको कुनै अनुभूतिलाई छोटकरीमा प्रस्तुत गरेको हुन्छ । यसमा संक्षिप्त, मितव्ययी, चुट्किलो सूत्रात्मक भाव कथनमा झिलिक्क बिजुली झिल्केझैं, झ्वार्र सलाई कोरेझैं अनुभूति र अनुभवको सङ्क्षिप्त स्वरूपको प्रस्फुटन प्रकटीकरण हुन्छ (गैरे,

२०६० : १५, १६) । यसको आयामलाई हेर्दा २, ३ वा ४, ५ पङ्क्ति पाउ वा चरणसम्म फैलिएको हुन्छ ।

### ३.३.२. कविताको लघुरूप

मुक्तकभन्दा ठूलो एकाइ र खण्डकाव्यभन्दा सानो एकाई नै फुटकर कविता हो । विभिन्न पत्रपत्रिकामा प्रशस्त मात्रामा छापिने कविता लघुरूप नै हुन् । संस्कृत वैदिक कविता परम्परामा ऋचाहरू कुनै एक प्रसङ्गका कथन वा वर्णनका क्रममा एक अनुक्रममा आबद्ध भई देखा पर्दा बन्ने सुक्तहरू लघु कविताका रूप हुन् (त्रिपाठी र अन्य, २०६० : ४३) । यसको आयाम श्लोकमा ८/१२/१५/२० श्लोकसम्म विस्तारित हुन्छ ।

### ३.३.३ कविताको मझौला रूप

कविताको लघुरूपभन्दा माथिल्लो र वृहत रूप महाकाव्यभन्दा सानो रूपको बिचको भाग मझौला रूप नै खण्डकाव्य हो । यसमा जीवन र जगतको एक पक्ष र त्यस पक्षलाई एक रसको प्राप्ति पूर्णतामा कवितात्मक संरचनात्मक अभिव्यक्ति आयामभित्र प्रस्तुत गरिन्छ (गैरे, २०६० : १०) । फुटकर कविता भन्दा ठूलो र वृहत कविताभन्दा सानो कम्तीमा १०० श्लोकदेखि १००० श्लोक वा सोभन्दा कम सङ्ख्या भएको आख्यानात्मक पद्यरचनालाई खण्डकाव्य भनिन्छ (त्रिपाठी र अन्य, २०६० : ५३) । लेखनाथको ऋतुविचार, लक्ष्मीप्रसाद देवकोटाको मुनामदन, सिद्धिचरण श्रेष्ठको उर्वशी यसका उदाहरण हुन् ।

### ३.३.४ बृहत् रूप - महाकाव्य

जीवन जगतको समग्र कथ्य विषयवस्तुलाई चारवटै धर्म अर्थ काम मोक्ष र नवै रसको परिपाक प्रयोगसहित कविताको आख्यानीकरणमा आठभन्दा बढी सर्गहरूको संयोजनमा सृजनाको महानदीयात्रा हुनु नै वृहतरूप महाकाव्य हो (आचार्य र गैरे, २०५९ : ३३७) । पूर्वीय संस्कृत परम्परामा सफल कथाका साथै सामान्य महाकाव्यको रूपमा यसलाई सकारिन्छ । पाश्चात्य परम्परामा चाहिँ ललित (कलात्मक) काव्यका रूपमा

यसलाई चिनिन्छ (त्रिपाठी र अन्य, २०६० : ६४) । यस किसिमका महाकाव्यहरूमा भानुभक्तको रामायण, लक्ष्मीप्रसादको शाकुन्तल, सोमनाथको आदर्श राघव हुन् । महाकाव्यभित्र आख्यानीकरण र नाटकीकरणको प्रयोगधर्मिता अँगालिएको हुन्छ ।

### ३.३.५ कविताको बृहत्तर/बृहत्तम रूप

विकसित महाकाव्य सिङ्गो जातिको जीवन जगतको बृहत्तर रूपको कवितात्मक संरचनावद्ध सर्गवन्ध संयोजन विकासनशील महाकाव्य हो । यसमा सिङ्गो जातिकै सभ्यता, संस्कृति, घटना, परिघटनात्मक रूपमा कवित्वमय आख्यानको अनुभूतिमय काव्यकला परिपाकभित्र अनेक रस, अनेक वर्ग, अनेक पक्ष र विषयविषयान्तरको उच्चतर कवितात्मक प्रस्तुति हुन्छ । यसभित्र संस्कृतको आर्य महाकाव्य, वाल्मीकिको रामायण पर्दछ ।

यसरी रूप एवम् स्वरूपलाई हेर्दा सबैभन्दा सानो रूप लघुत्तम (मुक्तक) हो भने सबैभन्दा ठूलो रूप विकसित महाकाव्य हो ।

कविता जीवन र जगतका वास्तविकता प्रतिबिम्बन गर्ने विधामध्ये एक हो । जीवन र जगतका विविध पक्ष कवितामा समेटिएका हुन्छन् । समय परिवर्तनसँग सामाजिक, सांस्कृतिक विषयहरू पनि परिवर्तन हुन्छन् । जसबाट समाजमा राम्रा पक्ष हुन्छन्, तिनलाई अझै सुधार गर्दै जानु र नराम्रा पक्षको विरोध गर्दै सुधार तर्फ उन्मुख हुनु साहित्यकारहरूको कर्म हो । यसैलाई आत्मसात गर्दै मोफसलमा रहेर साहित्य मार्फत् समाजका राजनीतिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा देखिएका विकृतिलाई पर्दाफास गर्न र राष्ट्रिय अस्तित्वको संरक्षण गर्दै ती बिथितीलाई हटाउन कवि शर्माले साहित्यको माध्यमबाट प्रयास गरेका छन् । जुनसुकै विषय र क्षेत्र रहे पनि राष्ट्र मेरो हो, सबै मिलेर बिथिती हटाई समृद्ध राष्ट्र बनाउनु पर्छ भन्ने सन्देश शर्माका कविताले दिन्छन् ।

### ३.४. ध्रुवलाल शर्माका कविताका विश्लेषणका आधार

ध्रुवलाल शर्माका हालसम्म प्रकाशित कविताहरू मूलतः राष्ट्रवादी चिन्तनमा आधारित छन् । नेपाली काव्यलेखन परम्परामा सामाजिक, राजनीतिक जस्ता विषयमा

कविता बढी लेखिएका छन् । त्यसको तुलनामा राष्ट्रवादी चिन्तन भएका कविता कमैमात्र लेखिएको पाइन्छ । कवि शर्माका कविता त्यही अभाव पूरा गर्नेतिर अग्रसर छन् ।

ध्रुवलाल शर्माका हालसम्म तिनवटा कवितासङ्ग्रह प्रकाशित छन् । वैचारिक हिसाबले हेर्दा उनका कविताको विभिन्न आधारमा विश्लेषण गन सकिन्छ तर शर्माका कवितामा अन्य विचारका तुलनामा राष्ट्रिय भावनाबाट ओतप्रोत भएका कविता नै बढी देखिन्छन् । विषयवस्तुका दृष्टिले पनि उनका कविताहरू विविध प्रकारका छन् । तर राष्ट्रिय चिन्तन नै प्रखर रूपमा आएको हुनाले प्रस्तुत शोधपत्रमा प्रखर राष्ट्रिय चिन्तनयुक्त प्रतिनिधिमूलक कविता छनौट गरी ती कविताहरूमा अभिव्यक्त राष्ट्रवादी चिन्तन ( राजनीतिक, सांस्कृतिक, प्राकृतिक, सामाजिक आदि) को कोणबाट मात्र विश्लेषण गर्ने कार्य भएको छ ।

## ३.५. निष्कर्ष

यसरी विभिन्न क्षेत्र र विषयको अध्ययन गर्दै साहित्य वा अन्य विविध क्रियाकलापद्वारा सामाजिक, राजनीतिक र सांस्कृतिक विकृति र विसङ्गगति हटाई राष्ट्रिय अस्तित्वलाई जीवन्त राख्न शर्मा उद्धत रहेका छन् । हिजो सगरमाथाको देश, वीरहरूको देश, शान्तिपूर्ण देश भनेर चिनिएको देश आज अशान्तिको देश, द्वन्द्वको देशका रूपमा देख्दा उनी चिन्तित रहेका छन् । यहाँ सामन्तवादी प्रवृत्ति हावी भएको छ, त्यसको अन्त्यका लागि शर्माका कविता बम र बारूद बनेका छन् भने यहाँका दीनहीन गरिबका निम्ति उनका कविता मलम बनेका छन् । त्यसैले सामाजिक समानता, प्रकृतिप्रेम जस्ता गहन विषयवस्तुको प्रस्तुतिले उनका कवितामा राष्ट्रिय चिन्तन गहन रूपमा अभिव्यक्त भएको पाइन्छ ।

# परिच्छेद - चार

# नेपाली कविताको विकास परम्परा र ध्रुवलाल शर्माको कवितायात्रा

वि.सं. १७९९ मा राज्यारोहण भएपछि पृथ्वी नारायण शाहले आफ्ना बुबाको सदीक्षा पूरा गर्ने क्रममा वि.सं. १८०१ सालमा नुवाकोट विजय गरेपछि साहित्यकारहरूले वीरहरूका बारेमा कविता लेख्न थालेको पाइन्छ । एकीकरण अभियानसँगै नेपाली काव्यलेखन परम्पराले अहिलेसम्म प्रभाव परेको रहेको पाइन्छ । यस अध्यायमा नेपाली कविताको विकास क्रम, त्यसको गतिमा देखिएका मतमतान्तर, नेपाली कवितामा ध्रुवलाल शर्माको योगदान तथा अध्यायको अन्त्यमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ४.१. नेपाली कविताको विकासक्रमको रूपरेखा

कविता साहित्यको एक विधा वा वा भेद हो । साहित्य भाषाका माध्यमबाट प्रकट भएको एक सिर्जनात्मक वा कलात्मक अभिव्यक्ति पनि हो । त्यसैले नेपाली भाषाको थालनी भएदेखि नै नेपाली कविताको प्रस्फुटनको सम्भावना देखापर्दछ (त्रिपाठी र अन्य, २०६० : ९७) ।

नेपाली भाषाको लेखन परम्पराको सबैभन्दा पुरानो सामग्रीको रूपमा वि.सं. १०३८ सालको राजादामुपालको दुल्लु अभिलेख फेला पर्न आएको छ । विक्रमीय ११ औं देखि १८ औं शताब्दीको समयावधी ओगट्ने यस पृष्ठभूमिकालमा अहिलेसम्म मौखिक लोकधाराकै गीति सामग्री सँगसँगै नेपाली कविताको विकास भएको पाइन्छ भने नेपाली भाषामा लेख्य र शिष्ट भाषाको कविताको खास परम्परा चाहिँ बिक्रमको १९ औं शताब्दीमा वि.सं. १८२६ को सुवानन्ददासको “पृथ्वी नारायण” शीर्षक कविता नै नेपाली भाषाको पहिलो कविता मानिन्छ ।

नेपाली साहित्यको काल विभाजनमा मतमतान्तर रहेजस्तो कविताको काल विभाजनमा पनि मतान्तर रहेका छन् । जतिसुकै मतमतान्तर भए पनि हालसम्म मानिएको नेपाली कविता विधालाई निम्नानुसार ३ कालमा विभाजन गरी अध्ययन गरेको पाइन्छ ।

### ४.१.१. प्राथमिक काल (वि.सं. १८२६-१९४०)

मोटामोटी रूपमा प्राथमिक काललाई दुई चरणमा बाँड्न सकिन्छ (त्रिपाठी र अन्य, २०६० : १०४) । ती हुन् :

क) पूर्वार्द्ध चरण (१८२६-१८७२)

ख) उत्तरार्द्ध चरण (१८७३-१९४०)

प्राथमिक कालको पूर्वार्द्ध चरण (१८२६-१८७२) नेपाली कविताको आदिकाल हो । यस कालमा वीरहरूको प्रशस्ति, वीर वन्दना, ऐतिहासिक चेतसहित वीर वन्दना उद्घोष गरिएको हुन्छ । युद्ध वर्णन, राष्ट्रप्रतिको आस्था र राष्ट्रिय एकताको उच्च भावना, राजभक्ति, देशभक्ति मुखरित भएको पाइन्छ । त्यसैले यस काललाई वीरधारा भनी चिनिन्छ । यस धाराका कविहरू सुवानन्ददास, शक्तिबल्लभ अर्याल, उदयानन्द अर्याल, सुन्दरानन्द वाडा आदि हुन् ।

प्राथमिक कालको उत्तरार्द्ध चरण भक्तिकाल हो । यसको समयावधि १८७३-१९४० लाई मानिन्छ । यस कालमा वीर वन्दनाको धारलाई चट्टै नछाडी आध्यात्मिकतातर्फ मोडिएको पाइन्छ । किनकि नेपाल एकीकरणको सिलसिला यथावत रहँदा अङ्ग्रेजहरूबाट नेपालमाथि पटक पटक आक्रमण भयो र नेपाल अङ्ग्रेजसँग पराजित भएपछि सुगौली सन्धी (वि.सं. १८७३) गर्नुपर्‍यो । जसबाट नेपालीहरू निराश भई भगवानको भक्तितर्फ उन्मुख भए । युद्धबाट पराजित मानसिकता ईश्वरीय चिन्तनतर्फ दत्तचित्त भयो । यस धाराका कविहरू यदुनाथ पोखरेल, वसन्त शर्मा, पतञ्जली गजुर्‍याल, इन्दिरस, विद्यारण्य केशरी, रघुनाथ पोखरेल आदि हुन् ।

यस कालका मुख्य विशेषताहरू शासकको स्तुतिगान, राष्ट्रभक्ति र देशभक्तिको भावना, भक्तिरसको प्रधानता, पुराण र धर्मशास्त्र कविताको मुख्य विषयवस्तु, लोकलयको प्रयोग, दार्शनिकता, आध्यात्मिकता र बौद्धिकताको उपयोग आदि हुन् ।

### ४.१.२. माध्यमिक काल (वि.सं. १९४१-१९७४)

नेपाली कविताको माध्यमिक काललाई वि.सं. १९४१ देखि वि.सं. १९७४ सम्मको समयावधिलाई मान्न सकिन्छ । प्राथमिक काल लेखोटको चरण मानिन्छ भने माध्यमिक काल प्रकाशनको काल हो । यो काललाई दुई भागमा बाँड्न सकिन्छ । वि.सं. १९४१-१९६१ पूर्वार्द्ध चरण र वि.सं. १९६२-१९७४ उत्तरार्द्ध चरण । यस चरणको नेतृत्व मोतिराम भट्टले गरेका छन् । उनले नेपाली साहित्यमा शृङ्गारिक धारालाई भित्राएका थिए । त्यतिबेला नेपालमा राणा शासन थियो । राणाहरू भोगविलास, मनोरञ्जनमा लिप्त थिए । त्यसकै प्रभाव साहित्यमा परेको पाइन्छ ।

सामूहिक कवितालेखनको परम्परा समेत विकास भएको पाइन्छ । यसमा पनि भक्तिधारा मौलाएको, शासकस्तुति, नैतिक औपदेशिकता, सांस्कृतिक जागरण आदि विशेषता रहेका छन् (त्रिपाठी र अन्य, २०६० : १११) ।

### ४.१.३. आधुनिक काल (१९७५ देखि हालसम्म)

नेपाली कविताको आधुनिक काल वि.सं. १९७५ देखि अहिलेसम्म पनि निरन्तर गतिशील छ । यस यात्रा क्रममा आधुनिक नेपाली कविताले पूर्वीय काव्य मूल्य र मान्यतालाई अङ्गीकार गर्दै आएको छ । पश्चिमी पुराना १९ औं शताब्दीसम्मका काव्य प्रवृत्ति र मूल्य मान्यतालाई अँगाल्दै क्रमिक रूपमा पश्चिमी नवीन, काव्य प्रवृत्ति र काव्य मूल्यहरूको वरण गर्दै आएको छ । यस क्रममा राष्ट्रिय अन्तर्राष्ट्रिय सन्दर्भहरूले पनि उत्तरोत्तर आधुनिक कवित्वको अभ्युदक रूपमा फड्को मार्दै आएका छन् (त्रिपाठी र अन्य, २०६० : ११३) ।

आधुनिक नेपाली कविताको काललाई पनि दुई भागमा विभाजन गर्न सकिन्छ -

क) पूर्वार्ध चरण (१९७५ देखि २०१६ सम्म)

ख) उत्तरार्ध चरण (२०१७ देखि हालसम्म)

नेपाली कविताको पूर्वार्धमा नेपाली भाषाको नवनिर्माण हुँदै लेख्य व्याकरणको अनुशासनलाई अँगाल्दै शास्त्रीय कविताको परम्परागत धाराबाट पनि प्रेरणा लिई परिस्कारवादी स्वच्छन्दतावादी कविताधारा ग्रहण गरेको हो । नेपाली कविताको पूर्वार्धको यात्रा क्रममा परिस्कारवादी र प्रगतिवादी धारा महत्वपूर्ण मानिन्छ । त्यस्तै नेपाली आधुनिक कविताको उत्तरार्ध (वि.सं. २०१८-२०४६) अन्तर्गत मुख्य २ धार देखिन्छ ।

नेपाली कविताको उत्तरार्ध चरणमा देखिएको प्रयोगवाद एक अपरम्परागत लेखन हो । यसलाई अवचेतन लेखन, अमूर्तलेखन वा स्वचालित लेखनको नामले पनि चिन्न सकिन्छ । प्रयोगवादी धाराले नेपाली कवितालाई पश्चिमको नवकविता लेखनका नजिक पुऱ्याई नेपाली कविताको अन्तर्राष्ट्रिय अद्यावधिक आयामलाई समेटेको छ । तर दुरूहता र क्लिष्टताको चाप भने यस कविता धारामा निकै रहेको छ । मोहन कोइराला यस कविता धाराका प्रवर्तक तथा केन्द्रीय प्रतिभा मानिन्छन् (त्रिपाठी र अन्य, २०६० : १७१) । प्रयोगवादी कवितामा क्लिष्टता, दुरूहता, विचलनयुक्त भाषाशैलीका प्रयोग, निस्सारता, निराशा र अर्थहीनता, समष्टि प्रभावको भावबोध गर्नु पर्ने जीवनीलाई सम्पूर्णताको कोणबाट हेर्ने प्रवृत्ति यस धारा अन्तर्गत देखिन्छ ।

नेपाली कविताको विकास यात्राको उत्तरार्धमा देखिएको अर्को प्रमुख धारा समसामयिक धारा हो । नेपाली प्रयोगवादी धारा एक दशक बित्दानबित्दै राल्फा भोको पिँढी, योङ, राइटर्स फ्रन्ट, बुटपालिस, अमलेख आदि अभियानका नयाँ सम्भावनातर्फ प्रेरित गर्ने नयाँ धारा नै समसामयिक धारा हो (त्रिपाठी र अन्य, २०६० : १३१) ।

यसको समय २०३० देखि वर्तमानसम्मलाई मानिन्छ । प्रयोगवादी कविता जटिल भयो । दुर्बोध्य र दुरूह भयो । यसर्थ कविताले स्वच्छन्दवादी रूढ आग्रह त्यागेर वस्तुपरक यथार्थको चित्रण गर्न थाल्यो । समसामयिक धाराका विशेष चर्चित कविहरू क्षेत्रप्रताप अधिकारी, दिनेश अधिकारी, सरूभक्त श्रेष्ठ, शिव अधिकारी, विजय बजिमय, तोया गुरूङ, अशेष मल्ल, मिनबहादुर विष्ट, फणिन्द्र नेपाल आदि हुन् । यसै क्रममा ध्रुवलाल शर्मा जोडिन आएकोले उनका कविताहरूको अध्ययन एवम् विश्लेषण गरिएको छ ।

## ४.२. कवि ध्रुवलाल शर्माको कविता लेखन यात्रा र प्रवृत्ति

वि.सं. २००६ सालमा म्याग्दीको अर्थुङ्गेमा जन्मिएका ध्रुवलाल शर्माले पहिलो कविता वि.सं. २०१८ सालमा लेखेका थिए । "२०१८ सालको सवाई" शीर्षकको कविताबाट साहित्यिक जीवन सुरू गरेका शर्माका हालसम्म तिनवटा कविता सङ्ग्रह प्रकाशित छन् । शिक्षण, राजनीति, साहित्य, समाजसेवालाई सँगसँगैजसो अगाडि बढाएका शर्माले समय सन्दर्भ अनुसार काव्यको विषयवस्तु छनौट गरेको पाइन्छ । २०१८ सालबाट कवितायात्रा सुरू गरेका शर्माले वैचारिक रूपमा अभिव्यक्त गर्न खोजेका कुरालाई नै यस अध्यायमा प्रस्तुत गर्न खोजिएको छ ।

### ४.२.१. कवि ध्रुवलाल शर्माको कवितायात्रा

ध्रुवलाल शर्माको कवितायात्राका चरणहरूलाई निम्नानुसार व्याख्या गर्न सकिन्छ

पहिलो चरण : वि.सं. २०१८ - २०३६ सम्म

दोस्रो चरण : वि.सं. २०३६ - २०४७ सम्म

तेस्रो चरण : वि.सं. २०४७ - २०७१ सम्म

#### ४.२.१.१. पहिलो चरण (वि.सं. २०१८ - २०३६ सालसम्म)

ध्रुवलाल शर्मा विद्यार्थीकालदेखि नै विद्यालय स्तरमा हुने साहित्यिक कार्यक्रममा कविता, कथा, गजल आदि लेखेर आफ्नो साहित्यिक प्रतिभा देखाउने साहित्यकार हुन् । उनको यो चरण साहित्ययात्राको सुरूवात (प्रवेशी) चरण हो । उमेरको हिसाबले जागरूक, उत्साही उमेर भए पनि साहित्यमा अपरिपक्वता रहे पनि सामाजिक विकृति र विसङ्गति, अन्याय, अत्याचारको छाप तुरून्त मानसपटलमा परिहाल्ने र अग्रज साहित्यकारहरूको कृतिबाट प्रभावित भएर कृति रचना गर्ने साहित्यकार हुन् । विद्यार्थीकालमा पत्रपत्रिका प्रकाशन भएकाले त्यतिबेलाका कृतिहरू अप्रयाप्त रहे पनि '२०१८ सालको सवाई' नामक कविता अहिले पनि प्राप्त छ जसलाई कविता यात्राको सुरू सीमाका रूपमा लिइएको छ ।

जसमा २०१८ सालमा पृथ्वी ध्वस्त हुन्छ भनेर मानिसहरू डराएर घरबाहिर बसेको यथार्थलाई प्रस्तुत गरिएको छ । यस चरणका कविता उनी बुबालाई भेट्न मुम्बई जाँदा त्यहाँ प्रवासी नेपालीले भोग्नु परेका पीडा र वेदना जीवनको निस्सारता, धनी गरिब वर्गमाथि गरेको शोषण, अन्याय, अत्याचार, अर्थहीन मानव जीवनका राष्ट्रप्रेम जस्ता कुरा चित्रण गरिएको छ । यस चरणका कविताहरू निम्नानुसार छन् :

अब होस गर, छी ... ! (२०२७), नमस्ते (२०२८), मरेको म (२०२९), आऊ (२०३०), अवश्य मर्ने छ, यात्रा, भेटिएको डायरी (२०३१), आउँछु (२०३२), मेरो विगत (२०३४), आमालाई जल्नु छ जल (२०३६)

### ४.२.१.२. कविता यात्राको दोस्रो चरण (वि.सं २०३६ -२०४७)

शर्माको कवितायात्राको दोस्रो चरण राजनीतिक परिवर्तनको लागि गरिएको संघर्षको राप र तापको बिचमा हुर्किएको चरण हो । यसमा उनले अर्थपूर्ण जीवनको खोजी गर्नु, मत्स्यन्यायको संसारमा राजनीतिक नेताहरू जनतालाई फोस्रा आश्वासन बाँडेर नियमित राष्ट्रिय ढुकुटी सिध्याउने नेता र सयौं वर्ष पुरानो सामन्ती राजतन्त्रले नेपाली जनतामाथि गरेको शोषण अन्याय अत्याचारको विरोध सशक्त रूपमा गरेका छन् । जीवन के हो ? जीवन कस्तो हुनुपर्दछ ? भन्ने सन्दर्भमा कवि भन्दछन् कि जीवन अर्थपूर्ण र सामाजिक हुनुपर्दछ ।

मोफसली कलमहरू (२०४०) मा धेरै साहित्यकारहरू प्रायः राजधानीमा नै बसेको, देशको परिस्थिति र सामाजिक रीतिस्थिति बुझेर उनीहरूले कलम चलाएको तर राजधानी बाहिर रहेका साहित्यकारहरू निदाएर बसेको प्रसङ्ग मिलाई मोफसलका कलम पनि बुकुरा वस्तहिरूको आवाज बुलन्द पार्न अगाडि बढ्नुपर्दछ । निद्रा त्यागेर जागृत हुन शोषकका लागि चड्कन बनेर र शोषितका लागि मुटुको धड्कन बनेर अगाडि बढ्न प्रेरित गरेका छन् ।

शिक्षक कवितामा जसले शिक्षाको ज्योति बालेर समाज एवम् संसारलाई उज्यालो बनाएको छ, त्यसको महानतालाई सरकार र समाजले बुझ्न सकेको छैन । तैपनि एउटा शिक्षकको नाताले दियो बनेर अगाडि बढ्नुपर्दछ भन्ने सन्देश दिएका छन् ।

समाजको मियो र दियो नै शिक्षक बन्नु पर्दछ भन्ने उनको निष्कर्ष छ । यो चरण उनको हास्यद्वारा व्यङ्ग्यको वाण प्रहार गर्ने चरण पनि हो । 'शान्ति' कवितामा हिन्दू धर्मको पवित्र "हरि ॐ" को मूल मन्त्र वा शब्द नै नेपालको शान्ति स्थापना गर्न नेताज्यूका भाषण पर्याप्त छन् तर व्यवहारमा नेपालीहरूको मनमा आर्थिक, राजनीतिक, सामाजिक कारणले अशान्ति फैलिएको छ ।

आदान र दानाबाट बञ्चित

दीन बन्धुहरूलाई

नक्चरा नेताहरूको शान्ति

ॐ शान्ति ॐ शान्ति ॐ शान्ति

(प्रतिच्छाया कविता सङ्ग्रह -पृष्ठ ४५)

बिम्ब र प्रतीकको प्रयोग गरी लेखिएका उनका कविता गद्यशैलीको भएकोले केही क्लिष्ट छन्; तर समाज र राष्ट्रको यथार्थतालाई आत्मसाथ गरिरहेकै छन । 'नववर्षलाई उपहार' कवितामा कविले समयका पत्र जति पल्टिँदै गए पनि हुनेखाने वर्ग अझै सम्पन्नतातिर र गरिब अझै खाडलतर्फ गएको आभाष मिल्छ । त्यसैले यस कवितामा कविले बयालिस साल यस्तै भए पनि त्रिचालिस साल निम्न वर्गका निम्ति फलदायी होस् भन्ने कामना गरेका छन् । साथै यो सालमा निरंकुश पञ्चायती व्यवस्थाको आयु छोटिने कुराको सङ्केत समेत गरेका छन् । यो चरण राष्ट्र राष्ट्रियताको जगेर्ना गर्ने र सामाजिक विसङ्गतिको तीव्र विरोधको चरण हो । पहिलो चरणका कवितामा बिम्ब र प्रतीकको प्रयोग कम भए पनि यस चरणका कवितामा प्रशस्त बिम्ब र प्रतीकको प्रयोग भएको छ ।

यस चरणमा लेखिएका कविताहरू निम्नानुसार छन् : आमालाई (२०३९), चिम्नी (२०३७), जीवनको परिभाषा (२०३९), कलमहरू (२०४०), नागरिकताको भविष्य (२०४१), शान्ति ( २०४१), हाम्रो जोडी (२०४२/०२/२०), नववर्षलाई उपहार, भूगोल भित्र (२०४३), मृतिकाको ममता, हाटका भाटहरूको छाँट (२०४५), अर्को भूल भएको छ, शिक्षक, बाँकी नै छ (२०४७) ।

### ४.२.१.३. ध्रुवलाल शर्माको कविता यात्राको तेस्रो चरण (२०४७-२०७१)

शर्माको कविता यात्राको तेस्रो चरण उत्कर्षकाल हो । देशमा बढ्दै गएको द्वन्द्व, राजनीतिक खिचातानी, सरकार परिवर्तन, २४० वर्षे राजसंस्थाको अन्त, जन्मभूमि, सोप्रतिको आस्था, आदिलाई विषय बनाएर कविता लेखेका छन् । देश जन्जिरबाट मुक्त हुन खोज्यो तर नेताहरूको अकर्मण्य व्यवहारले प्राप्त प्रजातन्त्र अझै संस्थागत हुन सकेन । यो नै नेपाल र नेपालीको लागि दुर्भाग्य भएको छ । अस्थिर राजनीतिक अवस्थाले देशमा भ्रष्टाचार मौलाएको छ, तस्करी बढेको छ । हाम्रा संस्कृतिहरू दिनानुदिन गरिब गुरूवाको क्षमता बाहिरको वस्तु बनेको छ । २४० वर्षे शाह वंशीय शासन व्यवस्था सदाका लागि अन्त भएको घोषणा गर्दै मुलुक गणतान्त्रिकमूलक बनेको छ तर पनि नेपाली जनताले सुख शान्ति, अमन चैन प्राप्त गर्न सकेका छैनन् । 'कान्जी हाउस भित्र' भनाएको प्रजातन्त्र तथा स्वतन्त्रताले नेपाल प्रजातान्त्रिक मुलुक हुन सक्दैन । हाम्रो अभिष्ट त समतामूलक समाज नै हो र यो मातृभूमिमा कसैले मोजमस्ती र कसैले सास्ती भोग्न नपरोस् । यो नै एक्काइसौं शताब्दीको महानता हो । यस चरणमा संख्यात्मक हिसाबले शर्माले धेरै कविता लेखेका छन् । आमाको सम्झना, प्रतिच्छाया तथा तस्वीरहरू तिनवटै कविता सङ्ग्रह यसै चरणमा प्रकाशित भएका छन् ।

यस चरणमा ठूलाठूला राजनीतिक परिवर्तन भए र ती परिवर्तन उद्देश्य विहीन वा उपलब्धिविहीन बनेर रहेका छन । यिनै अवस्था शर्माका कविताका यस चरणमा फसल बनेका छन् ।

यसरी यस चरणमा लेखिएका कविता निम्नानुसार लिन सकिन्छ :

दसैं, कविता लेख्ने गर्छु, पहिलो युग, निरहको एक रात, झ्वाङहरूलाई, मेरो मृत्युमा (२०४८), नपत्याए नेपाललाई हेर, मेरो बोलपत्र खुल्यो (२०४८), सहिदको भाउ (२०४९), दानेको दिनचर्या (२०५०), सन्तति (२०५२), घाउ पीडा र मलम, हामी (२०५३), दान दिएको नजर, ओदाने सरकार (२०५४), हराएको सूचना (२०५५) अचेल, आन्दोलनलाई सलाम, निर्वाचन, हाम्रा जङ्गी पिलरहरू (२०५७), मेरो हराएको सूचना (२०५८), , देश परिस्थितिको दास भएको छ, मेरा वैशाखीहरू, तिमी भैदिएको भए (२०६१), तस्वीरहरू (२०६५) प्रतिच्छाया कविता सङ्ग्रह (२०६६),

यसरी ध्रुवलाल शर्माले वि.सं. २०१८ सालमा '१८ सालको सवाइ' लेखेर औपचारिक रूपमा सुरू गरेको कविता यात्रा २०७१ सालको दृष्टि मुक्तक सङ्ग्रहसम्म निरन्तरता पाएको छ, निरन्तर साधनारत शर्माले न्यूनतम पनि आफ्नो जन्मोत्सवमा एउटा कृति प्रकाशन गर्ने अठोटले पक्कै पनि शर्मा यस क्षेत्रका अथक साधक हुन् भन्ने कुराको पुष्टि हुन्छ ।

### ४.२.२. कवि ध्रुवलाल शर्माका कवितात्मक प्रवृत्ति

ध्रुवलाल शर्मा धौलागिरि अञ्चलका वरिष्ठ साहित्यकार हुन् । बहुआयामिक व्यक्तित्वका धनी शर्मा कविता, कथा, गीतिकाव्य (प्रकाशित) का साथै निबन्धात्मक तथा अन्य आत्मसंस्मरणात्मक कृतिहरू (अप्रकाशित) लेखेका छन् तापनि कवितामै बढी सिद्धहस्तता रहेको पाइन्छ । समय परिवर्तनशील छ र परिवर्तित समय र परिस्थिति अनुसारको राज्य व्यवस्था, सामाजिक जनजीवनलाई कृतिमा जस्ताको तस्तै व्यक्त गर्ने शर्माका कृतिको अध्ययनबाट निम्नानुसारका प्रवृत्तिहरू केलाउन सकिन्छ -

क) कविता रचना गर्दाको मिति, समय र कविताको शीर्षक चयनको भूमिका शीर्षकको माथि राख्नु उनको आफ्नो छुट्टै मौलिक विशेषता हो ।

ख) कवितामा शब्द संयोजन, छन्दविधानतर्फ भन्दा पनि भावनाको प्रवाहमा जे जस्ता शब्द प्रसङ्गवश आउँछ त्यसैलाई जस्ताको तस्तै राख्नु उनको विशेषता हो ।

ग) प्रायः छन्दोबद्धभन्दा पनि गद्य शैलीमा कविता लेख्नु,

घ) कवितामा बिम्ब र प्रतीकहरूको प्रशस्त प्रयोग गर्नु

ङ) धनी, सामन्त, शोषकवर्गप्रति झटारो हान्दै गरिब र दीनहीनप्रति सहानुभूति व्यक्त गर्नु,

च) अन्य विषयका तुलनामा राजनीतिक विषयवस्तुको बढी प्रयोग गर्नु

छ) कवितामा सामाजिक सुधार, गरिब वर्गको उत्थान, अन्याय र अत्याचारको विरोध गरी प्रगतितर्फ उन्मुख गराउनु,

ज)	युगीन चेतनाले ल्याएको परिवर्तनलाई संस्थागत गर्नेतर्फ चिन्ता पनि उनको काव्यात्मक प्रवृत्तिका रूपमा रहेको छ ।

झ)	कृति मार्फत् मानवतावादी चिन्तनको प्रस्तुति उनको अर्को विशेषता रहेको छ ।

यसरी ध्रुवलाल शर्माले आफ्ना कविताका माध्यमबाट समसामयिक नेपाली जनजीवन वैयक्तिक अनुभूति र युगिन विसङ्गतिलाई आधार बनाएको पाइन्छ । संख्यात्मक रूपमा तिन वटा कविता संग्रह मात्र प्रकाशित भए पनि शर्माका कविताले विषयगत विविधता र प्रस्तुतिमा नयाँपन दिन सफल भएको पाइन्छ ।

### ४.२.३. कवि ध्रवलाल शर्माका कवितामा राष्ट्रप्रेम

राष्ट्र, राष्ट्रियता, राष्ट्रिय प्रकृति, नेपाली संस्कृति, जातीय गौरवका भाव मुखरित हुनु नै राष्ट्रप्रेम हो । राष्ट्रप्रेम मानवीय अन्तः चेतनाको उपज हो । नेपाली माटो, नेपाली प्रकृति, नेपाली संस्कृति र आशावादी जीवन दृष्टिले त्यसलाई सुन्दर, सवल, प्रेरक र जीवन्त पार्नु नै राष्ट्रप्रेम हो । अर्को शब्दमा भन्दा राष्ट्रिय पहिचान दिने, राष्ट्रको गौरव र गरिमा बढाउने, राष्ट्रिय एकता र अखण्डतामा बल पुऱ्याउने, राष्ट्रिय भावनालाई जगाई राष्ट्रबोध गराउने, राष्ट्रिय इच्छा, आकांक्षा, उन्नति प्रगतिमा समर्पित हुने शान्ति सुरक्षा समृद्ध पार्ने जस्ता कार्य गर्नु राष्ट्रप्रेम हो । कला संस्कृति, भाषा साहित्य आदि राष्ट्रिय पहिचानका विषय हुन् । जसको वृहद् र व्यापक रचनामा हिमाल, तराई, डाँडाकाँडा, वनपाखा, खोलानाला, उकाली, ओराली, भञ्ज्याङ, चौराली, पानी पँधेरो, लेकवेंसी, छायाँछवि, खेतबारी आदि प्राकृतिक स्वरूप र भौगोलिक आकृति, रहनसहन, रीतिरिवाज, धर्मकर्म, पूजाआजा आदि सांस्कृतिक गरिमा, धैर्य, साहस, पराक्रम, त्याग, निष्ठा, बलिदान र समर्पण आदि ऐतिहासिक गौरवको अमिट छाप परेको हुन्छ । त्यहाँ राष्ट्रप्रेम झल्कन्छ । साहित्य लेखरचनामा देशलाई माया गर्ने दुई तरिका हुन्छन् । ती हुन् -

पहिलो - देशका राम्रा पक्षहरूको महिमा गान गर्दै तीप्रति जनआस्था र जनविश्वास अभिवृद्धि गरेर

दोस्रो - समाजका विकृति, विसङ्गति, अन्याय, अत्याचार, भ्रष्टाचार, दमन शोषण, अन्धविश्वास, कुरीति, कुपरम्परा जस्ता खराब पक्षइहरूको विरोध गर्दै मानवीय ममता, समानता, स्वतन्त्रता, भ्रातृत्व र एकताको भावना फैलाएर ।

कला केवल कलाका लागि मात्र नभएर समाजका लागि पनि हुनुपर्छ, कला र साहित्य त्यस्ता शक्तिशाली हतियार हुन्, जसले युग परिवर्तन गर्न सक्छन् । त्यसैले साहित्यिक ऊर्जा राष्ट्र निर्माण र राष्ट्रिय जगेर्नाका निम्ति अत्यन्त उपयोगी रहन्छन् र रहनु पनि पर्दछ । जसका साहित्यिक लेखरचनामा राष्ट्रप्रेमको भाव मुखरित हुन्छ, त्यो साहित्य सदा अमर रहन्छ, राष्ट्र र समाजका लागि उपयोगी र मार्गदर्शक रहन्छ ।

राष्ट्रप्रेमका सन्दर्भमा नेपाली कविताको इतिहासलाई हेर्दा आदिकालको प्रथम चरणका कवितामा वीर व्यक्तित्वलाई आलम्वन बनाई उसका बहादुरीको प्रशंसा गर्दै राष्ट्रिय हितमा लाग्न प्रेरित गरिएको पाइन्छ ।

शक्तिबल्लभ अर्याल, यदुनाथ पोखरेल आदि कविका ती कवितामा सोझो रूपमा वीर वन्दना गरिएको र प्रकारान्तरले राष्ट्रको स्वतन्त्रता, स्वाभिमान र समुन्नतिको चाहना अभिव्यक्त गरेको हुन्छ । त्यसपछि माध्यमिक कालमा नेपाली भाषा प्रतिको मोह अँगालेको राष्ट्रप्रेमका अतिरिक्त निश्चित कालखण्डको प्रमुख प्रवृत्तिका रूपमा नभएर बृहत् कविताभित्र समाहित भई राष्ट्रप्रेमी स्वरहरू नेपाली कवितामा व्यक्त हुँदै आएको पाइन्छ ।

नेपाल, नेपाली र नेपाली संस्कृतिको महिमा गान गर्ने सन्दर्भमा लेखनाथ पौडेल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा विशिष्ट प्रतिभादेखि समय र सन्दर्भ मिलाई लेखिएका हरिभक्त कटुवाल, दिनेश अधिकारी, क्षेत्रप्रताप अधिकारी, भूपी शेरचन लगायतका विभिन्न कविका फुटकर कवितामा राष्ट्रप्रेमी स्वरहरू प्रशस्त मात्रामा अभिव्यक्त भएको पाइन्छन् । तर पनि कवि विशेष वा काल विशेषको मूल प्रवृत्तिका रूपमा राष्ट्रवादी स्वर प्रखर रूपमा आउन सकेको छैन । कवि माधव घिमिरेका कवितामा हरेक दृष्टिकोणबाट राष्ट्रवादी स्वर उराल्ने सचेत र प्रतिभाशाली कविका रूपमा चिनिन्छन् तर पनि घिमिरेका सामु कवि ध्रुवलाल शर्माका कविता केही फितलो अवश्य ठहर्छन् तापनि शर्माका कविता, गीतिकाव्य, खण्डकाव्य आदिमा मानव प्रेमको वर्णन होस् वा बदलिँदो राजनीतिक परिवेशमा राजनीतिक दृष्टि या त प्रकृति वर्णनमा, जातीय वा सामाजिक सन्दर्भमा होस् वा वृहत मानवीय सन्दर्भमा कवि शर्माले राष्ट्र, राष्ट्रियता र राष्ट्रिय संस्कृतिलाई कुनै न कुनै रूपमा

जोडेका छन् । घिमिरेको खण्डकाव्यमा ऐतिहासिक गौरव र नेपाली सभ्यता, धर्म, संस्कृति, पूर्वीय दर्शन र परम्परा, मानवता, नेपाली प्रकृति र नेपाली जनजीवन, भेषभुषा, नेपाली भाषा र आशवादी जीवनदृष्टि, धैर्य, साहस, पराक्रम र राष्ट्रिय उपलब्धिको गुणगान पाइन्छ भने ध्रुवलाल शर्माका कृतिहरूमा यिनका अतिरिक्त सामाजिक विकृति र विसङ्गति, अन्याय, अत्याचार, दमन शोषणको विरोध र समानता एवम् स्वतन्त्रता, भातृत्वको स्थापना, राष्ट्रिय भाषाको महिमा गान गर्दै विद्रोह एवम् सामञ्जस्यता ल्याएको पाइन्छ ।

## ४.३. निष्कर्ष

नेपाली कविताको इतिहास हेर्दा नेपाली भाषाको विकाससँगै कविताको पनि विकास भएको पाइन्छ । नेपाली कवितामा प्राथमिक कालमा वीरधारा, स्तुतिगान आदि पाइन्छ भने माध्यमिक काल आध्यात्मिक चिन्तनयुक्त रहेको पाइन्छ । त्यस्तै कविताको आधुनिक काल स्वच्छन्दतावादी, प्रगतिवादी धाराका रुपमा रहेको छ । ध्रुवलाल शर्माका कविताले यात्राको पहिलो चरणमा राष्ट्रप्रेमको सन्देश दिने वर्गीय द्वन्द्वलाई प्रष्ट पारेका छन् भने दोस्रो चरणका कविताले मानवीय मूल्यको अस्तित्व र सार्थक जीवनको अनुभूति दिर्लाका छन् । तेस्रो चरणका कवितामा नेपालमा ठूलाठूला परिवर्तन भएको, लामो समयसम्म जरा गाडेर बसेको सामन्ती सरकारको अन्त्य भए पनि जनताले चाहे जस्तो गणतान्त्रिक संविधान र कानुन बन्न नसकेकामा कवि चिन्तित देखिएका छन् । त्यसैले ध्रुवलाल शर्माका तिनवटा कविता संग्रहमा सङ्ग्रहीत विभिन्न क्षेत्रका कविता मध्ये राष्ट्रवादी चिन्तनले ओतप्रोत भएका ३२ वटा कवितामा देखिएको राष्ट्रवादी चिन्तनलाई प्रस्तुत गरिएको छ । कवितामा राष्ट्रमा भएका अन्याय, अत्याचार, शोषण र उत्पीडनको खरो भाषामा विरोध गरी समतामूलक समाज निर्माणमा अग्रसर हुन प्रेरित गरेका छन् । यिनै आधारमा आउँदो अध्यायमा उनको कवितामा देखिएको राष्ट्रवादी चिन्तन खोतल्ने प्रयास गरिएको छ ।

# परिच्छेद- पाँच

# ध्रुवलाल शर्माको कवितामा राष्ट्रवादी चिन्तन

ध्रुवलाल शर्मा मोफसलमा रहेर नेपाली साहित्यको विकास गर्ने एक बहुआयामिक व्यक्तित्व हुन् । उनी विद्रोही कवि हुन् । उनी राजनीतिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा देखिएका विकृति र विसङ्गति विरूद्ध जुधेका छन्, सामन्त वर्गप्रति रूष्ट छन् । उनले यस्तो प्रथाको अन्त्यका लागि कसरत गरिरहेका छन् भने दीनहीनप्रति विशेष सहानुभूति राखेका छन् । सांस्कृतिक संरक्षणमा उनी आधुनिक ढङ्गले उभिएका छन् । नेपालीहरूको वीरतापूर्ण इतिहास र नेपालको प्राकृतिक सौन्दर्यताप्रति गर्व गर्दछन् । नेपाली जातिको अस्तित्व विश्वसामु उच्च छ भन्ने उनको धारणा छ । दक्षिणतर्फका जङ्गीपिलर वीरहरूले गाडेका थिए तर अहिलेका काँतर शासकहरू त्यसको संरक्षणमा समेत असफल हुँदै गएको तथ्य औंल्याएका छन् । नेपालका नदीनाला, हिमाल, वनजङ्गल विदेसिएका छन् । सचेत भएर तिनलाई जोगाउनु पर्छ भन्ने उनको सन्देश छ । जुनसुकै भाषा, धर्म, जाति भए पनि सबै नेपाली एक हुनुपर्छ र समृद्ध नेपालको निर्माण गर्नुपर्दछ भन्ने राष्ट्रवादी भावना उनका कवितामा व्यक्त भएको छ । जसलाई प्रतिनिधिमूलक ढङ्गले व्यक्त गर्ने निम्न कविता सङ्ग्रहमा सङ्ग्रहीत कविता छन् र ती कविताको चर्चा गरिएको छ :

## ५.१ शर्माका राष्ट्रवादी चिन्तनका कविताको स्थिति

राष्ट्रवादी एवं प्रगतिशील कवि ध्रुवलाल शर्माका हालसम्म तीनओटा कवितासंग्रह प्रकाशित भैसकेका छन् । २०६२ मा प्रकाशित **'आमाको सम्झना**,' २०६५ मा प्रकाशित **'तस्वीरहरू'** र २०६६ मा प्रकाशित **'प्रतिच्छाया'** कवितासंग्रहमा संकलित १४८ वटा कवितामध्ये यस शोधपत्रमा राष्ट्रवादी चिन्तन (स्वर) भएका प्रतिनिधिमूलक विभिन्न ३२ ओटा कविताको अध्ययन तथा विश्लेषण गरिएको छ ।

शर्माका तिनवटा कविता सङ्ग्रहमा सङ्कलित विभिन्न भावना भएका कविता मध्ये राष्ट्रवादी चिन्तनले ओतप्रोत भएका कविताहरूको स्थिति निम्नानुसार रहेको छ :

**आमाको सम्झना कविता सङ्ग्रहमा सङ्कलित राष्ट्रिय भावना भएका कविताहरू**

आमाको सम्झना कविता संग्रहमा संग्रहित ४९ वटा कवितामध्ये राष्ट्रवादी चिन्तन प्रखर रुपमा अभिव्यक्त भएका ९ वटा कविता लिइएको छ किनकि यी कविता युगौं पुरानो वर्गीय शोषणले राष्ट्र र जनतालाई पुऱ्याएको आघात र छिमेकी राष्ट्र भारतले सुगौली सन्धि अनुसार गाढिएका जङ्गी पिलर उखेल्नेजस्तो कार्य गरेकोप्रति खेद प्रकट गरेका छन् । यसरी प्रस्तावित कवितामा विभिन्न दृष्टिले देखिएको राष्ट्रवादी चिन्तन उल्लेख गरिएको छ-

१. हराएको सूचना
२. घाउ, पीडा र मलहम
३. पहिलो युग
४. बाँकी नै छ
५. आमालाई,
६. आऊ
७. नेपाली नाजी र यहुदीहरू,
८. हाम्रा जङ्गीपिलर,
९. देश परिस्थितिको दास भएको छ

**तस्वीरहरू कविता सङ्ग्रहमा सङ्कलित राष्ट्रिय भावना भएका कविताहरू**

नेपालमा शाहवंशीय शासन व्यवस्था निकै पुरानो छ । यो शासन व्यवस्थामा दरबारियाहरुले नेपाली जनतालाई शोषण गरेर आफूले सुखभोग गरेका थिए । अन्याय अत्याचारका विरुद्ध नेपाली जनताबाट आन्दोलन भयो, राजसंस्थाको अन्त्य पनि भयो, तैपनि देशमा शान्ति कायम हुन सकेन । नेताहरुको अकर्मण्यताले प्रजातन्त्र संस्थागत हुन सकेन । दोस्रो जनआन्दोलन पनि उपलब्धिविहीन रह्यो भन्नेजस्ता राष्ट्रवादी चिन्तन यी प्रस्तावित कवितामा रहेको छ ।

१. तिम्रो पालो गैसक्यो
२. शान्ति हाँस्न नसकेका घाउहरू
३. पवित्र जल
४. सुनामी र सहादत
५. भाग तीन
६. आऊ एकपटक लोकतन्त्र चाटौं
७. तस्वीरहरू

**प्रतिच्छाया कविता सङ्ग्रहमा सङ्कलित राष्ट्रिय भावना भएका कविताहरू**

ध्रुवलाल शर्माको कविता यात्राको तेस्रो चरणमा लेखिएको उक्त कविता संग्रहमा विभिन्न प्रकृतिका कविताहरु छन् । ती मध्ये राजनीतिक, प्राकृतिक, सांस्कृतिक महत्वका विषयवस्तुमा आधारित भएर लेखिएका विभिन्न १६ वटा कवितामा देखिएको राष्ट्रवादी चिन्तनलाई यहाँ प्रस्तुत गरिएको छ -

| | |
|---|---|
| १. तिम्रै जीत भयो | २. रमाएको छु म |
| ३. शर्माहीनता | ४. मेरो परिचय |
| ५. मुटुभित्रको मायालु ताकम | ६. आफ्नै देशमा जाऊ |
| ७. शान्ति | ८. सेवक, सत्ता र सन्तुष्टि |
| ९. नव विधायकहरूको बाटो | १०. बुढो चट्टान |
| ११. स्यालको हुइयाँ | १२. बुढो चट्टान |
| १३. दसैं दशा र नसा | १४. जन्म ठाउँ हेर्दा |
| १५. भूपिको मीठो मुस्ताङ | १६, तिमी भइदिएको भए |

ध्रुवलाल शर्माका हालसम्म प्रकाशित तिन वटा कविता सङ्ग्रहमा सङ्कलित कविता मध्ये माथि उल्लेखित कविताहरूको निम्नानुसार अध्ययन विश्लेषण गरिएको छ :

### ५.२.१. आमाको सम्झना कविता सङ्ग्रहमा सङ्कलित राष्ट्रिय भावना भएका कविताहरू

#### ५.२.१.१. हराएको सूचना

ध्रुवलाल शर्माद्वारा लेखिएको हराएको सूचना शीर्षकको कविता राष्ट्रियताको चिन्तनमा आधारित छ । ३८ पङ्क्तिलाई चार गुच्छकमा समेटिएको यस कवितामा नेपालको पहिचान क्रमशः हराउँदै जान लागेको सन्दर्भलाई विषयवस्तु बनाइएको छ । संसारभरका मानिसका लागि अध्ययनको प्रेरणास्रोत रहेको नेपाल यहाँका हिमाल, नदी, जैविक विविधता, मुलुकको सम्पत्ति भए पनि यसको संरक्षणतर्फ ध्यान नदिँदा तिनको पहिचान गुम्न लागेको चिन्ता कवितामार्फत् गरिएको छ ।

शर्माका विचारमा संसारकै सबैभन्दा अग्लो हिमाल सगरमाथा केही समयदेखि हराइरहेको छ । नाम सगरमाथा र थर हिमाल भएको संसारकै अग्लो चुचुरो हराएको र त्यो भेटाइदिने देशलाई 'विस्तार धोतीपट्ट'को पदवी दिने व्यङ्ग्यात्मक अभिव्यक्ति कवितामा

गरिएको छ । नेपालका ठूला नदीनालाहरूमा छिमेकी देश भारतले आँखा गाड्दै आएको सन्दर्भलाई कविले मेची, कोसी र महाकाली नाउँका तिन बहिनीहरू पनि पालैपालो हराएको भन्दै ती जलबालिकाहरू बुझाउने परिवारलाई 'द एसिया ब्वाँसोपट्ट ओम चौपट्ट' उपाधिले विभूषित गर्ने भनी व्यङ्ग्य गरेका छन् । आफ्नो इज्जत र स्वाभिमानको ख्याल नगरी सत्ता र भत्ताको लोभमा विदेशीको 'लगौंटियार' बनेका नेपाली नेतागणहरू सुध्रिनुपर्ने विचार पनि कवितामा व्यक्त भएको छ । मुलुकमा पटक पटक स्वतन्त्रताका लागि आन्दोलन हुँदै आएको र त्यो सफल पनि भएको भन्दै कविले राज्य सञ्चालन गर्ने शासकहरू स्वेच्छाचारी हुँदा मुलुकको सार्वभौमसत्ता बेलाबेलामा अप्ठ्यारोमा पर्ने गरेको बताएका छन् ।

कञ्चन चाँदीका पर्खाल जन्मस्थल भै
महासागर यात्रा धाइरहेका
नागबेली कद र निराकार रूपका
मेची, कोशी र महाकाली नामका
सहोदर तिन बहिनी जलबालिकाहरू
केही पहिलेदेखि नै
पालैपालोसँग हराउँदै गएका छन्
ती जलबालिकाहरू बुझाउने परिवारलाई
द एसिया ब्वाँसोपट्ट ओम चौपट्ट
उपाधिहरूले विभूषित गरिनेछ । (पृष्ठ १०)

सरल भाषाशैलीमा लेखिएको प्रस्तुत कवितामा दलहरूको अकर्मण्यतालाई व्यङ्ग्यात्मक झटारो हानिएको छ । विभिन्न बिम्ब, प्रतीकहरूको प्रयोग गरिएको कवितामा 'विस्तार धोतीपट्ट' 'एसिया ब्वाँसोपट्ट', 'ओम चौपट्ट', 'भाटपट्ट' पुनः श्रीपञ्च र रिमुटपट्ट जस्ता प्रयोगले काव्यलाई वैचारिक गाम्भीर्य एवम् कलात्मक उचाई प्रदान गरेका छन् । समग्रमा हेर्दा नेपाल प्राकृतिक एवम् ऐतिहासिक दृष्टिले समृद्ध एवम् स्वाभिमानी मुलुक भए पनि राज्यसत्ताका सञ्चालकको सत्तास्वार्थ र बेइमानीका कारण यसको सार्वभौमसत्ता संकटमा पर्दै गएको चिन्ता कवितामा व्यक्त भएको छ ।

### ५.२.१.२. घाउ, पीडा र मलहम

प्रस्तुत 'घाउ, पीडा र मलहम' शीर्षकको कवितामा भौतिक दुःख कष्टभन्दा राष्ट्रियतामाथिको आघात बढी पीडादायक हुन्छ भन्ने विचार व्यक्त गरिएको छ । २४ पङ्क्तिमा रचिएको यस कवितामा कवि शर्माले राष्ट्रियताको भावना व्यक्त गरेका छन् ।

कविको विचारमा बरु क्षयरोगले ग्रस्त कलेजो भरिएको पीडा केही होइन, जन्मभर पछुताउनुको पीडा ठुलो हुँदैन तर देशको अस्तित्व अपहरण हुनु ठुलो पीडादायक हुन्छ । मुलुकमा व्याप्त कुशासनलाई महाभारतको खलपात्र दुःशासनसँग तुलना गर्दै कविले दुश्शासनले द्रौपदीको चीरहरणमार्फत् अस्मिता लुट्न खोजेजस्तै देशको अस्तित्व लुट्न खोज्नेसँग कवि आक्रोशित बनेका छन् । व्यक्तिगत वा पारिवारिक पीडाभन्दा राष्ट्रियता रक्षाका लागि नेपाल आमाका ज्यूँदा छोराहरू लाग्नुपर्ने धारणा राखेका छन् ।

छौ कि कोही ज्युँदाहरू छोराहरू हौ भने कहीँ
निर्धक्क आऊ
दुःशासन शिरहरूको माला बनाऔं
आफ्नै गलामा लगाऔं
हो त्यही नै हुनेछ बल्ल
हाम्रो यो घाउ र पीडाको
सञ्जीवनी मलहम । (पृ. १४)

सत्ता र शक्तिका लागि मुलुकको भाग्य र भविष्यसँग खेल्न खोज्नेहरू विरूद्ध एकजुट हुनुपर्ने बताउँदै कविले दुश्शासन शिरहरूको माला बनाएर लगाउन आग्रह गरेका छन् । यसो गर्न सकेमा मात्र मुलुकको हित हुन सक्ने भन्दै कविले राज्यद्रोहीहरूको अन्त्य नभएसम्म राष्ट्रवादी शक्तिहरूको पीडा शान्त नहुने कविको धारणा रहेको छ । यही नै पीडा शान्त गर्ने सञ्जीवनी मलहम बन्ने कविको धारणा रहेको छ ।

सरल भाषा तथा संक्षिप्त शैलीको प्रयोग गरिएको प्रस्तुत कवितामा देशभक्त नागरिकहरू एकढिक्का भएर राष्ट्रिय अस्मिता जोगाउनु पर्ने धारणा व्यक्त भएको छ ।

### ५.२.१.३. पहिलो युग

४८ पङ्क्तिमा पूर्ण बनेको प्रस्तुत कवितामा मानव जीवनका विसङ्गतिहरूलाई प्रस्तुत गर्न खोजिएको छ । वर्तमान जटिलभन्दा प्राचीन सरल जीवन, निरङ्कुश पितृसत्ताभन्दा ममतापूर्ण मातृसत्ता र सयौं अङ्गहरू भएको मानिस भन्दा अमिवा वा पारामेसियम जीव नै ठीक छन् भन्ने भाव कवितामा व्यक्त भएको छ । यस कविताले खासगरी सामाजिक विषयवस्तुलाई समेटेको छ ।

सामाजिक यथार्थमा आधारित रही काव्यरचना गर्ने स्रष्टा ध्रुवलाल शर्माले यस कविताका माध्यमबाट समाजमा विद्यमान विसङ्गतिमाथि तीव्र प्रहार गरेका छन् ।

बुकुरामा बस्तीहरूमा त त्यहाँ
अझै बत्ती बालिएको छैन
जीर्णशीर्ण जगको ठाउँमा यहाँ
अझै नयाँ जग हालिएको छैन
शासक र शासितको जोड घटाउ बाँकी नै छ
यहाँको लेनदेन त बाँकी नै छ । (पृ. २५)

जब खानु र जिउनु मात्र जीवनको उद्देश्य हुन्छ भने मानव र एककोषे जीव अमिबाबिच के अन्तर रह्यो ? कविको प्रश्न रहेको छ । मानिस जस्तो सयौं थरी नियमले थिचिएरभन्दा बरू अमिबा जेलिएको छैन भन्दै कविले मानिसको हैसियत अमिबा जत्तिको पनि नरहेको धारणा व्यक्त गरेका छन् । मानिसले यदि वास्तविक मानिसको जीवन जिउने हो भने वर्तमान अवस्थाको सभ्य जीवनभन्दा पहिलो युगको जङ्गली जीवन नै बेस भन्ने कविको धारणा छ । प्राचीन युगका मान्छेलाई लगौंटीले नपिरोलेको, महँगो, बेसाहा र आधुनिक महलको इच्छा नरहेको भन्दै कविले वर्तमनको विसङ्गतिग्रस्त तथाकथित सभ्य समाजभन्दा गिठा भ्याकुर खाएर ओढारमा बिताउने प्राचीन युग नै ठीक रहेको विचार व्यक्त गरेका छन् । तेरो र मेरो भावनाले मानव समाजलाई छिन्नभिन्न पार्दै लगेको भन्दै कविले आधुनिक नाउँका भाइरसहरूभन्दा जङ्गली युग ठीक भएको बताएका छन् । यसका साथै कवितामा निरङ्कुश एवम् विभेदग्रस्त पितृसत्ताभन्दा सन्तानसुखको लागि मरिमेट्ने मातृसत्ता नै ठीक भएकोले समाज त्यतैतर्फ उन्मुख हुनुपर्ने बताउँछन् । विश्वमा मातृसत्ता आवश्यक भएको भन्दै कविले यसलाई असम्भ भन्नेहरूको विरोध गरेका छन् ।

सरल र सजिलै बुझिने भाषा शैलीमा लेखिएको यस कवितामा तत्सम, नेपाली झर्रा शब्द र केही आगन्तुक शब्दको समेत प्रयोग गरिएको छ । समग्रमा हेर्दा सभ्य भनिएको विसङ्गतिग्रस्त अहिलेको युगका तुलनामा ममतापूर्ण, तेरो र मेरो भन्ने विभेद नभएको, जङ्गली युग नै ठीक भन्ने भूलभावलाई यस कविताले सशक्त ढङ्गबाट मुखारित गर्न सफल भएको छ ।

### ५.२.१.४. बाँकी नै छ

४१ वटा पङ्क्तिलाई ३ फाँकीमा प्रस्तुत गरिएको 'बाँकी नै छ' शीर्षकको कविता मूलतः राजनीतिक विषयवस्तुमा आधारित छ । मुलुकमा पटक पटक राजनीतिक परिवर्तन हुने गरेको तर पनि अझै धेरै काम गर्न बाँकी रहेको सन्दर्भलाई कवितामा उठाइएको छ ।

कविका विचारमा उत्ताउला भाषणहरूमा र नाराहरूमा मुलुकमा परिवर्तन आए पनि वास्तविक परिवर्तन अझै हुन सकेको छैन । पुरानो सत्ता संरचना फालेर नयाँ व्यवस्था आत्मसात् गरिएको मानिस पनि आफूले अझै धेरै कुरा उखेलेर फ्याँक्न आवश्यक देखेको कविको धारणा छ । २०४६ सालको परिवर्तनपछिको अवस्थामा लेखिएको यस कवितामा फाल्नुपर्ने खास कुरा नफालिएको र ल्याउनु पर्ने कुरा नल्याएको धारणा व्यक्त भएको छ । अझै पनि बाखाहरू बाघ र ब्वाँसाको आतङ्कबाट उम्कन नसकेको बतउँदै कविले शान्ति परेवा उड्ने आकाशमा वाज र हुचिलहरू उडेको सन्दर्भ उल्लेख गरेका छन् ।

परेवा ढुकुर उड्ने हाम्रो आकाशमा

अझै बाज र हुचिलहरु उडिरहेका छन्

खोई त हामीले यहाँ ढालेर फालेको ?

खोई त हामीले यहाँ खोसेर लिएको ? (पृष्ठ २५)

मुलुकमा निर्दलयि पञ्चायती व्यवस्था परिवर्तन भई बहुदलीय व्यवस्था आएको भए पनि गाउँका बुकुरा वस्तीहरूमा अझै उज्यालो पुग्न नसकेको कविको विचार रहेको छ । राज्यसत्ताको पुरानो जग भत्काएर नयाँ जग हाल्नुपर्ने त्यो पनि हुन नसकेको भन्दै

कविले मुलुकमा वास्तविक परिवर्तन नभएको धारणा राखेका छन् । नाना, खाना र छानाका लागि मजदुरी गर्न बाध्य मानिसका लागि फोस्रो आश्वासनले कुनै अर्थ नराख्ने भन्दै कविले श्रमजीवी वर्गको जीवनमा परिवर्तन र मुहारमा उज्यालो ल्याउन फासिष्ट र खण्डहर घरहरू जगैदेखि भत्काउन आवश्यक रहेको बताएका छन् । वास्तविक परिवर्तन खोज्दा धेरै मानिस मर्न सक्छन् भन्दै कविले लेनदेनको खातापातामा अझै धेरै हिसाब मिलाउन बाँकी रहेको बताएर परिवर्तन अझै अधुरो रहेको विचार व्यक्त गरेका छन् ।

नेपाली ठेट शब्दको अधिक प्रयोग भएको प्रस्तुत कविताको शैली रोचक छ । बाघ-बाख्रा, भाइरस, हुचिलजस्ता विम्बहरूको प्रयोग गरिएको छ । सतही आँखाबाट हेर्दा मुलुकमा पटक पटक परिवर्तन भएका तर गरिखाने जनताले अझै पनि परिवर्तनको महसुस गर्न नसकेको विचार व्यक्त भएको कविताको विषयसन्दर्भ र शीर्षकका बिचमा सार्थक सम्बन्ध रहेको छ ।

### ५.२.१.५. आमालाई

४३ पङ्क्तिमा पूर्ण बनेको प्रस्तुत कवितामा नेपाली राष्ट्रियताप्रति चिन्ता व्यक्त गरिएको छ । युद्ध, षडयन्त्र र सत्तालिप्साका कारण मुलुक झन् झन् अस्थिर बन्दै गएको भन्दै कविले मातृभूमिको अवस्थाप्रति चिन्ता व्यक्त गरेका छन् ।

कविले आफ्नो जन्मभूमिलाई आमाको रूपमा सम्बोधन गर्दै साम्राज्यवादीको खिचातानीमा परेकी आमालाई खुइलिएको शिर देखाएर छाति पिटी पिटीकन नरून आग्रह गरेका छन् । नेपाल आमाका आँखाबाट झरेका आँसु देख्न आफूले नसक्ने बताउँदै कविले आफ्नी आमाको जीवनमा वसन्त ऋतुको बहार ल्याउने मानवीय शक्ति नरसंहारले चुँडालिदिएको विचार व्यक्त गरेका छन् ।

आमा ! तिम्रो त्यो नाङ्गिएको
व्यथित छाती पिटिपिटी
साम्राज्यवादीको खिचातानीमा
खुइलिएको शिर देखाएर
मेरो नजरमा नरोइदेऊ

तिम्रा पिरा आँसु देख्ने मेरो दृष्टिशक्ति
बारूदै बारूदको धुँवाले डढालिसक्यो
तिमीमा वसन्त छाइदिने
मेरा मानवीय शक्ति
नग्न नरसंहारले चुँडालिइसक्यो । (पृ. ३१)

आफू आमाको दुःख, दर्द हटाउन सक्ने अवस्थामा नरहेको भन्दै कविले सन्तानलाई रगतपिच्छे बनाएको हेर्न नेपाल आमा विवश भएको धारणा राखेका छन् । जीवनमा जतिसुकै दुःख परे पनि सहन सक्नुपर्छ भन्ने भ्रम केवल कटु भ्रम रहेको भन्दै कविले आमाको दूधको भारा चुकाउने कुरा कसैगरी नभुल्ने प्रतिबद्धता जनाएका छन् । चेतनाको विकास हुँदै जाँदा मानिसहरू जागरूक बन्दै जान थालेको भन्दै कविले सम्पूर्ण श्रमजीवीहरू एकताको मालामा उनिँदा मात्र नेपाल आमाको सपना साकार हुने विश्वास व्यक्त गरेका छन् । आफ्नी आमाको दूधको भारा तिर्न मात्र नभई एउटा छोराको सम्पूर्ण कर्तव्य निर्वाह गर्न पनि मुलुकमा विद्यमान सबैखाले थोत्रा कुरालाई ढलाउने प्रतिबद्धता कवितामा भएको छ ।

आमा ...! म तिम्रो भारा तिर्न मात्र होइन
एक छोराको सम्पूर्ण कर्तव्य निभाउन
ढलाउने छु म यहाँका थोत्रा मनमानीलाई
बोलाउने छु म पूर्वको रातो बिहानीलाई
बोलाउने छु म पूर्वको रातो बिहानीलाई... । (पृ. ३५)

पुरानो मान्यता र आदर्शमा अडिएको सामन्ती राज्यसत्ता नढालेसम्म मुलुकको पूर्वी क्षितिजमा सम्भावनाको रातो सूर्य नभुल्किने बताउँदै कविले आफूले जुनसुकै हालतमा पूर्वको रातो विहानीलाई डाकेरै छाड्ने बाचा गरेका छन् ।

पञ्चायती व्यवस्थाको नेपाली परिवेशमा रचना गरिएको यस कवितामा कविको परिवर्तनप्रतिको हुटहुटी देख्न सकिन्छ । निरङ्कुश शासनसत्ताका कारण नागरिकका तमाम स्वतन्त्रता गुमिरहेको र त्यही अवस्थामा साम्राज्यवादी शक्तिले पनि नेपालमा आँखा गाडेको सन्दर्भलाई कवितामा मर्मस्पर्शी ढङ्गबाट अभिव्यक्त गरिएको छ । सरल भाषाशैली आकर्षण प्रस्तुत र कलात्मकताका कारण यो कविता उच्चकोटिको बन्न पुगेको छ ।

### ५.२.१.६. आऊ

ध्रुवलाल शर्माद्वारा रचिएको 'आऊ' शीर्षकको कविता ४४ पङ्क्तिमा पूर्ण बनेको छ । वैदेशिक रोजगारीका कारण पारिवारिक विखण्डन बढ्दै गएको भन्दै कविले आफ्नै मुलुकमा फर्किएर आउन परदेशिएका नेपालीहरूलाई कवितामार्फत् आग्रह गरेका छन् ।

पैसा कमाउने लालसा बोकेर विदेशतिर भौंतारिएका आफ्नो दौंतरी उमेरका नेपाली युवालाई सम्बोधन गर्दै कविले आफ्ना धारणा राखेका छन् । २०३० सालमा लेखिएको यो कवितामा सर्जक शर्माले स्वदेशमै फर्किएर परिवारसहित कुटोकोदालो गर्न आग्रह गरेका छन् । साहुको नाउँमा बन्धकमा परेको घर निखन्न होस् वा बुढी आमा, श्रीमती वा सन्तानलाई दुई छाकको व्यवस्था गर्न नेपालीहरू विदेश जानु बाध्यता बनेको छ । तर पैसा कमाउने नाउँमा विदेशमा भौंतारिनु कविलाई ठीक लागेको छैन । उनका विचारमा परिवार पाल्ने नाउँमा विदेशीका ढोका कुर्नु, तिनको लडाइँ लडिदिनु वा रखवाली गर्नु, नेपाली स्वाभिमानविरूद्धको काम हो । त्यसैले कविले यसलाई नेपालीहरूको विप्ल्याँटो बाटो भनेका छन् । घरमा लालाबाला रोइरहेको, गाउँ र देश नै रोइरहेको बेला रोजीरोटीको नाउँमा बैरीको ढोका कुर्नु बेठिक भएको कविको ठम्याई छ । बैरीको ढोका कुर्दा नेपाली जातिको बहादुरी र चुलो चौकोमा बस्नुपर्दा नेपाली स्वाभिमान रहेको छ । कविका विचारमा निरीह नागरिकमाथि बन्दुक सोझ्याउने पल्टनिया नेपाली दाजुभाइ बहादुरी देखाउने भन्दा पनि आफ्नो दुनो सोझ्याउने काममा लागेका छन् । विदेशीका लागि लडिदिएर वीर भइँदैन भन्दै कविले वास्तविक वीर र देशभक्तले आफ्नो शक्ति र क्षमता आफ्नै देश निर्माणमा खर्चिनु पर्ने विचार व्यक्त गरेका छन् । भक्ति थापा, अमरसिंह र बलभद्र नै वास्तवि वीर/सहिद भएको भन्दै अहिलेको नेपाल वीरहरूको भन्दा टुहुराटुहुरी विधवा, अपाङ्गहरूको देशमा परिवर्तन भएको विचार व्यक्त गरिएको छ । मुलुक बनाउन युवाशक्तिको आवश्यकता परिरहेको भन्दै कविले सबैखाले बन्धन चुँडाएर स्वदेशमै आउन विदेशिएका नेपालीलाई आग्रह गरेका छन् ।

तिमीहरू आऊ
सम्पूर्ण बन्धनहरू चुडाएर आऊ
टुहुराहरूको अभिभावक बनेर आऊ

विधवाहरूको साहारा बनेर आऊ
अपाङ्गहरूको शक्ति बनेर आऊ
परदेशिएका मेरा बन्धुहरू !
तिमीहरू आऊ । (पृष्ठ ३५)

बोलीचालीको ठेट शब्दहरू प्रयोग भएको कविताको वैचारिक पक्ष सशक्त छ । बिम्ब र प्रतीकको माध्यमबाट कविले आफ्नो विचारलाई कलात्मक आवरण दिन सफल भएका छन् ।

### ५.२.१.७. नेपाली नाजी र यहुदीहरू

७४ पङ्क्तिमा पूर्ण बनेको नेपाली नाजी र यहुदीहरू शीर्षकको कविता युद्धको विरोध गर्दै लेखिएको छ । दोस्रो विश्वयुद्धका क्रममा जर्मनीका नाजीहरूले यहुदी जातिमाथि गरेको अत्याचारलाई बिम्ब बनाएर कविले नेपालको सशस्त्र युद्धका क्रममा भएको थिचोमिचोलाई अभिव्यक्त गर्न खोजेका छन् ।

२०५२ देखि २०६२ सम्म जारी सशस्त्र युद्ध नेपालको इतिहासमै आजसम्मको ठूलो अन्तरद्वन्द्व बनेको छ । २०५८ सालमा लेखिएको प्रस्तुत कविताले सेता परेवा उडाएर शान्तिको भाकल गर्ने तर युद्ध पनि नछाड्ने नेपाल इतिहासको जर्मनीजस्तै भएको विचार व्यक्त गरेको छ ।

परेवा उडाएर शान्ति भाकल्न पल्केका
यो हाम्रो युद्धको देश नेपाल
हेर त .... !
आज त जर्मन पो भइरहेछ
निशस्त्र कित्ताभित्रका
हाम्रा आफ्नै बुकुरा वस्तीहरू
यहुदी वस्ती भइरहेका छन्
माउहरू नाजी भइरहेका छन्
छाउराहरू यहुदी भइरहेका छन् । (पृष्ठ ४४)

युद्धका कारण राज्य र विद्रोही दुबै पक्षमा फासीवादी सोच हावी हुँदै गएको र यसको प्रत्यक्ष असर झुपडीहरूमा परेको भन्दै कविले बन्दुकधारीहरूलाई नेपाली नाजी र सर्वसाधारण नेपालीलाई यहुदी जातिको रूपमा चित्रण गरेका छन् । द्वन्द्व चर्किनुमा भारत, अमेरिका लगायतका शक्ति राष्ट्रको स्वार्थले काम गरेको बताउँदै कविले विदेशीको आड नपाइकन नेपाली नाजीहरूले बुकुरा वस्तीमा पुगेर नरसंहार मच्चाउन नसक्ने बताएका छन् । बरु जर्मनीमा यातना शिविरहरू अतिगोप्य रहने गरेको तर नेपालमा चाहिँ बाटोघाटो, चोक, चौराहा, मेलापात, घरभित्र, बाहिर सबैतिर ग्यास च्याम्बर बनेको विचार कवितामा व्यक्त भएको छ । राज्यसत्ताका सञ्चालकहरू हुन् वा राजनीतिकर्मी, सबैले सर्वसाधारण नागरिकलाई 'गिनीपिग' बनाउने गरेको भन्दै कविले यसबाट मुलुक हारिरहेको तर नाजीहरूलाई क्षणिक सन्तुष्टि प्राप्त भएको विचार व्यक्त गरेका छन् । 'सहिद' र 'वीरगति'का नाउँमा नाजीहरूको खेती फस्टाइरहेको भन्दै कविले निशस्त्र नागरिक जो राज्य र विद्रोहीहरूको चेपुवामा परेर मरेका छन्, तिनलाई 'आतङ्ककारी' र 'दुश्मनको मान्छे' घोषित हुन बाध्य भएको मार्मिक अभिव्यक्ति दिएका छन् । समय परिवर्तनशील छ भन्दै कविले अन्ततः नाजीहरूको अन्त्य भएरै छाड्ने विश्वास पनि व्यक्त गरेका छन् । अदालतले फैसला सुनाउँदा हिटलरले जस्तै विषपान गर्नुपर्ने अवस्था नआओस् भन्दै कविले सत्ता र शक्तिको लोभमा नाजीहरूले दर्दनाक मृत्युवरण गर्नु नपरोस् भन्ने कामना समेत गरेका छन्।

युद्धको विरोध गर्दै लेखिएको प्रस्तुत कवितामा बन्धुकको नभई अन्ततः जीत विचारकै हुन्छ भन्ने धारणा राखिएको छ । आवश्यकता अनुसार आगन्तुक शब्दको समेत प्रयोग भएको यस कविताले द्वन्द्वकालीन नेपालमा सर्वसाधारण नागरिक कसरी राज्य र विद्रोहीको चेपुवामा परेका थिए भन्ने ऐतिहासिक यथार्थलाई बुझाउन सफल भएको छ । विम्ब र अलङ्कार प्रयोगले कविता सशक्त र ऊर्जाशील बन्न पुगेको छ ।

### ५.२.१.८. हाम्रा जङ्गीपिलरहरू

प्रस्तुत 'हाम्रा जङ्गीपिलरहरू' शीर्षकको कविताले नेपालको सीमा समस्यालाई मुख्य विषयवस्तु बनाएको छ । परिच्छेद गुच्छकविहीन ४० पङ्क्तिमा संरचित यस कवितामा जङ्गीपिलरलाई जड र चेतन गरी दुई प्रकारमा वर्गीकरण गरिएको छ ।

छिमेकीबाट मुलुक चौकिल्ला छुट्याउने सीमास्तम्भहरू नै नेपालको सन्दर्भमा जङ्गीपिलर हुन् । यस कवितामा कविले बरु जड जङ्गीपिलरले आफ्नो स्वाभिमान र देशक्ति कायम राखेको तर चेतन वा सजीव जङ्गीपिलरहरूले बेइमानी र छलकपट गरेको विचार व्यक्त गरेका छन् ।

हाम्रा जङ्गीपिलरहरू
छैन
उनीहरूमा केही सन्तोष छैन
र असन्तोष पनि छैन
जड र स्वाभिमान जङ्गी पिलरहरू
तिनी जड छन् र त स्वाभिमान पनि छन्
र त सीमा साँधको ठेक्का लिएका छन्
सजीव तर बेइमान जङ्गीपिलर जस्तै
काला कर्तुत लुकाउन
बेइमानका पोका पन्तुरा बोकेर
अजिङ्गरसँग गुहार माग्न पनि परेको छैन ।

सीमारक्षाका लागि तैनाथ जड पिलरहरूले निष्ठापूर्वक आफ्नो कर्तव्य पूरा गरेको कविको विचार छ । यिनीहरू जड भएका कारण सन्तोष वा असन्तोष लिने भन्दा साँध सिमानाको रक्षा गर्नु यिनको स्वाभिमान बनेको छ । तर सजीव जङ्गी पिलरहरू (राज्यका नीतिनिर्माता) भने बेइमान भएको कविको निष्कर्ष छ । आफ्नो कालो कर्तुतद्वारा आर्जन गरेको जम्मा गरेको धनको पोका पुन्तरा बोकेर यी चेतन भनिएका जङ्गी पिलरहरू अजिङ्गरसित गुहार माग्न पुगेको कविको विचार छ । पुर्खाको क्षमता र आँटले आर्जेको किल्ला, काँगडा र टिस्टाको सिमाना सुगौलीसन्धिका कारण खुम्चिनु विडम्बना भएको कविको ठम्याई छ । तर असमान र अपमानजनक ढङ्गबाट गरिएको सुगौली सन्धीका कारण जङ्गीपिलर जहाँ ठडिए तिनले आफ्नो दायित्व पूरा गरेका छन् । तर विस्तारवादीहरूलाई सनक चल्दा मुलुकको सीमा तिनतिरबाट घचेटिँदा जङ्गीपिलरहरू निरन्तर बसाइँ सरिरहेका छन् । आफैं उखेलिन, सर्न र गाडिन नसक्ने जङ्गी पिलरहरू निरन्तर बसाइँ सर्दा पनि सजीव जङ्गीपिरहरूले कुनै प्रतिक्रिया नदेखाएकोमा कवि

आक्रोशित छन् । देशको स्वाभिमानलाई जोगाइरहेका निर्जीव जङ्गीपिलरहरू निरन्तर बसाइँ सरिरहँदा उखेलिँदा सजीव तर जिउँदो लास बनेका ठेकेदार जङ्गीपिलरहरूले आफ्नो मालिक सामु पुच्छर हल्लाइरहेकोमा कवि आक्रोश व्यक्त गर्छन् ।

दक्षिणको छिमेकीले निरन्तर सीमा मिच्दा पनि तमासे बनेर प्रतिक्रिया जनाउन नसक्ने राजनीतिकर्मी र राज्यसत्तालाई कवितामार्फत् व्यङ्ग्य गरिएको छ । बरु भुइँतहका मानिसहरूमा राष्ट्रप्रेम र स्वाभिमान रहेको तर उच्च तहमा रहेका मानिसमा दलाली र ठेकेदार प्रवृत्ति बढ्दै गएको नेपाली सन्दर्भलाई कवितामा सटिक ढङ्गबाट प्रस्तुत गरिएको छ । सरल भाषाशैली, विम्ब र प्रतीकको उचित प्रयोगका कारण यो कविता मार्मिक एवम् कलात्मक दुबै बन्न पुगेको छ ।

### ५.२.१.९. देश परिस्थितिको दास भएको छ

यो कविता पाँच परिच्छेद र ६० हरफमा संरचित छ । राजनीतिकर्मीहरूको अकर्मण्यता र जिम्मेवारीविहीन हर्कतका कारण मुलुकमा परिवर्तन हुन नसकेको, पुर्खाले छाडेर गएको ऐतिहासिक विरासतलाई थाम्न मुस्किल परेको विदेशीसँग बोल्न डराउने तर नेपाली नेपालीमा युद्ध/द्वन्द्व हुँदा मुलुक परिस्थितिको दास बन्न गएको सन्दर्भलाई विषयवस्तु बनाइएको छ ।

हिजो बहादुर नेपालीहको देश
आज हुतिहारा छोराको देश भएको छ
एक पटक हाम्रो साँध सीमा तर्फ हेर त
सार्वभौमको रक्षार्थ ठड्याइएका जङ्गीपिलरहरू
विचरा दिनदहाडै उखेलिँदा छन् ।

इतिहासमा वीर गोर्खालीको रूपमा स्वदेश तथा विदेशमा इज्जत र प्रतिष्ठा कमाएको मुलुक आजसम्म आइपुग्दा पराश्रित भइसकेको विचार कवितामा प्रस्तुत भएको छ । मुलुकको अवस्थालाई चौबाटोमा बेबारिसे लडिरहेको लाशसँग तुलना गर्दै कविले भीमसेन र बलभद्रहरूले नासोको रूपमा दिएको मुलुक दिनदिनै अरूको खटनपटन तथा

सहयोगमा चल्ने गरेको बताएका छन् । शर्मालाई यस्तो परिस्थिति राष्ट्रियताका लागि अत्यन्तै गम्भीर बनेको छ ।

तत्सम, तद्भव, नेपाली झर्रा शब्दको प्रयोग गरिएको छ  सरल, सहज, श्रुतिमधुर, अन्तर्लयको सिर्जनाले कविता अघि बढेको छ ।

## ५.२.२. तस्वीरहरू कविता सङ्ग्रहमा सङ्कलित राष्ट्रिय भावनाका कविताहरू

### ५.२.२.१. ए माल्दाइ ! तिम्रो पालो त गैसक्यो

प्रस्तुत कविता पाँच परिच्छेद र ८४ पङ्क्तिमा संरचित छ । गद्य शैलीमा लेखिएको "ए ... माल्दाइ ! तिम्रो पालो त गैसक्यो" शीर्षकको कविता नेपालको ऐतिहासिक जनआन्दोलन २०६२/०६३ उत्कर्षमा पुग्दै गर्दा रचना वाचन गरिएको हो । आफूलाई ईश्वरको अवतार ठान्ने र जनताको नाउँमा निरङ्कुश शासन सञ्चालन गर्ने दिन गए भन्ने विचार व्यक्त गर्न यो कविता सिर्जना गरिएको बुझिन्छ ।

ध्रुवलाल शर्मा मूलतः प्रगतिशील चिन्तन बोक्ने स्रष्टा हुन् । २०६२/०६३ को जनआन्दोलन उत्कर्षमा पुग्दै गर्दा शर्माले आन्दोलनकारीहरूको मनोबल उकास्न र तत्कालीन राजा ज्ञानेन्द्र शाहप्रति चुनौती दिँदै यो कविता सिर्जना गरेका छन् । कविका विचारमा आजको दिनसम्म चेतना नभएका कारण कुम्भकर्णको जस्तो निदाएका, हिजोसम्म घरबारीमा जुठोपुरोमा चित्त बुझाएकाहरू समेत राजतन्त्रको विरूद्ध आन्दोलित बनेका छन् । सबै स्वाभिमानी नेपालीहरू राजतन्त्रको विरोधमा एक ढिक्का भएको र समयले राजतन्त्रात्मक शासन व्यवस्थालाई निषेध/अस्वीकार गरेका बेला जनताले पनि समयको पदचापलाई पछ्याउँदै गएको विचार व्यक्त गरिएको छ । २१ औं शताब्दीमा आइपुग्दा विश्वले हिटलर, मुसोलिनी, सुहार्तो र इदिअमिनहरूको स्वेच्छाचारी शासन भोगिसकेको, उनीहरू तिरस्कृत भइसकेको र समयले उनीहरूलाई निकृष्ट जीवका रूपमा बाँच्न बाध्य पारिसकेको अवस्थामा इतिहास दोहोऱ्याउन चाहने तत्कालीन राजा ज्ञानेन्द्र शाहको पनि त्यही गति हुने चेतावनी कवितामा दिइएको छ । सगरमाथा र धौलागिरिको साझा देश कुनै राजारजौटाको बपौती होइन भन्दै कविले नागरिकका नैसर्गिक हकअधिकारहरू तिनका कृपाका कोसेली नभएको विचार पनि व्यक्त गरिएको छ ।

सगरमाथा र धौलागिरिको यो साझा देश
तिम्रो बाबुको वपौती पनि होइन
मान्छेका नैसर्गिक सम्पूर्ण हकहितहरू
तिम्रा कृपाका कोसेली पनि होइनन्
हाम्रो स्वाभिमानभित्र तिमी अट्ने ठाउँ नै रहेन । (पृ. ३)

सरल र सहज भाषाशैलीको प्रयोग गरिएको यो कवितामा संस्कृतमूलका तत्सम, तद्भव र नेपाली ठेट शब्दको प्रयोग गरिएको छ । नेपालका तत्कालीन राजा ज्ञानेन्द्र शाहको निरङ्कुश शासक बन्ने इच्छालाई हिटलर, मुसोलिनी, सुहार्तो र इदिअमिन जस्ता विम्बमार्फत् स्पष्ट पार्न खोजिएको छ । धार्मिक तथा सहिष्णु भावनाका नेपालीको सोझो पनको फाइदा उठाउँदै राजामहाराजा, तिनका आसेपासे र राजनीतिक दलहरूले पनि नाजायज फाइदा उठाउने गरेको सन्दर्भलाई कवितामा कलात्मक ढङ्गबाट प्रस्तुत गरिएको छ । समग्रमा हेर्दा यो कविताले उत्कर्षमा पुग्दै गरेको २०६२/०६३ सालको आन्दोलनलाई थप उचाइमा पुऱ्याउन, योगदान पुऱ्याएको छ । कविताको विषयवस्तु र शीर्षकका बिचमा तादम्य सम्बन्ध रहेकोले कविताको शीर्षक सार्थक भएको पुष्टि हुन्छ ।

### ५.२.२.२. शान्ति हाँस्न नसकेका घाउहरू

अन्ठाउन्न पङ्क्तिमा विस्तारित प्रस्तुत "शान्ति हाँस्न नसकेका घाउहरू" कविता नेपालमा मंसिर ५ विस्तृत शान्ति सम्झौता हुँदाका दिनमा लेखिएको हो । दस वर्षे जनयुद्धले देशमा हजारौं नेपाली नारीहरूको सिउँदो रित्तिएको, हजारौं अबोध एवम् नाबालक बालबालिकाहरू टुहुरा बनेका, कतिपय विदेश पलायन हुनु परेको, बुढाबुढीको आशास्तम्भ हराएको परिस्थिति नै कविताका विषयवस्तु हुन् । सामन्ती राजतन्त्र अन्त्यका लागि पूँजीवादी संस्कारको खोल ओढेको पार्टी र युद्धबाटै जनवादी क्रान्ति सफल पार्ने साम्यवादी शक्ति मिलेको परिवेश नै यस कविताको कथावस्तु रहेको छ । कविता खँदिलो गद्यशैलीमा लेखिएको छ ।

यथार्थता नै यस्तै छ यहाँको
रित्ता सिउँदा र सेतो पहिरनको वृत्तभित्र
रङ्गीन शान्तिको ताना पो किन तुनुँ ?

गौतम बुद्ध, जनकको शान्तिवाणी फैलिएको हाम्रो देशमा सामन्ती राजतन्त्र र निरङ्कुश पञ्चायती शासन व्यवस्थाले दसवर्षे जनयुद्ध निम्त्यायो । युद्धमा कयौं चेलीका सिन्दुर पुछिए, बालबालिका टुहुरा भए, कसैको सर्वश्व हरण भयो, जे भयो शान्तिप्रिय जनताको निम्ति विष भयो । तैपनि जस्तासुकै शत्रु पनि एक दिन मिलन विन्दुमा आउनै पर्थ्यो, आए । मंसिर ५ मा नेपालमा विस्तृत शान्ति सम्झौता भयो । एकले अर्कोलाई भिराइएका आतङ्ककारीका बिल्ला फिर्ता भए । कवि शर्मा भन्दछन् - वनपाखा जङ्गलमा हरियाली छाएको थियो, स्वच्छ नेपाली हावा बहने गर्दथ्यो, त्यहाँ यसरी रगतले छाएर ल्याएको शान्तिमा कुनै मतमतान्तर नराखी शान्तिको संस्थागत विकास हुनुपर्दछ । जनताले सुखको श्वास फेर्न पाउनु पर्छ । विदेशी शक्तिसामु अब नेपालीको नुर मुहार देखाउनु नपरोस् । आफ्नो त्याग गरेर स्वर्गबाट हेरिरहेका ती वीर सहिदले पनि नसरापून् । दीनहीनहरूको चहराइरहेको घाउमा मलहम लगाउनु पर्दछ । परिवर्तनकारी शक्तिमा यो चेतना नआएर सत्तामा गएर आफ्ना सबै दायित्व बिर्सियो, जिम्मेवारी बिर्सियौ भने तिमीलाई नेपाल र नेपालीले सराप्नेछन्, नेता जनउत्तरदायी बन्नु पर्दछ, बनेनौ भने पुनः तिम्रा लागि जनआन्दोलन भाग ३ आँधी बनेर आउनेछ । अजिङ्गररूपी सामन्तवाद कुचोले बढार्नेछ । त्यसैले आजैदेखि चनाखो, सचेत र सतर्क बनेर राष्ट्र निर्माणमा जुट भनेर कवि शर्माले नेतालाई राष्ट्रप्रेमको सन्देश कृतिमार्फत् दिएका छन् ।

कविता सरल छ, राजनीतिक विषयवस्तु नेपालको जनआन्दोलन भाग तिनको आवश्यकता र यथार्थतालाई व्याख्या गरिएको छ भने आन्दोलनका उपलब्धीमा रमाउने भन्दा त्यसपछिका दिनमा जनता हँसाउने र समृद्ध नेपाल बनाउने सन्देशमूलक भाषाशैली प्रयोग गरेका छन् । दरबारिया भाषाका शब्द तत्सम शब्द, आगन्तुक, हिन्दी भाषाका शब्द संयोजन गरिएको छ । कसिलो अन्तर लयात्मक श्रुतिमधुरता, बोधगम्यता यस कविताका मौलिक भाषा शैली हुन् ।

जब हरेक देशमा निरंकुशताले जरा गाड्छ, तब जनता आन्दोलन गर्दछ, शासकले दबाउँछ, जनता जायज माग लिएर प्राण आहुति गर्छन्, नेपालमा २०६३ सालको जनआन्दोलन यसरी नै सफल भएको तर नेताले अकर्मण्यता देखाएमा जनआन्दोलन भाग ३ ले फेरि नेताको समेत सफाया गर्न सक्नेछन् भन्नु नै अहिलेसम्म शान्ति हाँस्न नसकेका घाउहरूको रूपमा नेपाल रहेको छ ।

### ५.२.२.३. पवित्र जल

पवित्र जल कविता पैसट्ठी पङ्क्तिमा विस्तारित छ, संस्कृतका पवित्र “हरहर गङ्गे जय काशी” जस्ता वाक्यले कवितालाई आध्यात्मिकतातर्फ डोऱ्याएको छ । प्रसिद्ध नदी काली गण्डकीमा बेनीबजारबासीहरूले खसी राँगा काटेर फोहोर फालेर ट्वाइलेटका फोहोर निकास नै नदी बनाएर पवित्र नदी अपवित्र बनाइएको छ । जसबाट हाम्रो धार्मिक मूल्य र मान्यता दिनानुदिन ओरालो लागेको छ । यसरी धर्मकर्मबाट विमुख भएर शालीग्राम जो विष्णुको अवतारका रूपमा लिइन्छ । त्यस्तो नदीको पवित्र जलमा दिसापिसाब, मरेका पशुहरू फालेर अपवित्र बनाउने, अर्कोथरी हरहर गंगे भन्दै त्यही नदीको जलले नुहाउने परम्परालाई यथार्थ रूपमा विषयवस्तु बनाई उक्त कविता लेखिएको छ ।

पवित्र जलको सन्तृप्त घोलले<br>
कमण्डलुभरी टाउकामा खन्याउँदै<br>
मन्त्रोच्चारण गरिरहेका थिए<br>
हरहर गंगे जय काशी<br>
सायद आइँको आन्द्रो समेत<br>
कमण्डलुमा तैरिएछ क्यार<br>
पछिल्लो उच्चारणमा<br>
हरहर गंगे छया ... ! भन्दै भट्टाए । (पृ. १०)

कवि शर्मा कविताको सुरूमा नै भन्दछन् - विहानै उठेर नित्य कर्म गर्न कोठादेखि बाहिर निस्कँदा नजिकको कालीगंगामा त्यो विकृतिजन्य अवस्था देख्छन् - जहाँ देशी विदेशी मिलेर राँगा काटेर मलमूत्र नदीमा मिलाइएको छ । नदी किनारा रगत र लादीले चन्दनलेपन गरेजस्तो देखिन्छ । व्यङ्ग्यात्मक शैलीमा कविले भन्छन् - भैंसी र राँगाहरू कालीगण्डकीमा अन्त्येष्ठी भएका छन्, विभिन्न भेराइटीका लेदाहरू समेत त्यही मिल्क्याइको छ । दिसापिसाव त्यही फ्याँकिएको छ, तल त्यही नदीको जल पवित्र मान्दै हरहर गंगे काशी भन्दै भक्तजन नुहाइरहेका छन्, सायद ती भक्तको कमण्डलुभित्र भैंसीको आन्द्रा समेत पर्न सक्ने सम्भावना औंल्याउँदै पछि त्यही भक्तले हरहर गंगे छया ! भनेर

उक्त जललाई तिरस्कार गर्न पुग्दछ । राष्ट्रप्रेम सीमानामा होइन, कविको राष्ट्रप्रेमको भावना कालीनदी र त्यसको जलमा तैरिएको फोहोरले हटाउने तर्फ छ । पवित्र हिमाल पग्लेर शालिग्राम पखाल्दै आएको पवित्र जल र त्यसको महिमा बुझ्न नसक्नु, यसरी यस्तो फोहोर गर्नु हाम्रो सबैभन्दा ठूलो भूल हो ।

सभ्यता र सृष्टिको बहाव पवित्र नदी आफ्नै सन्तानको अपमानले रोइरहेकी छिन् भन्दै कवि शर्मा बेनीबासीहरूको अथक प्रयास र पवित्र मनले नदी सफासुग्घर र शालिन बनाउनु पर्दछ ।

कविताको भाषा सरल र सुबोध्य छ, संस्कृतका शब्द र वाक्यांश (श्लोक)ले श्रुतिमधुरता थपिदिएको छ । नित्यकर्मको अवस्थामा कालीनदीका तिरमा दृष्टि जानु, जहाँ राँगा काटिएका नजिकमै होटलका फोहोर फ्याँकिएको दृश्यलाई अविधा तथा व्यञ्जना शैलीमा प्रस्तुत गरिएको छ । जे हुनुपर्छ, त्यो भएन, जो नहुनुपर्थ्यो त्यो भयो, आध्यात्मिक तथा पूर्वीय संस्कृतिमा नदीजलले नुहाए स्वर्ग गइन्छ भनेर सर्वस्व भगवानमा लीन हुँदै नुहाउन आएका भक्तजनका कमण्डलुमा भैंसीका आन्द्रा परेको दृश्य काल्पनिक रूपमा व्यक्त गरेका छन् । कविता कतै यथार्थवादी दृष्टिबाट अघि बढेको छ । बिम्ब, अलङ्कार र प्रतीकको प्रयोग गरिएको र खँदिलो भाषाको प्रयोग गरिएको छ ।

विश्वमा शालीग्राम पाइने एक मात्र नदी कृष्णगण्डकी बेनीबासीले देखाएको अकर्मण्यता र जिम्मेवारविहीन क्रियाकलापले कविको आत्मा जलेको छ । राष्ट्रप्रेम भावना देशमा रहेका ढुङ्गा माटो, नदी नाला, हिमालमा हुनु पर्छ । स्वच्छ र पवित्र भावना राखी धार्मिक दृष्टिले अगाडि बढ्नुपर्ने विचार राख्दै कविताका माध्यमले राष्ट्रप्रेमको भावना व्यक्त गरेका छन् ।

### ५.२.२.४ सुनामी र शहादत

बैसट्ठी पङ्क्तिमा रचना गरिएको प्रस्तुत 'सुनामी र शहादत' कविता सङ्घर्षको पर्यायका रूपमा रहेको छ । जीवन र जगतमा अस्तित्वका लागि गर्नुपर्ने सङ्घर्ष, एक युगले अर्को युगसँग गर्ने प्रतिस्पर्धा र राष्ट्रको अस्तित्व जोगाउन विरहरूले गरेको सङ्घर्ष, राष्ट्रिय अस्तित्वका लागि नेपालीले गरेको सङ्घर्ष, सामन्तवादी राजतन्त्रको अजिङ्गरसँग गरेको सङ्घर्षले अझै पनि नेपाल स्वतन्त्र बन्न नसकेको यस्तै अवस्था हुने हो भने

देशबाट सामन्तवादी प्रवृत्ति हटाउन अर्को चर्को आन्दोलनको आवश्यकता रहेको विषय नै कविताका मूल विषय हुन् ।

सुगौली सन्धीले टोकेका सैनमा
अझै सुस्ता महेशपुर टोकिए
बाँके बर्दिया र कैलालीहरू टोकिए
नदीनालाहरू दंशित,
सग्लो देश दंशित भयो ।

'द्वन्द्व' ठूलो विषयमा हुँदैन, परमाणुभित्रका ठूलो इलेक्ट्रोन र प्रोटोनबिच पनि द्वन्द्व, निषेध निषेधको नियममा पनि, तत्व तत्वमा पनि द्वन्द्व हुन्छ, मानवका पुर्खा रामापिथाकस र चिम्पाञ्जीले पनि सङ्घर्षबाटै मानवीय अस्तित्व जोगाउन सफल भएका हुन् । एउटा युगले अर्को युगसँग सङ्घर्ष गरेर, आफ्नो युगको रक्षा गरेको हुन्छ, नेपाल पनि यस्तै वीर पुर्खाहरूको बलिदानीपूर्ण सङ्घर्षले विश्वमा वीर गोर्खाली, बहादुर नेपाली भनेर चिनिँदै अस्तित्व जोगाएको मुलुक हो । चार जात छत्तिस वर्णको साझा फुलबारीको परिभाषाले जातीय एकता कायम गरी निर्माण गरेको देशको अस्तित्व आज देशको सिमाना र मानवीय विवेकबाट क्रमशः मेटिँदैछ, एकातिर अढाइसय वर्ष पुरानो राजतन्त्र टाउको हल्लाएको छ, अर्कोतिर नेतामा अकर्मण्यता छ, त्यसको बदला भारतले रातारात नेपालका जङ्गी पिलर नेपालतिर घचेट्दैछ । अङ्ग्रेजहरू विभिन्न बहानामा नेपाल पस्दैछन्, सीमा मिचिँदैछन्, येनकेन प्रकारेण नेपाललाई आफ्नो पक्षमा मिलाइँदैछ । यसका निम्ति प्रत्येक नेपाली जुट्नुपर्छ, नेताले यसैगरी सामन्तीसँग पौंठेजोरी गरेर बस्ने, देश र जनताप्रति आँखा चिम्लने हो भने फेरि तेस्रो जनआन्दोलन आउने छ, हजारौं योद्धाले शहादत प्राप्त गर्नेछन्, त्यसबेला नेपालप्रति कुदृष्टि राख्ने विदेशी ब्वाँसाहरूले सबै सखाप पर्नेछन् भन्ने विचार नै कवि शर्माको मुख्य राष्ट्रिय चिन्तन हो ।

यो कविता संस्कृतका तत्सम, तद्भव र आगन्तुक तथा हिन्दी भाषाका शब्द समेतको प्रयोग गरेर लेखिएको छ । सङ्घर्षलाई अर्थपूर्ण तरिकाले व्याख्या गर्दै वर्ग सङ्घर्ष र राष्ट्रिय अस्तित्वका लागि गरिने सङ्घर्ष एक अर्को बिचको शोषण र शोषितको अवस्थाबाट सृजना हुन्छ भन्ने कुरालाई सुन्दर र सिलसिलेबार ढङ्ग वा शैलीमा प्रस्तुत गरिएको छ । कविता रोचक छ, भावुक छ, राष्ट्रप्रेमको भावनाले प्रेरित छ, सहिदको सपना

त्यो बेला पूरा हुन्छ, जुनबेला नेपालमा शान्ति हुन्छ, जनता एक आपसमा मिलेर बस्छन्, विकास हुन्छ । यी आदि आधार र निमकहरामी सभासद्प्रति व्यङ्ग्य प्रहार गर्दै शीर्षकलाई सार्थक तुल्याइएको छ ।

### ५.२.२.५. ......**भाग तीन**

गद्यलयको ८६ पङ्क्तिमा संरचित यस कवितामा गुच्छकमा विभाजन गरिएको छैन । यसमा राष्ट्रिय स्वार्थका लागि त्याग गर्ने तर सत्तामा नजाने कसम खाएको तर केही समयपछि नै मन्त्री भएको बामपन्थी नेतालाई व्यङ्ग्य गरिएको छ । २०६४ सालमा लेखिएको प्रस्तुत कविताले अन्तरिम संविधान २०६३ मार्फत् संसदमा पुगेर मन्त्री भएका तत्कालीन विद्रोही माओवादीका नेताहरूलाई व्यङ्ग्य गरेको छ ।

अजिङ्गर हुँडारहरू जस्ताको तस्तै छन्
तिम्रा अग्रजहरू उस्ताको उस्तै छन्
फाल्नै पर्ने पो के फाल्या छौ र ?
ढाल्नै पर्ने पो के ढाल्या छौ र ?

राज्यसत्तामा पुगेसँगै आफ्नो विगत र हैसियत दुबै बिर्सने नेताहरूको प्रवृत्तिमाथि व्यङ्ग्य गर्दै कविले कामरेडी मन्त्री बन्नेबित्तिकै गाउँका आटोरोटो र निवर्तमान लुगाफाटो बिर्सिएका छौ कि ? भन्ने प्रश्न गरेका छन् । हिजोसम्म राज्यसत्ताको लोभमा नपरी जनताको सेवा गर्छु भन्ने आज कसरी मन्त्री भयौ भन्दै कविले क्रान्तिकारी नेता मन्त्री हुनु भनेको असङ्ख्य बामपन्थी नेता, दाम वा नाम कमाएर दरबार छिरेका बताउँदै उनले तर दरबारले भने जनताको नासो प्रजातन्त्रलाई पटक पटक अपहरण गर्दै आएको विचार व्यक्त गरेका छन् । उहिलेका बामपन्थी क्लास र अहिलेको तिनका नेताको व्यवहार सिक्वेन्स नमिलेको तासजस्तो भन्दै कविले सामन्तीहरूको नाइकेको नेतृत्वमा मन्त्री बन्नलाई मार्क्सवादी परिभाषा नै फेरिएको हो कि भन्ने व्यङ्ग्य गरेका छन् । नेपालको राजदरबारलाई अजिङ्गरसँग तुलना गर्दै कविले मूर्ति, जाँगा, चरेस पचाउने यो अजिङ्गरले नेपालको वनजङ्गल पनि पचाएको भन्दै यसलाई मरेको वा कमजोर भएको भ्रममा नपर्न आग्रह गरेका छन् । २०६२/०६३ को जनआन्दोलन पछि नयाँ नेपालको कुरा खुबै उठेकोमा व्यङ्ग्य गर्दै कविले फाल्नै पर्ने र ढाल्नै पर्ने कुरा बाँकी छँदाछँदै स्याल, हुँडार र अजिङ्गरको

अन्तिम सास रहेसम्म नयाँ नेपाल नबन्ने विचार पनि व्यक्त गरेका छन् । धुकधुकी बाँकी रहेको अजिङ्गर जागेर आफ्नो पुरानै हर्कत देखाउने सम्भावना रहेको भन्दै कविले अधकल्चो अवस्थामै अन्तिम लडाइँ जितेको भ्रम नपाल्न अनुरोध गरेका छन् । यदि अजिङ्गर बौरिएर पुरानै हर्कतमा आए मुलुकमा आन्दोलन भाग ३ अवश्यंभावी रहेको भन्दै कविले सचेत रहन कामरेडी मन्त्रीहरूलाई आग्रह गरेका छन् ।

२०६२ को आन्दोलन पछि अस्तित्वविहीन अवस्थामा पुगेको राजतन्त्र पुरानै हैसियतमा फर्किएर पार्टी र जनतालाई दुःख दिनसक्ने सम्भावना देखाउँदै लेखिएको यो कविता अति नै मार्मिक छ । सरल भाषाशैली र सहज अभिव्यक्तिले कविता कलात्मक एवम् आकर्षक बन्न पुगेको छ ।

### ५.२.२.६. आऊ ... ! एक पटक लोकतन्त्र चाटौं

निरंकुश पञ्चायती व्यवस्थाको पतनपछि वि.सं. २०४७ सालमा बहुदलीय व्यवस्था अनुकूल संविधान बन्यो । बहुदलीय व्यवस्थाले संस्थागत स्वरूप ग्रहण गर्न २०४८ सालमा चुनाव भयो । तत्कालीन संविधानले राजालाई अधिकारबाट पूर्ण बञ्चित बनाउन नसक्नु, दल र तिनका नेता व्यक्तिगत स्वार्थमा लागेर मुलुकप्रति गैह्र जिम्मेवार बन्नु जसको फाइदा राजा ज्ञानेन्द्रले लुट्नु जस्ता विषयमै कविताका विषय हुन् भने आन्दोलनमा देश र जनताको हित र कल्याणका निम्ति बलिदानी दिएको व्यक्तिको परिवारको बिचल्ली पनि प्रस्तुत कविताको विषयगत परिधि हुन् । उनन्तिस पङ्क्तिमा संरचना गरिएको प्रस्तुत कविताका विषय गम्भीर प्रकृतिका छन् ।

लोकतन्त्र आएको यो बेला
रूनु अलक्षणको सङ्केत हुनेछ
चिन्तित हुनु अशुभको संकेत हुनेछ
त्यसैले त हो नि आम्मै मैले भन्या
जवान बुहारीको रित्तो सिउँदो र
निरस सेतो पहिरनले
सधैं सधैं धैर्यता मात्र साटौं

आऊ ... ! एकपटक लोकतन्त्र चाटौं ।

प्रस्तुत कविता जनआन्दोलन भाग २ को सफलतापछि वि.सं. २०६३ सालमा विस्तृत शान्ति सम्झौता भयो । सहिदका परिवारलाई ठूलो आश्वासन देखाइयो । राहत दिने वचन राज्य र विद्रोही दुबै पक्षले गरे; तर जब सत्ता साझेदारी भयो, सरकार गठन भयो । त्यसपछि सबै पार्टी र दलले ती मर्माहत परिवारको बारेमा कुनै चासो देखाएनन् । टुहुरा बालबालिकाको बुबा, आमा नभएको बुढाबुढीले आफ्नो भविष्यको आधार वंश गुमाएको पिर र व्यथा एकातिर छन् तर लोकतन्त्र वकालत गर्ने र आश्वासन दिने व्यक्तिको कमी भएन, नेपाली नागरिक लडाइँका पुरोडास बनाइए । लोकतन्त्रको प्राप्तिपछि पनि कुनै राहत नपाएको अवस्थालाई ससुराले आफ्नी बुहारीको सेतो निरस पहिरनप्रति भाव विह्वल हुँदै सधैं यस्तै धैर्यता मात्र लिनु त लोकतन्त्र चाट्नु आफ्ना अमूल्य नातागोता गुमाउनु मात्र हो भन्ने भाव व्यक्त गरेका छन् । दोस्रो परिच्छेदमा विभिन्न आदर्शले देश जसरी गुञ्जिएको छ, त्यसरी नै गास बासका साथ आफन्त गुमाएका व्यक्तिहरूको स्वर गुञ्जिएको छ । नेतालाई नाम र दाम चाहिएको छ । होटेल रेष्टुराँमा नेता झुलेका छन्, त्यो नै राष्ट्रका लागि दु:खको कुरा हो । लोकतन्त्र चाट्ने वस्तु बनाउने होइन, बलिदान गरेका व्यक्तिहरूको भावना साट्ने विधिको शासन हुनुपर्दछ भन्ने भावना व्यक्त गरिएको छ ।

कविता सरल छ । द्वन्द्वपीडितका भावना सिलसिलाबद्ध ढङ्गले प्रस्तुत गरिर्एको छ, प्राकृतिक र मानवीय व्यवहार जस्ताको तस्तै उतारिएको छ । मर्माहत मन र मस्तिष्कलाई सान्त्वनाले अड्याइएको छ, आँखाबाट आँसु झर्नु, अशुभ मान्नेले आँसु पुछ्ने नीति ल्याएको छैन ।

लोकतन्त्र सार्वभौम नेपाली जनताको लागि अति प्यारो कुरा हो । यसमा नेताको अकर्मण्यताले जनता पीडित छन्, सत्तामा पुगेपछि नेता जनता बिर्सन्छन् भन्ने कुरालाई उनले स्पष्ट रूपमा व्याख्या गरेका छन् ।

### ५.२.२.७. तस्वीरहरू

प्रस्तुत 'तस्वीरहरू' शीर्षक कविता ध्रुवलाल शर्माको २०६५ सालमा प्रकाशित 'तस्वीरहरू कविता सङ्ग्रह'को शीर्ष कविता हो । जम्मा ७५ पङ्क्तिमा पूर्ण बनेको यस कवितामा 'लडाइँमा जनता' शीर्षकको फोटो प्रदर्शनीको अवलोकनपछि कविको मनमा

उब्जिएका विचारलाई प्रस्तुत गरिएको छ । यसले लडाइँको क्रममा राज्य र विद्रोही दुवैको चेपुवामा परेका अनगिन्ती जनताका दुःखको कारूणिक अवस्थालाई विषयवस्तु बनाइएको छ ।

'लडाइँमा जनता' शीर्षकको फोटो प्रदर्शनीको अवलोकन गरेका कविले त्यसबाट निःसृत भावनालाई कवितामार्फत् अभिव्यक्त गरेका छन् । फोटो प्रदर्शनीमा आफूले जतातत्तै नाश, ध्वंश र जम्माजम्मी त्रासदीपूर्ण इतिहासको अवलोकन गरेको कविको ठम्याइ छ । पहिले पहिले विदेशमा लडाइँमा परेर मान्छे मारिएका समाचार सुन्ने गरेको बताउँदै कविले अहिले आफ्नै देशमा त्यस्तै विध्वंश मच्चिएको भन्दै चिन्ता व्यक्त गरेका छन् । युद्धका कारण विधुर, विधवा र टुहुराहरूको संख्या बढिरहेको, मंगलसेन, दाङ, बेनी हुँदै युद्धको सन्त्रासलाई फोटो मार्फत् नियाल्ने अवसर पाएको कविको भनाइ छ । कोही शस्त्रको दम्भले मरे भने धेरैजसो बाच्छाको मिचाइमा परेको कविको विश्लेषण छ । डढेको कपिलवस्तु र अन्य सदरमुकाम देख्दा जङ्गली युग आएको आभाष भएको भन्दै कविले जतातत्तै मृत्युले जितेको बेला रोदन र चित्कार गीत बनेको डरलाग्दो अवस्था सिर्जना भएको विचार व्यक्त गरेका छन् । फोटो प्रदर्शनीलाई 'लडाइँमा जनता' नाम दिइएको भए पनि कवि-दृष्टिले लडाइँमा जनतालाई नदेखेको बरू त्यसको ठाउँमा मर्न र मार्न तम्सिएका नाजी-वंशका मान्छेको मात्र सहभागिता रहेको विचार व्यक्त गरेका छन् । नेपाल आमाको स्वाभिमान र वीर सपूतहरू हारेको मन्दै कविले देशलाई ठेस लाग्ने अवाञ्छित क्रियाकलाप भयो वा नेपाल आमाको अस्तित्वमाथि सङ्कट आइलाग्यो भने बुकुरा वस्तीका वास्तविक जनता देशरक्षाको लडाइँमा सहभागी हुने विचार व्यक्त गरेका छन् ।

सुनामी र साहदत
सुगौली सन्धिले टोकेका सैनमा
अझै सुस्ता महेशपुर टोकिए
बाँके बर्दिया र कैलालीहरू टोकिए
नदीनालाहरू दंशित,
सग्लो देश दंशित भयो ।

यसरी प्रस्तुत कवितामा ध्रुवलाल शर्माले 'लडाइँमा जनता' भनिए पनि निशस्त्र जनता कुनै लडाइँमा सरिक नभएको बरू जनताको दुहाई भएको युद्धमा निरीह जनता नै

मारिएको तीतो यथार्थ ओकलेका छन् । मुलुकको अस्तित्व रक्षाका लागि आम नेपाली जनता सक्षम रहेको भन्दै कविले जनतालाई कमजोर नठान्न चेतावनी दिएका छन्।

सशक्त विचार, सरल भाषाशैली र कलात्मक प्रस्तुतिका कारण यो कविता उच्च कोटिको बनेको छ । साथै आलङ्कारिक अभिव्यक्तिले कवितालाई अरू कलात्मक बनाउन सहयोग पुऱ्याएको छ ।

### ५.२.३. प्रतिच्छाया कविता सङ्ग्रहमा सङ्कलित राष्ट्रिय भावनाका कविताहरू

#### ५.२.३.१. तिम्रै जीत भयो

यो कविता तिन परिच्छेद र चौरासी हरफमा संरचित छ । नेपालमा राजतन्त्रको इतिहास निकै लामो छ । राजा सधैं देश र जनताप्रति उत्तरदायी हुनुपर्छ । नेपालका अन्तिम राजा ज्ञानेन्द्र नेपालका सबैभन्दा पतित राजा भए, जसले आफ्नो सहोदर दाजुको वंश विनाश पारेर राज्य सञ्चालन गर्ने धृष्टता गऱ्यो । हत्यारालाई कारवाही हुनुपर्नेमा उल्टै दरबारमा ससम्मान राख्ने काम गरेको कटु यथार्थ नै यस कथाको विषयवस्तु हो ।

हरेक देशमा राष्ट्राध्यक्ष राष्ट्रको प्रतीकको रूपमा रहनुपर्छ तर नेपालका अन्तिम राजा ज्ञानेन्द्र सहोदर दाजुको सपरिवारको सदाका लागि अन्त्य गराएर एकाएक राजा घोषित भएको एक निरंकुश स्वेच्छाचारी राजा बने । जनतालाई यो निकृष्ट कार्य असह्य भयो र राजतन्त्रको अन्त्यका लागि आन्दोलन भयो । राजालाई राजदरबार छाड्न बाध्य पारियो । कविको विचारमा यसरी हत्याका शृङ्खलाबाट शक्तिमा पुगेकोलाई विधिको शासन हुन्थ्यो भने कसुरदार ठहऱ्याएमा अदालतमा उभ्याउनु पर्थ्यो तर उभ्याइएन, नारायणहिटी राजदरबाट नागार्जुन दरबारमा सारियो । सत्तामा नहुँदा पनि देशको धन दौलत लुटेर तस्करी गरेर राष्ट्रिय सम्पत्ति नोक्सान पार्ने व्यक्ति सदाका लागि नाङ्गेझार हुनुपर्नेमा भएन, यो देशका लागि झन् अभिशाप भएको छ । विषवृक्ष उखेलेर फ्याँक्नु पर्नेमा स्थान परिवर्तन भयो तर जे भयो अब त्यस्तो नहोस्, व्यक्ति होइन, विधिको शासन चल्नुपर्छ । ऐतिहासिक जनआन्दोलन भाग २ बाट राजतन्त्रको अन्त्य भएर राजा प्रजाको बिचको दुरी घटाएर समानता कायम गर्ने काम भएको छ ।

यस कविताको भाषाशैली सरल छ । "…. तिम्रै जीत भयो" बाट सुरू गरिएको यस कविताको भाषाशैली सरल छ । कवितामा कतै संस्कृत तत्सम शब्द तथा कतै नेपाली शब्दको प्रयोग छ । द्वन्द्वका एक शक्ति राजा र अर्को शक्ति जनता हुन स्वयं कवि जनताको प्रतिनिधि भएर पूर्व राजा ज्ञानेन्द्रलाई दाजुका रूपमा चित्रित गरेका छन् । यसले अभिव्यक्तिलाई अझै मिठास थपिदिएको छ ।

### ५.२.३.२. रमाएको छु म

प्रस्तुत कविता दुई परिच्छेद र एकसट्ठी हरफमा विस्तारित छ । सुन्दर नगरी पोखराको नगर प्रशिक्षण केन्द्रमा नेपालका वरिष्ठ साहित्यकारहरूको जमघटमा आफू म्याग्देली टोलीको नेतृत्व गर्न पाएकोमा खुसी व्यक्त गरिएको छ । साथै नेपालका विभिन्न जातजाति जो आज एक्काइसौं शताब्दीमा पनि जङ्गल, भीरपाखामा जिन्दगी गुजारा गरेका छन्, ती देशको त्यस्तो प्यारो वनजङ्गलको स्वर्गीय आनन्दमा द्वन्द्वका कारण बम र बारुदको कारण अशान्ति फैलाइदिएको छ । नेपालको वास्तविक मौलिकता हराएको छ, यसको दोषी आफू नै भएको प्रसङ्ग जोडेका छन् ।

साहित्य परिवर्तनको वाहक हो । नेपालले विदेशीहरूको इसारामा नाचेर स्वदेशप्रति आँखा चिम्लने निच व्यवहार देखाउनु हुँदैन, स्वदेशको माया स्वदेशी प्राण नै हो । त्यसैले पोखरामा आएका विद्वत् व्यक्तित्वहरू उत्तरमा हिमालयदेखि दक्षिणमा जङ्गीपिलरसम्मका कलापारखीहरूको जमघट छ, त्यसैले हाम्रो देशको मौलिकता बचाउन हामी हाम्रो मौलिक भाषाको प्रयोग गर्नुपर्दछ । एक्काइसौं शताब्दीमा देश शिक्षित, शान्ति र समुन्नत नेपाल हुनुपर्थ्यो तर नेपाली धर्तीका वस्ती जहाँ बम बारुदका धुवाँले ध्वस्त परे, अशान्तिले नेपाली ग्रामीण भेगका जनता सहर पसेर त्यहाँ बङ्कर बनेका छन् । युगौं पुरानो सामन्ती संरचना अन्त्य गर्न सकिएन । हरेक देश आज विकासको शिखर चुम्न सफल भईसके पनि हामी गिठाभ्याकुर खाने र जङ्गलमा बस्ने परिस्थितिमा छौं ।

भाषा पनि राष्ट्रिय पहिचानको वस्तु हो । नेपालीपन जोगाउन भाषा संस्कृति संरक्षण गरिनु पर्दछ तर आधुनिक र अङ्ग्रेजी भाषाको प्रभावले हाम्रा भाषाको अस्तित्व हराइसकेको छ । बाबुबाजेले बोलेका भाषा छोरा जातिले बिर्सिसके ।

मैले त जतातत‌ै देख्दैछु मित्रहरू

उनै डेडी र ममीले मिचिएर

हाम्रा बाबाआमाहरू सिन्की परिसके

अङ्कल र आन्टीले मिचिएर

मामा र छामा मरिसके ।

कविताको भाषा सरल छ । कविको एकोहोरो चिन्तन भावना व्यक्त छ । प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । विशिष्ट साहित्यकारहरू समक्ष सामीप्यता कायम गर्न साहित्यकारहरू जुट्नु पर्दछ भन्ने सन्देश दिइएका छन् । व्यङ्ग्यात्मक शैलीमा पनि मनका भाव व्यक्त गरिएका छन् -

म त बिर्सने सङ्घको सभापति

सम्झँदा सम्झँदै भर्लक्क भुल्न सक्छु ।

साथै कलासाहित्य र सङ्गीतको त्रिवेणीमा स्वदेशी मायामा रमाएको भावना नदी तरङ्गझैं व्यक्त भएका साहित्यिक जमघटमा कवि धौलागिरि हिमालको छाया र आफ्नै म्याग्दीबासीको न्यानो माया लिएर आएको भाव व्यक्त हुनु पनि राष्ट्र प्रेम वा भाव मौलाएको पाइन्छ ।

### ५.२.३.३. शर्महीनता

प्रस्तुत कविता एकै हरफका एकचालिस पङ्क्तिमा विस्तारित छ । विस्मयादिबोधक चिह्नको प्रयोग गरी सुरूआत गरिएको कविता राज्यसत्ताको मर्म र धर्म नबुझ्ने सभासद्प्रति आश्चर्यचकित भएर कविता अघि बढाइएको छ । नेपाल गणतान्त्रिक मुलुक घोषणा भएको हेर; जसलाई संस्थागत गर्न संविधानसभाको निर्वाचन गरियो, पहिलो निर्वाचन निरर्थक बन्यो । इतिहासमा पटक पटक हुने संविधानसभाको गठन सधैं विरोध, तोडफोड, बन्द, हड्तालमै बितेको, संविधान निर्माणतर्फ कोही जिम्मेवार नभएको जनताका पिर मर्का जस्ताको तस्तै रहेको सामन्ती सरकारको जरो उखेल्न बाँकी रहेका

नेताहरू विदेशीसँग हात फिजाउन लघु विश्व भ्रमणमा निस्कने प्रवृत्तिगत विषयवस्तु प्रस्तुत कवितामा समावेश गरिएको छ ।

सभासद् हामी को हौं ? भन्ने कुरा नबुझ्नु सबैभन्दा ठूलो भूल हो । चुनावका बेला जनतालाई झुठो आश्वासन बाँड्नु र सत्तामा पुगेपछि आफ्ना वाचा कबोल बिर्सेर सत्ता लिप्सामा हुनु र सय दिन काटिसक्दा पनि पनि संविधान निर्माणतर्फ ध्यान दिन नसक्नु नेपाली जनताको मतको अपमान हो । लोकसम्मति अनुकूल संविधान निर्माण गरी देशमा शान्ति, सद्भाव र अमन चयन कायम हुनुपर्दछ, यही कामको जिम्मा नेपालको संविधान अनुसार सभासद्हरूलाई दिइएको हो; तर लाजमर्दो कुरा उनीहरू यस तर्फ कुनै चासो राखेनन् । एक्काइसौं शताब्दीको दर्शन छाँटेर हिँड्ने नेतामा सोह्रौं शताब्दीको देश र जनताको अवस्थाप्रति ध्यान नजाँदा कवि चिन्तित छन् । शान्तिको प्रतीक परेवा वा वस्तीमा वाजको रजाइँ चलिरहेको छ । अब देशमा युद्ध होइन, शान्ति कायम गर्नुपर्दछ । युद्धले क्षतविक्षत पारेका नेपाली दाजुभाइको घाउमा मल्हम पट्टि लगाउनु पर्छ तर लगाइएकै छैन ।

युद्ध पिपासुद्वारा क्षतविक्षत अङ्गहरूमा

मलमपट्टिका काम थालिकै छैन हजुर ।

नेपाली ठेट शब्दको प्रयोग गरिएको छ । कविले राष्ट्रको बिग्रँदो स्थितिप्रति चिन्तित हुँदै सभासद्हरूको आश्चर्यचकित व्यवहार मूल्याङ्कन गर्दै सुरूमै विस्मयादिबोधक चिह्नको प्रयोग गरेका छन् । जनतालाई दिइएको आश्वासन, सभासद्ले आफ्नो जिम्मेवारी पूरा गर्न तथा शान्ति कायम गर्न, नेताहरू स्वदेशमा भएका पर्याप्त स्रोतसाधन परिचालन गर्नुको सट्टा विदेशमा भिक्षाटन गर्ने प्रवृत्तिलाई मिठो कसिलो भाषा शैलीमा प्रष्ट पारेका छन् । संस्कृत तत्सम तत्भव शब्द, बिम्ब र प्रतीकको प्रयोग व्यापक रूपमा गरिएको छ ।

इतिहासमा एक पटक संविधानसभाको चुनाव हुन्छ । जनचाहना अनुसार संविधान निर्माण गरी देशमा दिगो शान्ति कायम हुन्छ तर हाम्रो देशका सभासद्हरू बाघको छालामा स्यालको रजाइँ जस्तै लडेर, दलीय स्वार्थ पूरा गर्न उद्यत रहेर राष्ट्रियताप्रति

आँखा चिम्लिएका छन्, यो नै नेपालका शासक सभासद् तथा जिम्मेवार व्यक्तिहरूको कायरता हो भनेर कविताको शीर्षक नै शर्महीनता राख्नु यथार्थमा ठीक हो ।

### ५.२.३.४. मेरो परिचय

व्यक्ति हरेक दृष्टिबाट आफ्नो परिचय दिइरहेको हुन्छ । कोही उद्योगी बनेर कोही सामाजिक कार्य गरेर, राजनीति धर्म प्रचार पेसामा सामाजिक भएर नाम र दाम कमाएर तर कवि माथिका मध्ये कुनै तरिकाबाट पनि नभएर आफ्नो स्वदेशको माया, गौरव र स्वदेशीपनमा प्रकृतिमा आफ्नो परिचय खोजेका छन् । विदेशीको इसारामा नाचे पनि बाहिरी आवरणमा विदेशीको ठाउँबाट भए पनि भित्री मन वास्तवमा नेपाली हुनुपर्छ र नेपाली नै छ भनेकोले यस कविताको शीर्षक नै कविताको राष्ट्रवादी स्वर उद्घोष मुखरित भएको छ ।

कविता त्रिसठ्ठी पङ्क्तिमा विस्तारित छ । हेर्दा चम्पु शैलीको देखिए पनि कविताभित्रै अर्थपूर्ण तरिकाले विषय छुट्याइएको छ । आधुनिकताले नेपालीपन आएको परिदृश्यले छोपिएको शरीर मन पनि नेपालीपन खोजिएको छ । कतैकतै अन्त्यानुप्रासले कविता आकर्षक बनेको छ । कविताको मध्यभागमा म विदेशी भेषभूषाले सजिए पनि मेरो मुटुको धड्कन र श्वास फेराइमा नेपालीपन छ ।

### ५.२.३.५. मुटुभित्रको मायालु ताकम

प्रस्तुत कविता पाँच परिच्छेद र सतहत्तर पङ्क्तिमा विस्तारित छ, गद्यशैलीमा लेखिएको छ । जिल्ला विकास समितिको वार्षिक कार्ययोजना अनुसार पैसठ्ठी सालको इलाका गोष्ठीमा ताकम जाँदा त्यहाँको प्राकृतिक सौन्दर्यता देखेर भाव विभोर हुँदै कल्पनाको सागरमा डुबेर उक्त मुटुभित्रको मायालु ताकम कविता लेखिएको छ । यसमा कविले ताकमको प्राकृतिक दृश्य, त्यहाँको वास्तविक वस्तुस्थिति, पुस्तकालय, स्कुल आदिलाई आफ्नो विषयवस्तुमा समेटेका छन् ।

साहित्यका उपासकहरू प्रकृतिमा भावनात्मक रूपमा डुबुल्की मार्छन्, कल्पनामा रमाउँछन्, मनभित्रका उतारचढावहरूलाई लिपिबद्ध गर्छन् र आफ्नो भावनालाई जीवन्तता दिन्छन् । ध्रुवलाल शर्मा पनि यस्तै प्रकृतिप्रेमी र देशभक्तिपूर्ण भावनाले प्रेरित कवि हुन् । अर्को काम विशेषले ताकम पुगेका शर्मा त्यहाँको माटो, वनजङ्गल, खोलानाला, पुस्तकालयको अवस्था देखेर विदीर्ण बन्न पुग्दछन् ।

यहाँको उर्वर माटामा
थोरै जल तुर्काउन पाएनौ
माटामा मात्र के र नि
आटामा पनि तुर्काउन पाएनौं
वारिको उकालामा अझै
खोइ त सिँढीसम्म गाड्न सकेनौं
करेसै नेरको वनमारा र सिस्नो
अझैसम्म पनि फाँड्न सकेनौं ।

भन्दै लेख्छन् पनि धौलागिरि हिमाल, मङ्गला, दरखोला आदिको माला लगाएको प्राकृतिक छटाले भरिपूर्ण ताकममा विकासले पूर्णता प्राप्त गर्न सकेको छैन । जुन रूपले प्रकृतिले अगाध प्रेम जगायो, त्यही रूपमा मानवीय सचेतता विकसित भएर गाउँको विकास हुन सकेको छैन । छिमेकी गाउँमा आवतजावत गर्न खोलामा पुल हाल्न सकिएको छैन । त्यसैले नजिकका छिमेकी टाढाका बनेका छन् । त्यसैले कविले सबैसँग आग्रह गरेका छन् कि रुम, निस्कोट, ओखरबोट जस्ता गाविस पछाडि परेकाले अब एकजुट भएर अगाडि बढ्नु पर्दछ । विकासको पर्खाइमा रहेको ती भेगमा छिटो विकासका पूर्वाधारको विकास पुऱ्याउनु पर्दछ । जिल्लाकै सबैभन्दा जेठो (तेस्रो) पुस्तकालय पुस्तकालय जीर्ण अवस्थामा छ, त्यसलाई नयाँ रूप दिनुपर्छ, स्कुल बिग्रेको छ, भत्केको छ, त्यसको मर्मत गर्नुपर्दछ । आफ्नो देशमा कसले विकास गरिदेला भनेर कुर्नु हुँदैन । हिमालको काखमा अवस्थित यी ठाउँहरूमा हीरामोती फल्न सक्छ । विदेशमा बगाउने पसिना स्वदेशमा बगाउनु पर्छ र भावी पिँढीहरूलाई देशभक्तिको पाठ पढाउनु पर्दछ । यसैमा राष्ट्रवादी भावना झल्कन्छ, कवि यसरी नै भावुक बनेर राष्ट्रलाई चिनाएका छन् ।

कवितामा सरल भाषाको प्रयोग गरिएको छ । कविता गद्य शैलीमा लेखिएको छ । ताकम गाउँलाई चारैतिरबाट नियालेर प्रकृतिसँग तादात्म्य रहेको बताउँदै मनोरम प्रकृतिको व्याख्याका साथै कमीकमजोरी औंल्याएर विकासका सम्भावनाको ढोका खोलिएका छन् । पारलौकिक ईश्वरीय शक्ति गलेश्वरको भोले बाबालाई गाडी चढाएर ससुराली पठाउने कविको इच्छाशक्तिले शर्मामा राष्ट्रभक्तिको भावना लौकिक र पारलौकिक विषय र सन्दर्भसँग मौलाएको छ । सिलसिलेबार ढङ्ग र मौलिक भाषाको प्रयोग गरिएको छ । परिच्छेदको सुरुआतदेखि अन्तसम्म ताकम, हाम्रो ताकमको पुनरावृत्तिले स्वदेशप्रतिको आफ्नो भाव अगाध रहेको पुष्टि गर्दछ ।

वि.सं. २०६५ सालमा भ्रमणको सिलसिलामा रचित यस कविता ताकमलाई केन्द्र बनाएर आफ्नो राष्ट्रवादी भावना नेपालभर फिँजाइएको छ । हरेक क्षेत्र र विषयलाई समेटिएको छ । सबल र दुर्बल पक्ष औंल्याउँदै राष्ट्र निर्माणमा जुट्न यो कवितामार्फत् सन्देश दिइएको छ । त्यसैले हरेक दृष्टिबाट कविताको शीर्षक सार्थक रहेको छ ।

### ५.२.३.६. आफ्नै देशमा जाऊ

प्रस्तुत कविता एउटै परिच्छेद र चालिस पङ्क्तिमा विस्तारित छ । सुरुमै 'कुन्नि ?' शब्द राखेर नेपालको गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा रहेको नेपाली कांग्रेसको सरकारले आफूलाई महान् चाड दसैंमा म्याग्दीबाट अपायक सरुवा गरी गुल्मी पुऱ्याएकोमा दुःख र आक्रोश व्यक्त गर्दै उक्त कविता रचिएको हो । कुन्नि : शब्द रचनाले आफ्नै जिल्लामा पसिना बगाएर पढाएर खाएको श्रमजीवी, स्वाभिमानी शिक्षकलाई आस्थाकै भरमा अपायक सरुवा गरेर दुःख दिने र भारतीय इसारामा नाचेर देश चलाउने शासकलाई तिमी भारतका हौ कि नेपाली, चिन्न नसकेकोले "कुन्नि ?" शब्द राखेर कविता अगाडि बढाइएको छ । यस कवितामा शासकले सधैं भारतलाई दाइ र नेपाललाई भाइ भन्दै आघि बढाउनु दुःखदायी भएको, स्वदेशप्रति आँखा चिम्लेर प्राकृतिक स्रोत र साधनामा सन्धी सम्झौता गरेर नेपालको विपरीत काम भइरहेकोले भारतको प्रसाद प्रधानमन्त्री बने पनि अब सत्ताको कुर्ची चुम्बन गरी आफ्नै देशमा जान आग्रह गर्नु नै यस कविताको मुख्य विषयवस्तु हो ।

कोइराला सरकारप्रति इङ्गित गर्दै "ए शासकहरू हो ! तिम्रा पिता पुर्खा सधैं भारतकै गुलामी बनेर रहे, तिम्रा भाइहरूको मत अन्य कुरामा नमिले पनि नेपालको हित विपरीत नदीको सम्झौत ागर्न मिल्दो रहेको छ । युगौंदेखि भारतले नेपाललाई स्वतन्त्र देख्न चाहेन, राष्ट्र संघको सदस्यता लिन सहयोग गरेन, तिमीहरू सत्तामा हुँदा कोशी, गण्डकी, महाकाली नदी दान गरेर महान् बन्यौ तर देशप्रति आँखा चिम्लियौ । भारतले नेपाललाई एकैगास अजिङ्गरले भ्यागुता निजेजस्तै निल्न नसकेर चोक्टा चोक्टा पारेको छ, सीमामा बस्ने हजारौं नेपाली रुवाएको छ । तिम्रो मुटुमा भारत धड्कन्छ, तिमी त विस्तारवादका एजेन्ट हौ, नपुंसक हौ । त्यसैले वीरहरूको वीरतापूर्व इतिहास बोकेको नेपालमा हालीमुहाली गरेर देशलाई क्षतविक्षत नबनाऊ, बरु आफ्नै देशमा जाऊ ।"

तिम्रो अन्तिम इच्छा पूरा गर

तिम्रो छातीमा जति भारत धड्कने गर्छ

हाम्रो छातीमा उत्ती नै नेपाल धड्कने गर्छ

तिमीमा जति गहिरो भारत रोपिएको छ

उति नै गहिरो हाम्रोमा नेपाल रोपिएको छ ।

यसरी शर्माले नेपाल र नेपालीहरूको अतुलनीय गौरवको इतिहासलाई नामेट पार्न हुँदैन भन्दै शरीरको महत्वपूर्ण अङ्ग मुटु र मुटुभित्र नेपाल अटाउनुले कवितामा राष्ट्रवादी भावना मौलाएको देखिन्छ ।

कविताको शीर्षक आज्ञार्थ रहेको छ । कविता गद्यशैलीमा लेखिएको छ । प्रश्नोत्तरका माध्यमले सरकार वा शासकलाई स्वदेशमा बसेर विदेशीको इसारामा नाच्ने कुशासक भारतमै लखेट्न उद्यत रहेका वा इतिहासको कालखण्डमा महान पुरुषको दायित्व राष्ट्रका निम्ति हुनुपर्छ, स्वार्थका निम्ति हुनुहुँदैन । यदि स्वार्थपूर्ण व्यवहार नै गर्ने हो भने आफ्नै देशमा जाऊ भनेर अर्थ्याएका छन् । कविताको भाषा सरल र स्पष्ट छ । द्विविधात्मक अर्थ ग्रहण गर्दैन । कवितामा नकटा, अपुंसक जस्ता शब्दहरू प्रयोग गरिएका छन् ।

नेपालको स्वाभिमान, गौरव, इज्जत, प्रतिष्ठा बिर्सेर नेपालमा सत्तामा बसेर भारतको हित अनुकूल शासन गर्ने नेता बरू भारतमै जाऊ, यदि तिमीहरूमा राष्ट्रको प्रेम छ, देशको माटोको माया छ भने देशको शासनसत्ताको वागडोर हातमा लिएर विदेशीको इसारामा नाच्ने काम नगर, देश र जनताको वास्तविकता बुझेर शासन गर, होइन भने जसको भरोसामा बाँचेका छौ, त्यहीँ जाऊ भनेर भनेका छन् ।

### ५.२.३.७. शान्ति

प्रस्तुत कविता वि.सं. २०४१ सालमा लेखिएको हो । अठ्ठाइस पङ्क्तिमा रचना गरिएको यो कविता वैदिक मन्त्र हरि ॐ शान्तिबाट सुरु गरिएको छ । दुई परिच्छेदमा विभाजित उक्त कविता लाजमर्दो नेपाली नेताहरूको व्यवहार देखेर पञ्चायती व्यवस्थाको करिब अन्ततिर लेखिएको हो । राजनीतिक नेताहरूको अकर्मण्यता र जिम्मेवारीविहीन हर्कतका कारण देशमा शान्ति कायम हुन सकेको छैन । भाषणमा शान्ति वकालत गर्ने र व्यवहारले जनतालाई नै शोषण गरेर अशान्ति मच्चाइएका परिस्थिति नै कविताका विषयगत परिधि हुन् । वैदिक मन्त्रबाट कविता सुरु गरिएको र वैदिक मन्त्रले समापन गरिएको उक्त कविता आध्यात्मिक चिन्तनले बाँधिएर देशमा शान्ति कायम गर्ने प्रवृत्ति देखाइएको छ ।

देशमा वर्षौंदेखि शान्तिका लागि आन्दोलन भए । निरंकुश राजतन्त्र, उसका नाइके, आसेपासेले शान्तिप्रिय आन्दोलनमा बम र बारुद बर्साएर जनताको तीव्र शान्तिको इच्छा थिचोमिचो पारे । जनतालाई एकातिर राज्य व्यवस्थाको निरंकुशलताले अशान्ति ल्याएको थियो भने अर्कोतिर नाना, दाना, आना र छानाको अभावमा अन्तरमनदेखि अशान्ति फैलिएको थियो । दीनहीन बन्धुहरू आफ्नो यथार्थ रूप देखाएर शान्ति खोजिगरेका छन्, श्रमजीवीहरू रातदिन पसिना बगाएका छन् भने रक्तपिपापुहरू यही रगत पिइरहेका छन् ।

भृकुटीका प्यारा कुमारीहरू
कोठीहरूमा आँसुले नुहाउनु परे पनि
शान्ति मन्त्रले मन्साइदेऊ
कहीँ कतैबाट विरोध यन्त्रहरू बर्सन थाले

सुरक्षाको उही शान्ति पन्छाइदेऊ ।

यसै देशमा जन्मिएर बुद्धले संसारभरि शान्तिको सन्देश छरे, भृकुटीले नेपाललाई विश्वमा चिनाइन् तर आज नेपाली चेलीबेटी भारत, थाइल्याण्डका कोठरीमा रोइरहेका छन् । नारकीय जीवन बिताइरहेका छन्, यसको विरोध गर्नेलाई प्रहरी र सेना परिचालन गरेर सरकारले दमन गर्छ अनि शान्ति मन्त्र जप्न लगाउँछ । नेपालीहरू स्वतन्त्रतापूर्वक बाँच्न चाहन्छन् । उनीहरू कहिल्यै पनि पराधीन स्वीकार गर्दैनन् । त्यसैले कसैले पनि कुनै बहानामा कसैको व्यक्तिगत स्वतन्त्रता हनन गर्नु हुँदैन । सेना, पुलिस, राष्ट्रिय सुरक्षाका लागि परिचालन गर्नुपर्दछ वैयक्तिक स्वतन्त्रताको हननका लागि होइन । नेपालको शान्ति त व्यक्तिगत स्वार्थका लागि मात्र सीमित रह्यो । देखावटी शान्तिका निम्ति कसैले आश्वासन दिएको शान्ति दिगो हुन सक्दैन ।

वैदिक मन्त्र हरि ॐ शान्तिबाट कविता सुरु गरिएको छ । संस्कृतका तत्सम, तद्भव, आगन्तुक शब्दको प्रयोग गरिएको छ । ठाउँठाउँमा नेपाली ठेट शब्दको प्रयोग गरिएको छ । हास्यव्यङ्ग्यात्मक शैलीमा अनुरोधात्मक तरिकामा लेखिएको छ, नेपाली जनतालाई अत्यन्तै निरीह बनाएर शासकले स्वार्थ पूर्तिका तानाबाना बुनेको परिवेशलाई आध्यात्मिक पवित्र शब्द हरि ॐ साधन बनाई स्वार्थलाई सहायक रूपमा विकसित गरिएको छ । बिम्ब, अलङ्कार, प्रतीकहरूको प्रयोग गरी लेखिएको यस कविताको शीर्षक र कविताको भावबिच अन्तरसम्बन्ध छ ।

शान्ति सबैको चाहना हो । हरेक प्राणीलाई हरेक क्षण शान्ति चाहिन्छ । शान्तिको अभावमा प्राणीलाई जीवन जिउन मुस्किल पर्छ । नेपालमा शान्तिका लागि ठूला ठूला क्रान्ति भए तर नेताले आफ्नो स्वार्थका लागि प्राप्त अवसर उपयोग गरेर अशान्ति मच्चाएका छन् । शान्ति कायम गर्ने ठेक्का नेताको होइन र सक्दैनन् पनि त्यसैले हरेक व्यक्तिले अन्तरमनदेखि नै आफू र अरूलाई यथार्थमा बुझ्न सके शान्ति स्वतः कायम हुन्छ, देश शान्तिपूर्ण मुलुक बन्दछ ।

### ५.२.३.८. शीर्षक : सेवक, सत्ता र सन्तुष्टि

तिन शब्दको शीर्षक, प्रत्येक शब्दको एक परिच्छेद गरी तिन परिच्छेद र बहत्तर पङ्क्ति समायोजन गरी कविता सृजना गरिएको छ । गद्य शैलीमा लेखिएको उक्त कविता नेताका लागि सेवक अत्यन्त आज्ञाकारी बन्नुपर्ने, तिनकै सहायताद्वारा सत्ता टिकाउनु पर्ने र अन्य कुरा तपसिलमा राखी सन्तुष्टि लिने प्रवृत्तिलाई विषयवस्तु बनाइएको छ । डा. तुलसी गिरी, कीर्तिनिधि विष्ट जस्ता पञ्चायतकालका शासकलाई सत्तामा पुऱ्याउने र जनआन्दोलन भाग २ दबाउने राजा ज्ञानेन्द्रको राष्ट्रघाती कदम, तत्कालीन अमेरिकी राष्ट्रपति जर्जबुस, बेलायती प्रधानमन्त्री टोनी ब्लेयरसम्म कविताको विषयले छोएको छ भने राजा ज्ञानेन्द्रले युवराज छँदा होस् वा महाराज हुँदा, देशका बहुमुल्य वस्तुहरूको तस्करी गरेर कमाएको अकुत सम्पत्ति पनि विदेश पठाउने नियतलाई राम्रो प्रसङ्ग मिलाएर व्याख्या गरिएको छ ।

नेतामा जस्तोसुकै चिज र भनाई पचाउन सक्ने सामर्थ्य हुन्छ भन्दै कवि भन्दछन् कि नेपाली धर्तीमाताको तन एक पछि अर्को गरी चुँडाएर, छिन्नभिन्न पारेर देश खोक्रो बनाइसकेर पनि सत्तामा पुगेको राजा ज्ञानेन्द्रले देशले तिरस्कार गरेका विदेश पलायन भएका कीर्तिनिधि विष्ट, डा. तुलसी गिरी जस्ता व्यक्तिको सहायताले प्रजातान्त्रिक सरकारको विघटन गरी निरंकुशतन्त्र चलाउने दुस्प्रयास गऱ्यो । आफ्नो कर्तुत लुकाउँदै बुस र ब्लेयरको गोडा मोलेर सत्ता टिकाउने हरकत गरी रह्यो, उसले नेपालबाट बहुमुल्य धातु वस्तु चोरी, निकासी गरी विदेशी मुद्रा आर्जन गरी विदेशका बैंक भरेको छ, भर्दैछ ।

हुन त यस्ता क्रियाकलाप रोकिएकै छैन । एकातिर नेपाली जनता रोग, भोक र शोकले जलिरहेका छन्, अर्कोतिर शासकले सम्पत्ति विदेशी बैंकमा जम्मा गरेको छ जसका विरुद्ध आन्दोलन गर्दा नेपाली जनतामाथि गोली चलाए, कोही मरे, कोही तड्पिरहेका छन् तर उसलाई कुनै चासो छैन, यसमा नै ऊ सन्तुष्ट छ ।

यो उल्टो भयो सुहाएन
कसैले भन्छ भने भन्दै गरोस्
उल्टा सुल्टा र राम्रा नराम्रासँग
कहिल्यै मैले सरोकार राखेको छैन

शर्मा यथार्थवादी प्रगतिवादी, निडर कवि प्रतिभा हुन् । जहाँ जतिबेला जे देखिन्छ, जे छ, त्यसलाई जस्ताको तस्तै उतार्नु उनको कवि प्रतिभा हो । त्यसैले उनले राजा ज्ञानेन्द्रलाई राष्ट्रको ठूलो सुविधासम्पन्न भाइरस भनी आफूले आफैंलाई प्रभावित गरेको प्रसङ्गलाई सेवक, सत्ता र सन्तुष्टिमा यथार्थपरक ढङ्गले व्याख्या गरेका छन् ।

वास्तवमा राष्ट्राध्यक्ष प्रजावत्सल हुनुपर्छ । त्यस्तो स्वेच्छाचारी, निरंकुश, देशद्रोही र तस्करी राजा कुनै देशमा कहीँ पनि टिकेको इतिहास छैन । त्यसैले यो राजा होइन, राक्षसी प्रवृत्तिको मानव हो जसलाई मानवको रातो र तातो रगत मिठो लागिरहेको छ, जसमा अपूर्व सन्तुष्टि छ ।

कविताको भाषा सरल र सुबोध्य छ । नेपाली झर्रा ठेट शब्दको प्रयोग गरिएको छ । कवि स्वनिर्मित शब्दको पनि प्रयोग गरिएको छ । प्रथम पुरुष दृष्टिविन्दु र तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । सच्चा सेवक भएमा मात्र सत्तामा लामो समयसम्म टिक्न सकिने र सन्तुष्टि हुने सत्ताका भागीदारको परम्परागत शैली कविद्वारा व्यक्त गरिएको छ । अरूको दुःख कष्ट पीर व्यथा र वेदनामा रमाउने निरङ्कुश प्रवृत्ति कवितामा व्यक्त गरिएको छ । कविताको अन्त्यमा निरंकुश शासक ज्ञानेन्द्र रगतको मीठो स्वादसँग रमाउने, आफ्नो देशमा शासन चलाउन विदेशीहरूको गोडा मोलेर सत्तामा बस्ने निच प्रवृत्तिलाई सरल ढङ्गबाट प्रस्तुत गरेका छन् ।

शासक राष्ट्र र जनताप्रति जवाफदेही हुनुपर्दछ । आफ्नो स्वार्थ पूरा गर्न सेवकको गुँड लगाएर सत्ता टिकाउने र सन्तुष्टि लिने नेपालका तत्कालीन शासकको प्रवृत्तिलाई कवि शर्माले बिम्ब र प्रतिकका माध्यमबाट प्रष्ट पारेका छन् ।

### ५.२.३.१०. नवविधायकहरूको बाटो

छपन्न पङ्क्तिहरूमा विस्तारित प्रस्तुत कविता २०६३ सालमा देशमा विस्तृ शान्ति सम्झौता भएपछि रचना गरिएको हो । तत्कालीन अवस्थामा सात राजनीतिक दल र माओवादी पक्ष सहमतिमा संयुक्त मन्त्रीमण्डल गठन भयो । राज्यका लागि संसद नै सर्वेसर्वा हो भन्ने पक्ष र संसद गफाडीको अखडा हो भन्ने पक्षका सांसदहरूको जमघट भएको छ । २३८ वर्ष लामो समय शासन गरेको राजतन्त्रको अन्त्य गरेर गणतान्त्रिक

मुलुक स्थापना गर्नुको सट्टा सामन्तका नाइकेसँग साँठगाँठ गरेर रातारात अकुत सम्पत्ति कमाउने तर्फ जाने प्रवृत्ति नै यस कविताका विषयवस्तु हुन् ।

तत्कालीन अवस्था अनुकूल गठन भएको व्यवस्थापिका संसदमा विघटित संसदका पूर्व सभासद् र दस वर्षे जनयुद्धबाट शान्ति प्रक्रियामा आएका र पार्टीले टिका लगाएर बनेका सभासद्हरूलाई औंल्याउँदै भन्दछन् तिमीहरूलाई देशको महत्वपूर्ण जिम्मेवारी बहन गर्ने, जनताको ऋृण तिर्ने मौका मिलेको छ भने जिम्मेवारी पूरा गर्न नसके अग्रजहरू भासिने खाडलमा पर्ने सम्भावना छ । जालझेल, छलकपट अन्त्यका लागि आफैं उपस्थित हुनुपर्ने, पुरुष सभासद्ले सुत्केरी खर्च लिने नराधम कार्यको विरोध गर्ने जिम्मेवारी थपिएको छ ।

पच्यापच्य सबै पर्दाहरू<br>
लाज र धक पचाइसकेका<br>
निचहरूका लागि<br>
नाङ्गा नौटङ्की नचाइसकेका<br>
आमाका चोक्टा चोक्टा अश्म चुँडाएर<br>
असंख्या आलिशान बनाइसकेका ।

हिजो खुट्टामा चप्पल लगाउन कठिन भएका आज पजेरो गाडी चढ्ने भएका छन् । राष्ट्रिय सम्पत्ति समुद्रपार पुऱ्याएको छ । सत्तामा टिक्क विस्तारवादी र साम्राज्यवादीको गोडामा ढोग्ने प्रवृत्ति अन्त्य हुनुपर्दछ । सभासद्हरूले आफ्नो जिम्मेवारी इमान्दारपूर्वक पूरा गर्न नसके फेरि जनआन्दोलन भाग ३ हुनेछ । त्यसैले राजनीतिक सामाजिक विकृति र विसङ्गति हटाएर सभ्य र समुन्नत नेपालको निम्ति सभासद्हरू सचेत हुनुपर्दछ । यो नै समयको माग हो ।

कविताको भाषा सरल छ, सिलसिलेबार रूपमा छपन्न पङ्क्तिमा विस्तारित छ । आदि खण्डमा सभासद्को सौभाग्यको ढोका खुलेको पैसाको निम्ति इमान जमान बेच्ने व्यक्तिको चरित्रलाई औंल्याएको छ । दोस्रो खण्डमा भ्रष्टाचारीहरूले अकुत सम्पत्ति कमाएको, शक्तिका भरमा सत्ता टिकाउन उद्यत रहेका र तेस्रो खण्डमा राम्रो काम नगरे तेस्रो जनआन्दोलन गरेर सभासद् हटाउने चेतावनीमूलक शैलीको प्रयोग गरिएको छ । संस्कृतका तत्सम, तद्भव आगन्तुक भाषाका शब्दको प्रयोग हास्यव्यङ्ग्य शैलीमा बिम्ब

प्रतीकहरूको प्रयोग गरेर शर्माले सभासद्लाई समयमै सचेत गराएका छन् । जिम्मेवार व्यक्तिलाई देशको वास्तविक परिस्थिति बुझेर कार्य गरेमा राष्ट्र समुन्नत हुनेछ भन्ने देशभक्तिको भावना मुखरित भएको छ ।

नेपालका राजनीतिक कार्यकर्ता जिम्मेवारविहीन छन् । पटक पटक देशमा शान्ति र स्थायित्वका लागि क्रान्ति सफल भए तर जनताको वास्तविक जीवनमा कुनै परिवर्तन आएन । त्यसैले सहमतिका आधारमा गठित सरकारको सभासद्हरूले देशको वास्तविक परिस्थिति बुझेर काम नगरे सभासद्का लागि अर्को जनआन्दोलन हुनेछ भन्ने सङ्केत गरेका छन् ।

### ५.२.३.११. स्यालको हुइँया

प्रस्तुत कविता छयालिस पङ्क्तिमा संरचित छ । शीर्षक प्रतीकात्मक छ । नेपालका उपराष्ट्रपतिले नेपाली भाषालाई लात मारेर हिन्दी भाषामा सपथ ग्रहण गर्नुले नेपालको राष्ट्रिय स्वाभिमान नै प्रश्नचिह्न उब्जाएको सन्दर्भ नै प्रस्तुत कविताको विषयवस्तु हो । सीमाको सामीप्यताले तराई र भारतका उत्तर प्रदेश नजिक भए पनि राष्ट्रिय अस्मिताको निम्ति हिन्दीमा सपथ ग्रहण गर्नु उनको भूल हो, राष्ट्रियता विपरीत कार्य हो ।

हिमाल, पहाड र तराई तिनै प्रदेशको पहिचान सहितको नेपालको आफ्नै इतिहास छ, मर्यादा छ र युगौंदेखि देवनागरी लिपीमा लेखिएको भाषा राष्ट्र भाषाका रूपमा थियो । सरकारी कामकाजको भाषा थियो । जसरी मानवले गरेको खेती नामेट पार्न बाँदरहरू एक ढिक्का भएर आपसी झगडाको साथ अघि बढ्दछन् । त्यसरी नै वीरहरूले आर्जेको मुलुक नेपाललाई चुँडाउन विभिन्न बहानामा विभिन्न खाले मानिसहरू खण्डहर बनाउन तम्सिएका छन् । राष्ट्रप्रेमी कवि शर्मालाई यी श्लोक बिझाइरहेको छ

"पहाडियोको खदेडो
मधेश हमारा है
जय हिन्द ।"

यस खालका भनाइ पहिलेदेखि सुन्दै र भोग्दै आएको त्यसमा पनि दोस्रो दर्जाका राष्ट्राध्यक्षले हिन्दीमै सपथ ग्रहण गर्नु कविको कोमल मनमा सियोले कोप्दछ, दलीय

स्वार्थलिप्साका कारण अनेक भाग रोज्दै र खोज्दै हिँडेका दलहरूको लडाइँको परिणामको फलस्वरूप परमानन्द झा उपराष्ट्रपति भए जसले प्रथम प्रहरमै राष्ट्रियताप्रति खतरापूर्ण सङ्केत गर्दै उक्त सपथ पशुतुल्य एवम् विषाणहीन जस्तै भयो भन्ने सन्दर्भलाई मर्मस्पर्शी ढङ्गले वर्णन गरेका छन् ।

शीर्षक प्रतीकात्मक छ । नेपाली ठेट शब्द, तत्सम, तद्भव, आगन्तुक आदि शब्दको प्रयोग गरिएको छ । जङ्गली बाँदर र भारतीय शासकको बिच तुलनात्मक रूपमा प्रवृत्ति एउटै देखापरेको छ । राष्ट्रलाई बाँदरले बारीका मकै, अङ्गुर आदि चिज खाने शैलीमा लुछाचुँडी गरेको जस्तो गरी टुक्राटुक्रा पार्न लागेको देखाइएको छ । भाषा हरेक राष्ट्रको पहिचान हो, त्यही भाषा छाडेर हिन्दीमा सपथ खाएर उपराष्ट्रपतिले नेपालको खिल्ली उडाएको तितो यथार्थलाई पशुहरूको ध्वनिसँग तुलना गरेर प्रत्येक नेपालीले भाषा र संस्कृतिलाई पनि राष्ट्रिय पहिचान दिनुपर्ने कुरा बताएका छन् ।

राष्ट्रियता वा राष्ट्रप्रेमको पाठ जिम्मेवार व्यक्तिले जनतालाई सिकाउनु पर्छ । यदि सिकाइन्न भने वैदेशिक हस्तक्षेप बढ्दै जान्छ, यो राष्ट्रप्रेम जसरी ढुङ्गामाटो, वनजङ्गल, संस्कृतिमा झल्कन्छ । त्यसरी नै भाषामा पनि झल्कनुपर्छ ।

### ५.२.३.१२. बुढो चट्टान

प्रस्तुत कविता गद्यशैलीमा लेखिएको पचपन्न पङ्क्तिमा संरचित छ । दुई सय चालिस वर्ष अगाडि नेपाली सोझासाझा जनतालाई दमन गरेर विजारोपण भएको नेपालको राजतन्त्रले संस्थागत रूपमा सामन्तवादी प्रथा बनेर बसेको, जनताले उक्त शासन व्यवस्था नचाहेको, जनआन्दोलन भाग २ ले उक्त व्यवस्थाका नाइकेलाई हटाउन चाहेको तर कायर नेताको अकर्मण्यताको कारण उसलाई स्थानान्तर गरेको निर्मूल पार्न नसकेको, उल्टै उसैको गोडामा फुलपाती चढाएर पशुवत् व्यवहार गरेको प्रसङ्ग नै प्रस्तुत कविताको विषयवस्तु हो ।

ध्रुवलाल शर्मा प्रगतिशील र सामाजिक यथार्थवादी कवि हुन् । उनले राजनीति, समाज जो जहाँ जस्तो अवस्थामा छ, त्यसलाई आफ्ना कृतिमा बिम्ब उतार्नु उनको खुवी हो । नेपालमा झण्डै २३८ वर्षदेखि जरा गाडेर बसेको निरंकुश राजतन्त्र, उसको व्यवहारले

नेपाली जनताबाट तिरस्कृत हुँदै थियो । जनताको एक मतले उसको अन्त्यका लागि आन्दोलन गरे । युगौंदेखि जरा गाडेको चट्टान, त्यसमाथि पनि बुढो चट्टान जसलाई हटाउने वा जरा उखेल्ने र समतामूलक समाज निर्माण गर्ने जनइच्छा नेताले तुहाइदिएका छन् । चट्टान स्वरूप रहेको यो सामन्तवादको अन्त्य गरी जनमुखी प्रशासन, जननिर्वाचित प्रतिनिधिद्वारा नै शासन व्यवस्था सञ्चालन हुनुपर्दछ । तब मात्र नेपाली जनता सार्वभौम बन्नेछन् । यो नै स्वाभिमानी नेपालीको स्वतन्त्रताको द्योतक बन्ने छ भन्ने प्रेमभाव व्यक्त गरिएको छ ।

कवितामा तत्सम, तद्भव, आगन्तुक, नेपाली झर्रा शब्दको प्रयोग गरिएको छ । एकतामा बल हुन्छ भन्ने विभिन्न उदाहरणद्वारा प्रष्ट पारिएको छ । पश्चिमी मुलुकलाई सुदूरको सात्राले सङ्केत गरिएको छ । अगुवा नेतालाई कायर, हरिकङ्गाल जस्ता शब्दले सम्बोधन गरिएको छ । सामन्ती व्यवस्थालाई पहिलदेखि नै हटाउने नेपाली जनताको चाहना पूरा गर्न नेतालाई सक्षम र सक्रिय नेतृत्व गर्न चुनौतीपूर्ण भाषामा सल्लाह दिइएको छ । अपरिवर्तित द्वित्व भएका प्रशस्त शब्दहरू भेटिन्छन् । बिम्ब र अलङ्कार, प्रतीकको प्रचुरमात्रामा प्रयोग गरिएको छ ।

चट्टान कडा हुन्छ, नेपालमा राजसंस्थाले निरंकुश र स्वेच्छाचारी तरिकाले शासन गर्दै पुस्तौंपुस्ता पार गर्दै पञ्चायती व्यवस्थालाई मर्मत गरी आफ्नो आसन (पकड) वा बलियो बनाएकोले सबै मानिस (नेपालीजन) मिलेमा ठाउँ सार्ने होइन, देश निकाला गर्न सकिन्छ भन्ने जस्ता महान् राष्ट्रवादी चिन्तन व्यक्त गरिएको छ ।

### ५.२.३.१३. दसैं दशा र नशा

असी पङ्क्तिमा विस्तारित कविता सांस्कृतिक मूल्य र मान्यता बोकेको सम्पन्नका लागि दसैं भए पनि गरिबका लागि दशा र नशा हुने गरी सधैं धनीका ढोकामा मगन्ते बन्न बाध्य हुने, खाना नानाको जोरजाम गर्न नसकेर कङ्गाल बनेका दिनहिनका निधारमा टिका लगाउँदै "आयु द्रोण सुते ......

.............कृतिश्च नारायणे"

जस्ता आशीर्वादको कुनै अर्थ नभएको विषय नै कविताका मुख्य विषय हुन् । तत्सम, तद्भव, आगन्तुक र नेपाली झर्रा शब्दको प्रयोग गरिएको छ । कुनै पङ्क्ति लामा र कुनै छोटा छन् । शरीरका लागि नभई नहुने गास, बास छोडेर आशीर्वादको सहयोग फलदायी नभएको बरु पीडा, चिन्ता र वेदनाका ज्वाला दन्किएको कविता भरिएका छन् ।

दीन दुःखी गरिबहरूका दसैंहरू
सदा सुरसाको मुख बनेर आए
विपन्नताको घाउघाउहरूमा
चहर्याउँदो नुन चुक बनेर आए ।

ध्रुवलाल शर्मा प्रगतिवादी कवि हुन् । मार्क्सको द्वन्द्वात्मक भौतिकवादी दर्शन शर्माका कवितामा पोखिएका छन् । यही मान्यताको चित्रण यस कवितामा देखिन्छ । कवि भन्दछन् - जिउँदा पितृहरू भोकै तड्पिएका छन्, मरेका पितृलाई पिण्डदान गरेर मानिस महानताको वकालत गर्छ, स्वयम् श्रीमतीको लुङ्गी फाटेर बुङ्गी देखिए पछि साहुकहाँ गएर ऋण लिएर पनि टालिदिनु परेको छ ।

गरिबका घरमा नुनतेल, चामल, पैसा केही छैन तर दसैं नजिकिँदै गर्दा उनीहरूको मनमा अन्तरद्वन्द्व चल्दछ । कसरी यो दशा टार्ने भनेर सियो भन्दा तिखो बनेर कोप्छ दसैं भाला बनेर रोप्छ दसैं तर जेनतेन सामल जम्मा गरी टिका लगाउँदा आशीर्वाद पाइन्छ । कुवेर जस्तै धनी भएस्, राजा ईश्वर दाहिने हुन्, यसको बदला सयको नोट लिन्छन्, बाजे जान्छन् तर गरिबको पीडा जस्ताको तस्तै ।

सरल र सुबोध्य भाषाको प्रयोग गरिएको छ । सहजै जोसुकैले पनि कविता बुझ्न सक्छ । दीनहीनप्रति विशेष सहानुभूति राखिएको छ । वास्तविक जीवन सधैं दुःखदायी तर मानिस महान् चाडको पूर्वार्धमा शुभमङ्गल र शुभकामना व्यक्त गर्दछन् । यो कविता गरिब वर्गको प्रतिनिधित्व गरी सहानुभूति व्यक्त गर्दै धनीलाई टाढै राख्छ । कसैको कृपाभित्रको सम्पन्नता दिगो हुँदैन । त्यसैले चाडबाड, गरिबले पनि मनाउन सक्ने हुनुपर्छ भन्दै दसैं पर्व दशा र नशाको प्रतिक नबनोस् । त्यसमै कल्पना देखाई शीर्षकलाई सार्थक तुल्याएको छ ।

### ५.२.३.१४. जन्म ठाउँ हेर्दा

७३ पङ्क्ति व्यवस्थामा संरचित 'जन्म ठाउँ हेर्दा' कविता धुंवलाल शर्माको मातृभूमिप्रतिको अत्यन्त भावुक भएर लेखिएको उत्कृष्ट कविता हो । पहिलो परिच्छेद सोह्र पङ्क्तिको, दोस्रो परिच्छेद पाँच पङ्क्तिको र तेस्रो परिच्छेद त्रिचालिस पङ्क्तिमा संरचित छ।

पहिलो परिच्छेदमा अर्थुङ्गे जहाँ अहम्ताले अड्डा जमाएको, भावनात्मक एकता कायम हुन नसकेको ठाउँको प्राकृतिक वर्णन गरिएको छ ।

दोस्रो परिच्छेदमा यो उर्वरभूमि खेतीपातीको निम्ति मात्र दौडन समाजसेवी, अफिसरहरू जन्माउने ठाउँ, अर्कोतिर छोरालाई बेच्ने जस्ता नराधम कार्य गर्ने बाउ जन्माउने ठाउँ, सधैं निर्धालाई दबाएर धनी बन्ने ठाउँका रूपमा चित्रण गरेका छन् ।

तेस्रो परिच्छेदमा जिउँदालाई मरेको र मरेकालाई जिउँदो बनाउने, दुधको दुध र पानीको पानीको पानी भन्न हिचकिचाउने र सानो निहुँमा लडाइँ गरिहाल्ने, छिनभरमै काटाकाट र मारामार गर्ने दाजुभाइ रहेको विषय समावेश गरेका छन् । खानेपानीका मुहान बन्द गरेर हरेराम जप्दै हिँड्नेहरूका क्रियाकलाप भ्रष्टाचार गरेर ढाडिएका र नाङ्गा पारिएका वर्गका कथावस्तु वा विषयवस्तु समेटिएका छन् ।

जन्मभूमि सबैका लागि प्यारो हुन्छ । प्राकृतिक वस्तु प्रिय भई आँखा वरिपरि घुम्दछन्, जसलाई शर्माले व्यक्त गरेका छन् । त्यसको उल्टो समाजमा धनी र गरिब बिचको द्वन्द्व, ठूलाले सानामाथि गरेको थिचोमिचो, सामन्ती प्रथा, स्वयं बुबाले छोरो बेच्ने जस्तो कुसंस्कारको घोर विरोध गरेका छन् । सामन्तवादको अन्त्य हुनुपर्छ । यो सामाजिक कलङ्क हो । मानवीय अस्तित्व नामेट पार्ने चक्र हो भन्दै कवि भन्दछन् - पैसाका निम्ति असत् गर्नुपर्दैन, आफ्नै गह्रौंपना बढाउन अर्कोलाई ताछ्नु पर्दैन, समाजमा यस्ता क्रियाकलाप दिनहुँ बढिरहन्छन् । साना निहुँमा ठूलो युद्ध सुरु हुन्छ । शस्त्रअस्त्रहरू सबै सामान्य भएका छन् । जुन चिजविना जीवन जिउन कठिन छ, त्यसकै मूल बन्द गर्ने परिपाटी छ, यसका लागि पञ्चायत के कम्युनिष्ट के, काङ्ग्रेस सबै एउटै छन् । यस्तो व्यवहारले वाक्क परेर कवि छटपटाएका छन् । उनी हेर्न चाहन्छन्, सभ्य समतामूलक, न्यायप्रेमी समाज जसबाट वर्ग विभेदको अन्त होस्, यो नै कवि शर्माको मौलाएको राष्ट्रप्रेमको भाव हो ।

तत्सम, तद्भव र आगन्तुक शब्द प्रयोग गरिएको सामाजिक विकृति र विसङ्गतिप्रति तिखो व्यङ्ग्य प्रहार गरिएको समाजमा वर्गीय, जातीय, शोषणको विद्यमान रहेको, कलभ्रुगडा, काटाकाट, मारामारको स्थिति कायमै रहेको, मत्स्य न्यायले जरा गाडेर बसेको यसका लागि क्रान्ति गरेर हिँड्न पर्ने शैलीमा उनी लागेका छन् ।

### ५.२.३.१५. भूपीको मीठो मुस्ताङ

प्रस्तुत कविता नेपाली साहित्यका प्रकृतिप्रेमी र देशभक्तिको भावनामा रमाउने कवि भूपी शेरचनको स्मृति दिवस मनाउने सिलसिलामा शर्मा कोवाङ पुग्दा त्यहाँका सुन्दर प्राकृतिक दृश्यावलोकन, त्यहाँको सामाजिक जनजीवनले भूपीको सम्झना गराएको प्रसङ्गलाई कविताका विषयवस्तु बनाइएको छ । छयालिस पङ्क्तिमा रचना गरिएको प्रस्तुत कविता मुस्ताङको पहाड, हिमाल, छाँगा, छहरा, मुक्तिनाथ भगवान उनका कविताका परिधि हुन् । संसारमा शालीग्राम पाइने एउटा मात्र नदी कालीगण्डकीको वर्णनले कविताको विषयलाई अझै उचाइमा पुऱ्याएको छ । यस जिल्लाको सफल प्राकृतिक दृश्य र असफल विकास निर्माण नै कविताका विषय हुन् ।

महलको बासी चहलपहल छोडेर
चिसो चुल्होका बस्ती रोजेका थियौ
कुबेरको वंशमा सर्वहारा बनेर
सर्वहाराकै निम्ति लडेका थियौ ।

भूपी शेरचन समाजका धनी र गरिब वर्गका बिचको सीमारेखा मेट्न खोज्ने प्रगतिशील कवि हुन् । उनी सधैं सर्वहारा वर्गको प्रतिनिधित्व गर्ने, समाजका विकृति र विसङ्गतिको विरोध गर्ने, कलम चलाउने कवि हुन् । उनको पार्थिव शरीर नभए पनि यहाँका धुपी, मुस्ताङीको खुवी, धौलागिरिको टुपीले उनलाई सम्झाएको छ । तराईको प्रचण्ड गर्मी, उद्योग तथा सवारीसाधनको प्रदूषणले आक्रान्त वातावरणबाट मुक्ति पाउन तथा तीर्थाटनको निम्ति आज भूपी हिँडेको बाटोमा मानिस गाडी चढेर आउने गरेको प्रसङ्ग, चाँदीका पहाडले घेरिएर प्राकृतिक शालीनताले मुस्ताङ अत्यन्तै मनमोहक छ तर गाउँगाउँमा वत्ती जलाउन नसक्नु, भुइँ स्याउ फलाउन नसक्नु भने हाम्रो कमजोरी हो । तैपनि आन्तरिक र बाह्य पर्यटकको लागि मुस्ताङीको स्वागत पर्याप्त छ ।

गद्य शैलीमा लेखिएको प्रस्तुत कविता सरल भाषा र अन्तरलयात्मकताले सुगठित छ । गरिब दीनहीनको पक्षमा लडेका भूपी आज नभए पनि कविताले भूपी र उनको काव्यात्मक प्रवृत्तिलाई मायालु शब्दसहित सिलसिलेबार रूपमा व्याख्या गरिएको छ । बरै ! छि ! जस्ता विस्मयादिबोधक शब्दले कवितालाई आकर्षण गरेको छ ।

संस्कृत, तत्सम, आगन्तुक र नेपाली झर्रा शब्दको प्रयोग बढी छ कवितामा । अन्य भाषाको शबदभन्दा कृतिमा नेपाली प्राकृतिक सुन्दरतालाई आत्मीयताका साथ महिमा गान र तराईको प्रचण्ड गर्मीलाई प्रकृतिले माया गरेको भन्दै हिमाली वातावरण अत्यन्तै मन परेकोले स्वतः आफ्नो देशको हावापानीप्रति कवि शर्मालाई गौरव छ ।

### ५.२.३.१६. तिमी भैदिएको भए

३ परिच्छेद र ४६ पङ्क्तिमा संरचित 'तिमी भइदिएको भए' कवितामा द्वन्द्वग्रस्त मुलुकको अवस्थालाई देखाउन खोजिएको छ । २०५२ देखि सञ्चालित युद्धले जनधनको व्यापक क्षति पुऱ्याएको सन्दर्भ उल्लेख गर्दै कविले यहाँ पत्याउनै नसकिने गरी नयाँ नयाँ घटना घटिरहेको चर्चा गरेका छन् ।

प्रस्तुत कवितामा आफूबाट निकै टाढा रहेको मित्रलाई सम्बोधन गर्दै कविले नेपालमा भएका घटनाका बारेमा पत्यार नलागे आफ्नै सन्तति र प्रत्यक्षदर्शीहरूलाई सोध्न आग्रह गरेका छन् । युद्धले गर्दा म्याग्दी र कालीगण्डकीमा कञ्चन, चिसो र पवित्र जलका सट्टा तातो र रातो रगत बग्न थालेको भन्दै कविले तिनैभित्रको घरको करेसाबारीमा पनि बेली र चमेली फुल्न छाडेको जानकारी दिएका छन्। २०६१ सालमा मुलुकमा सङ्कटकालीन अवस्था कायम रहेको बेला लेखिएको यस कवितामा बगैंचाहरू बङ्कर र सुरूङमा परिवर्तन भएको, फुलको बास्नालाई वारूदको गन्धले विस्थापित गरिसकेको वर्णन गरिएको छ । विदेशमा कतै टाढा रहेको मित्रलाई सम्बोधन गर्दै कविले उनी पनि नेपलामै भएको भए यस्तै कविता सिर्जना गर्ने अवस्थामा पुग्थ्यौ भनेका छन् । द्वन्द्वग्रस्त एवम् संकटकाल झेलिरहेको नेपालको बारेमा आफूले कुनै कुरा लुकाएको वा बढाइचढाई नगरेको भन्दै कविले युद्धजन्य कोलाहल, सन्त्रास र पीडाका कारण यहाँका बालकालिकाहरू उमङ्गले प्रकृतिमा रमाउन छाडेको, चोर र पुलिस भएर खेल्न थालेको, युद्धको अभिनय गर्न

थालेको भन्दै गम्भीर चिन्ता व्यक्त गरेका छन् । अहिंसाका पुजारी, शान्तिकामी भगवान गौतमबुद्धका पहेंलो चीवर अनि सन्तका रामनामी खास्टोमा पनि युद्ध र बम लेखिए जस्तो लाग्न थालेको भन्दै कविले धौलागिरि र माछापुच्छ्रे पनि युद्धजन्य विभीषिकाका कारण रुने गरेको विचार व्यक्त गरेका छन् । द्वन्द्वका कारण मानवता, दया हराउँदै जाँदा नेपाली समाज ढुङ्गे युगजस्तो लाग्न थालेको भन्दै कविले गम्भीर चिन्ता व्यक्त गरेका छन् ।

ठेट नेपाली तथा केही तत्सम शब्दको प्रयोग गरिएको यो कविताले युद्धजन्य सन्त्रास र पीडालाई बोलेको छ । विभिन्न बिम्ब र आलङ्कारिक प्रयोगका कारण कविता थप कलात्मक बन्न पुगेको छ ।

### ५.३. निष्कर्ष

कवि ध्रुवलाल शर्माका हालसम्म प्रकाशित तिन वटा कविता संग्रहमा सङ्कलित १४८ वटा कविता मध्ये प्रखर राष्ट्रिय चिन्तन बोकेका माथिका कविताले नेपाली माटोप्रति ममता देखाएका छन् । माथिका कविताहरूले मुलुकको अस्तित्व संकटमा रहेको भन्दै मुलुकलाई विदेशी हैकमवादबाट जोगाई उन्नति र प्रगतितर्फ डोऱ्याउनु हरेक नेपालको दायित्व भएको सन्देश दिन खोजिएको छ ।

# परिच्छेद - छ

# उपसंहार

यस परिच्छेदमा ध्रुवलाल शर्माको वैयक्तिक जीवन, पारिवारिक पृष्ठभूमि, आर्थिक अवस्था, सामाजिक संघसंस्थामा उनको योगदान, सामाजिक राजनीतिक प्रशासनिक क्षेत्रका विकृति र विसङ्गतिविरुद्ध उनका कवितामा देखिएको विद्रोही भावना, प्राकृतिक सौन्दर्यप्रतिको मोह, राष्ट्रियता प्रतिको सचेतता आदिलाई सारसंक्षेपमा प्रस्तुत गरिएको छ साथै कविताको अध्ययन विश्लेषण गर्ने क्रममा नेपाली कविताको विकासक्रमलाई पनि संक्षेपमा देखाइएको छ । शर्मालाई साहित्यिक क्षेत्रमा लाग्ने प्रेरणा केबाट मिल्यो ? उनका कवितामा देखिएको राष्ट्रिय चिन्तनलाई समेत संक्षेपमा प्रस्तुत गरिएको छ ।

## ६.१. सारांश

प्रस्तुत अध्यायमा यस शोधपत्रको सारांश र निष्कर्ष प्रस्तुत गरिनेछ । ध्रुवलाल शर्माको कवितामा राष्ट्रवादी चिन्तन शीर्षकको यस शोधपत्रको परिच्छेद एकदेखि परिच्छेद पाँचसम्मका अध्यायहरूमा समेटिएका विषयवस्तुलाई सारमा प्रस्तुत गरी निष्कर्ष दिने काम यस परिच्छेदमा गरिनेछ । यस अर्थमा यो अध्याय प्रस्तुत शोधपत्रको सारांश खण्डका रूपमा रहेको छ ।

ध्रुवलाल शर्माका कवितामा राष्ट्रवादी चिन्तन शीर्षक रहेको प्रस्तुत शोधपत्र जम्मा ६ वटा अध्याय वा परिच्छेदमा वर्गीकरण गरिएको छ । यसको पहिलो परिच्छेदमा शोधपत्रको परिचय, यसको उद्देश्य, ध्रुवलाल शर्माका कविताको शोध अनुसन्धान गर्नुको कारण आदि विषय समेटिएका छन् । यस क्रममा ध्रुवलाल शर्माको साहित्य सिर्जनाका प्रेरणा स्रोत, उनका कवितामा उठाइएका देखाइएका विकृति र विसङ्गतिको प्रस्तुति, शर्माका कवितामा देशभक्तिको भावना लगायतका सन्दर्भ पहिलो परिच्छेदमा समेटिएका छन् ।

त्यसैगरी ध्रुवलाल शर्माको काव्यरचनासँग सम्बन्धित पूर्वकार्य समीक्षामा उल्लेख गर्नुका साथै शोधकार्यको औचित्य, यसको सीमा, सामग्री संकलन विधि तथा सामग्री विश्लेषण विधिका बारेमा पहिलो परिच्छेदमा चर्चा गरिएको छ ।

ध्रुवलाल शर्माको परिचय दिनेक्रममा परिच्छेद दुईमा शर्माको जन्म र नामकरण, बाल्यकाल र उपनयन, शिक्षादिक्षा, पारिवारिक स्थिति, आर्थिक अवस्था, पेसागत संलग्नताको बारेमा पनि चर्चा गरिएको छ । त्यसैगरी विभिन्न संस्थागत सम्बद्धता, शर्माले प्राप्त गरेका पुरस्कार र सम्मानको विवरण पनि उल्लेख गरिएको छ । कवि शर्माको व्यक्तित्वको परिचय दिने क्रममा उनको व्यक्तित्व कवि, कथाकार, गीतकार, कलाकार हुँदै शिक्षक, राजनीतिक, सामाजिक तथा विविध व्यक्तित्व बारेमा चर्चा गरिएको छ ।

प्रस्तुत शोधपत्र कविताको अध्ययनमा केन्द्रित भएकोले तेस्रो परिच्छेदमा कविताको सैद्धान्तिक अध्ययन प्रस्तुत गरिएको छ । यस क्रममा कविता सम्बन्धी पूर्वीय धारणा, पाश्चात्य मान्यता, यसबारे नेपाली विद्वानहरूको धारणाको पनि चर्चा गरिएकोछ । कविता सिर्जनाका लागि आवश्यक पर्ने काव्यतत्वको चर्चा गर्दै नेपाली कविताको विकासक्रमको रूपरेखा पनि यसै परिच्छेदमा प्रस्तुत गरिएको छ ।

शोधपत्रको चौंथो परिच्छेद ध्रुवलाल शर्माको काव्यलेखनको यात्रा र प्रवृत्तिसँग सम्बन्धित छ । वि.सं. २०१८ सालमा सुरू भएको काव्ययात्रा कुन कुन मोड र घुम्ती पार गर्दै कसरी अघि बढेको छ भन्ने कुरा यस परिच्छेदमा चर्चा गरिएको छ । कवि ध्रुवलाल शर्माका कवितामा पाइने राष्ट्रवादी चिन्तनका बारेमा पनि यस परिच्छेदमा चर्चा गरिएको छ ।

प्रस्तुत शोधपत्रको पाँचौं परिच्छेदमा ध्रुवलाल शर्माका कविताको अध्ययन प्रस्तुत गरिएको छ । यस क्रममा शर्माका कवितामा देखिएका विषयगत पक्षहरू, राष्ट्रवादी स्वरयुक्त कविताको पहिचान र प्रतिनिधिमूलक कविताको विश्लेषण समेत गरिएको छ । ध्रुवलाल शर्माका हालसम्म प्रकाशित ३ वटा कविता सङ्ग्रहमा रहेका प्रखर राष्ट्रवादी चिन्तन भएका ३२ वटा कविताहरूको सिलसिलेबार ढङ्गले अध्ययन विश्लेषण गरिएको छ । यसरी ध्रुवलाल शर्माको कवितामा पाइने राष्ट्रवादी चिन्तनको अध्ययन गर्ने क्रममा कवि शर्माको पृष्ठभूमि, कविताको सैद्धान्तिक अध्ययन, ध्रुवलाल शर्माको काव्ययात्रा र लेखनको मूल प्रवृत्तिबारे आवश्यक चर्चा गर्दै शोधपत्रमा कविताको वस्तुगत विश्लेषण गरिएको छ ।

## ६.२. निष्कर्ष

वि.सं. २००६ साल जेठ १७ गते म्याग्दी जिल्लाको अर्थुङ्गे-५ मा जन्मिएका ध्रुवलाल शर्मा सानैदेखि बाबुको वात्सल्यबाट वञ्चित भएका व्यक्ति हुन् । पितृसुखको महसुस गर्न नपाएका शर्मालाई उनकी आमा मन्दोदरी शर्माले सक्दो स्नेह प्रदान गरिन् । २०२६ सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेका शर्माले मूलतः शिक्षण पेसा अँगालेका छन् । बागलुङ जिल्लाको ओढारचौर निवासी श्रीहरी शर्मासँग २०२७ सालमा वैदिक विधिपूर्वक बिहेवारी गरेका शर्माका २ छोरा, १ छोरी र तिनवटा नातिनातिना छन् । शिक्षण पेसाबाट हाल सेवानिवृत्त भएका शर्मा पछिल्लो समय फुर्सदिला भए पनि साहित्यिक, सामाजिक र राजनीतिक गतिविधिका कारण उत्तिकै सक्रिय छन् ।

ध्रुवलाल शर्माको व्यक्तित्व धेरै क्षेत्रमा फैलिएको छ । शिक्षकदेखि साहित्यसिर्जना र राजनीति हुँदै कलाकारिता र समाजसेवासम्म उनको व्यक्तित्व फैलिएको पाइन्छ । राजनीतिक रूपमा वामपन्थी झुकाव भएका शर्मा शिक्षकहरूको अधिकार प्राप्तिको आन्दोलनमा पनि होमिएको पाइन्छ । सामाजिक क्षेत्रमा रेडक्रसको गतिविधिमा सक्रिय रहेका उनी अन्य संघसंस्थामा पनि आबद्ध भई काम गर्दै आएका छन् । निष्क्रिय जीवन जिउनु हुन्न भन्ने मान्यताका पक्षपाती शर्मा कुनै न कुनै अभियानमा निरन्तर लागिपरेका छन् । शर्माको व्यक्तित्व जताजता फैलिए पनि उनी मूलतः शिक्षक र लेखकका रूपमा बढी परिचित छन् । साहित्य र शिक्षक मध्ये कहिले शिक्षक तथा साहित्य सिर्जनाले एक अर्कालाई उछिनेको पाइन्छ । शिक्षण पेसाबाट सेवा निवृत्त भइसकेको अवस्थामा शर्माले साहित्य सिर्जनालाई बढी समय दिन सक्ने देखिन्छ ।

वि.सं. २०१८ सालमा सवाई रचनामार्फत् साहित्यिक यात्रा सुरू गरेका शर्माका कथा, कविता, नाटक, गीत, यात्रावृत्तान्त आदि विभिन्न विधाका पुस्तकाकार कृतिहरू प्रकाशित छन् । प्रस्तुत शोधपत्र ध्रुवलाल शर्माको कविताको अध्ययनसँग सम्बन्धित रहेकोले यहाँ कविताको बारेमा मात्र चर्चा गरिनेछ ।

कवि ध्रुवलाल शर्माका हालसम्म तिन वटा कवितासङ्ग्रह प्रकाशित छन् । वि.सं. २०६२ मा प्रकाशित आमाको सम्झना, २०६५ मा प्रकाशित तस्वीरहरू र २०६६ को प्रतिच्छाया कविता संग्रह । यी तिन वटा कवितासङ्ग्रहमा संकलित १४८ वटा कवितालाई आधार मानेर कवि शर्माको काव्यचिन्तनबारे विश्लेषण गरिएको छ । तर राष्ट्रवादी

चिन्तनको व्याख्या भने प्रतिनिधिमूलक ढङ्गले ३२ वटा कवितालाई आधार मानेर गरिएको छ ।

आफ्ना हालसम्म प्रकाशित तिनवटा कवितासंग्रहमा कवि ध्रुवलाल शर्माले सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक तथा ऐतिहासिक विषयवस्तुलाई समेटेको पाइन्छ । निर्दलीय पञ्चायती व्यवस्थादेखि शिक्षकहरूको आन्दोलन, राजनीतिक विकृति र मौलाउँदो भ्रष्टाचार, शैक्षिक क्षेत्रमा बढ्दो व्यापारीकरण र माओवादीले सुरू गरेको सशस्त्र क्रान्ति लगायतको वृहद आयतनलाई उनले कविताको विषयवस्तु बनाएका छन् । यति हुँदाहुँदै पनि ध्रुवलाल शर्माको कवितामा पाइने प्रमुख चिन्तन धारा रहेको छ - त्यो हो प्रखर राष्ट्रवादी चिन्तन । असल कुराको अनुसरण गर्दै खराबी र विकृतिको दोहोलो झार्ने प्रवृत्तिका ध्रुवलाल शर्माको कविताको सतहमा जुनसुकै विषयवस्तु र सन्दर्भ आए पनि त्यसको अन्तर मनका राष्ट्रवादी चिन्तन लुकेको भेट्न सकिन्छ । यिनका कविताले नेपालको पहिचान र अस्तित्व हराउँदै गएको हो कि भन्ने आशंका गरेका छन् । अग्ला हिमाल र प्राकृतिक सौन्दर्य भरिपूर्ण नेपालको अस्तित्व खतरामा पर्न सक्ने भन्दै कविले सचेत रहन सबैलाई आग्रह गरेका छन् । घाउ, पीडा र मलहम शीर्षकको कवितामा कवि शर्माले भौतिक दुःखकष्ट भन्दा राष्ट्रियता माथिको आघात बढी पीडादायी हुने विचार व्यक्त गरेका छन् । त्यस्तै 'आमालाई' शीर्षकको कवितामा पनि नेपाली राष्ट्रियताप्रति चिन्ता व्यक्त गरिएको छ । युद्ध, षड्यन्त्र र सत्तास्वार्थका कारण मुलुक झन्झन अस्थिर बन्दै गएको भन्दै कविले मातृभूमिको अवस्थाप्रति चिन्ता व्यक्त गरेका छन् । 'आऊ' शीर्षकको कवितामा वैदेशिक रोजगारीका कारण बढ्दै गएको पारिवारिक विखण्डनलाई मूल विषयवस्तु बनाइएको छ । पैसा कमाउने लालसा बोकेर विदेश जाँदा परिवार विखण्डनको अवस्थामा पुग्ने र यस्तो क्रम नरोकिए मुलुकमा मनोवैज्ञानिक समस्या बढ्न जाने कविको विचार छ । घरमा लालाबाला रूवाउँदै गाउँ र देश नै रोइरहेको बेला विदेशिने नाउँमा पराइको ढोका ढोका चहार्नु नेपाली इतिहास र स्वाभिमानको बर्खिलाप भएको कविको निष्कर्ष छ ।

२०५२ सालदेखि नेपालको आन्तरिक लडाइँ र त्यस क्रममा राज्य र विद्रोही पक्षबाट भएका मानवताविरोधी घटनालाई कविले 'नेपाली नाजी र यहुदीहरू' शीर्षकमा समेटेका छन् । दोस्रो विश्वयुद्धमा जर्मन नाजीहरूले यहुदी जातिमाथि गरेको अत्याचारलाई बिम्ब बनाएर कविले नेपालको सशस्त्र संघर्षले निम्त्याएको थिचोमिचोलाई प्रस्तुत गरेका छन् । युद्धका बेला राज्य र विद्रोही दुबै पक्षमा फासीवादी सोच हावी हुँदै गएको र यसको

प्रत्यक्ष असर झुपडीहरूमा परेको भन्दै कविले दुईथरी बन्दुकेहरूलाई नेपाली नाजी र सर्वसाधारण नेपालीलाई यहुदी जातिको रूपमा चित्रण गरेका छन् ।

'हाम्रा जङ्गीपिलरहरू' शीर्षकको कविताले नेपालको सीमा समस्यालाई विषयवस्तु बनाएको छ । यसमा कविले बरू जड अवस्थाका जङ्गीपिलरहरूले आफ्नो स्वाभिमान र देशभक्ति कायम राखेको तर चेतन वा सजीव जङ्गीपिलरहरू (मानिस) ले बेइमानी र छलकपट मुलुकप्रति धोकाबाजी गरेको विचार व्यक्त गरेका छन् । दक्षिणको छिमेकीले निरन्तर सीमा मिच्दा पनि तमासे बनेर प्रतिक्रिया जनाउन नसक्ने राजनीतिकर्मी र राज्यसत्तालाई कवितामार्फत् व्यङ्ग्य गरिएको छ ।

त्यसैगरी नेपालको आदोलन-२ उत्र्कर्षमा पुग्दै गरेको बेला तत्कालीन राजा ज्ञानेन्द्र शाहलाई सम्बोधन गरिएको 'तिम्रो पालो गैसक्यो' शीर्षकको कविता होस् वा 'तिम्रै जीत भयो' शीर्षकका कविताले राजतन्त्रको विकल्पमा गणतान्त्रिक व्यवस्थाको वकालत गरेको पाइन्छ । जनताले विश्वास र सम्मान गर्दागर्दै पनि नेपालको राजतन्त्र प्रजातान्त्रिक हकअधिकार खोस्न लागिपरेकोइतिहासको चर्चा गर्दै कवितामा जनताका छोराछोरी सर्वोच्च हुने गणतान्त्रिक व्यवस्था राजतन्त्रभन्दा उत्तम विकल्प भएको चर्चा गरेका छन् ।

ध्रुवलाल शर्माका हालसम्म प्रकाशित ३ वटा कवितासङ्ग्रह झण्डै ३ दर्जन कविताहरूमा प्रखर राष्ट्रवादी चिन्तन भेट्न सकिन्छ । त्यसो त शर्माका कविताको अन्तर्य राष्ट्रिय चिन्तनमै केन्द्रित छन् । तथापि १४८ वटा कवितामध्ये प्रतिनिधित्वमूलक ढङ्गले प्रस्तुत गर्दा ३२ वटा कवितामा देखिएको राष्ट्रवादी चिन्तनलाई उल्लेख गरिएको छ ।

वास्तवमा राष्ट्र, राष्ट्रियता, जातीय गौरव, राष्ट्रिय संस्कृतिको भाव मुखरित हुनु नै राष्ट्रप्रेम वा राष्ट्रवादी चिन्तन हो । अर्को शब्दमा भन्दा राष्ट्रिय पहिचान दिने, राष्ट्रको गौरव र गरिमा बढाउने, राष्ट्रिय एकता र अखण्डतामा बल पुऱ्याउने, राष्ट्रिय भावनालाई जगाई राष्ट्रबोध गराउने, मुलुकको उन्नति र प्रगतिमा समर्पित हुनु पनि राष्ट्रप्रेम हो । ध्रुवलाल शर्माका कवितामा पनि माथि उल्लेखित भावना प्रत्यक्ष वा परोक्ष रूपमा भेट्न सकिन्छ । कला अर्थात् साहित्य सिर्जनाको लागि मात्र हो वा त्यो जीवनका लागि पनि हुनुपर्छ भन्ने बारेमा विगतमा लामो छलफल भएको छ । अहिलेको सन्दर्भमा कला र साहित्य जीवनोपयोगी बन्नुपर्छ भन्नेमा करिब करिब एकमत छ । कवि शर्माका कविताहरू पनि कला जीवनका लागि हुनुपर्छ भन्ने मान्यताको नजिक छन् र तिनमा अझ राष्ट्रवादी

चिन्तन भरिएको छ । यसरी हेर्दा ध्रुवलाल शर्मा राष्ट्रवादी चिन्तन बोक्ने सर्जक हुन् भन्ने आधार फेला पार्न सकिन्छ ।

नेपाली काव्यसाहित्यको इतिहासतिर फर्किने हो भने एकीकरण अभियानसँगै कविता लेखनको थालनी भएको पाइन्छ । तत्कालीन गोरखाली राजा पृथ्वी नारायण शाहले सुरू विशाल नेपाल एकीकरण अभियानलाई सघाउन तत्कालीन कविहरूको महत्वपूर्ण योगदान रहेको छ जसले वीररसयुक्त कविता सिर्जना गरेर युद्धमा होमिएका सैनिक र शासकसम्मलाई राणा शासनले शिक्षा र चेतनाको विकासमा तगारो लगाए पनि वि.सं. १९९० दशकसँगै सुरू भएको गतिविधिमा प्राण भर्ने काम साहित्यकारहरूले गरेका छन् । धरणीधर कोइराला, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमालका कालजयी कृतिहरूले राणाशासन ढाल्न र प्रजातान्त्रिक व्यवस्था कायम गर्न तागत प्रदान गरेका छन् । २००७ सालको परिवर्तनपछि पनि राष्ट्रवादी चेत भएका धेरै कविताकृतिहरू प्रकाशित छन् । जसले नेपाली माटो र नेपाली जातीय गौरवलाई अझ मजबुत बनाउन सघाएका छन् ।

म्याग्दी जस्तो शिक्षा लगायत आधारभूत सुविधाबाट बञ्चित पिछडिएको र विकट जिल्लामा रहेर पनि कवि ध्रुवलाल शर्माले जसरी निरन्तर काव्यसाधना गर्दै आए, यसबाट सबैले सिक्न जरूरी छ । खासगरी राज्यले गरेको थिचोमिचो र छिमेकीले मातृभूमिप्रति गरेको अवहेलनालाई सहन नसक्दा शर्माले तीव्र आक्रोशपूर्ण कविता सिर्जना गरेका छन् । राष्ट्रको अस्मिता जोगाउनु हर एक नागरिकको कर्तव्य हो भन्दै शर्माले आफ्ना कवितामार्फत् प्रखर राष्ट्रिय चिन्तन प्रस्तुत गरेका छन् । विचारको तुलनामा कलात्मक पक्ष कमजोर हुँदा शर्माका कविता कोरा नारावादी भएको वा क्रान्तिकारी स्वच्छन्दतावादीको आरोप पनि लाग्ने गरेको छ । शिक्षणलाई मूल पेसा बनाएका कारण पनि शर्माको लेखनी अपेक्षित रूपमा नतिखारिएको सम्भावनालाई भने नकार्न सकिँदैन ।

समग्रमा हेर्दा कवि ध्रुवलाल शर्मा देशप्रेमको भावनाले भिजेका स्रष्टा हुन् । उनका कतिपय समकालीन स्रष्टाहरू अवसरको खोजीमा जिल्ला र मुलुक नै छोडेर पलायन भएको अवस्थामा ध्रुवलाल शर्मा म्याग्दीकै माटोमा संघर्ष गर्दै आइरहेका छन् । सीमित स्रोतसाधन र अवसरका बाबजुद झण्डै पाँच दशकदेखि साहित्य सिर्जनालाई निरन्तरता दिनु र त्यसको केन्द्रबिन्दु राष्ट्रिय चिन्तनलाई बनाइराख्नु उनको महत्वपूर्ण उपलब्धि र योगदान दुबै हो ।

# सन्दर्भ सामग्री


अधिकारी, रविलाल (२०५९), **साहित्य सारथी**, पोखरा : लेकाली प्रकाशन ।

उपाध्याय, केशव प्रसाद (२०४९), **प्राचीनकालीन कवि र काव्य प्रवृत्ति**, तेस्रो संस्करण, काठमाण्डौ : साझा प्रकाशन ।

कार्की, भक्त (२०६२), “आफन्तहरूको नजरमा स्रष्टा”, ध्रुवलाल शर्मा, **आमाको सम्झना,** ( कविता सङ्ग्रह), बेनी : माउन्ट एभरेष्ट आवासीय माध्यमिक विद्यालय, हिलसाइड।

कुँवर, उत्तम (२०५०), **स्रष्टा र साहित्य,** काठमाडौं : साझा प्रकाशन ।

केसी टेक बहादुर (२०६५) **ध्रुवलाल शर्माको जीवनी, व्यक्तित्व र कृतित्व**, त्रि.वि. स्नातकोत्तर तह, अप्रकाशित शोधपत्र, पृ.ना. क्याम्पस पोखरा ।

खत्री सन्दिप (२०७१), “साहित्यका तारा ध्रुवलाल शर्मा”, **समृद्ध साप्ताहिक**, वैशाख १७, २०७१, पृ. ५ ।

गैरे, ईश्वरी प्रसाद, कृष्णप्रसाद आचार्य (२०५०) **आधुनिक नेपाली नाटक र फुटकर कविता**, काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज, नयाँबजार, कीर्तिपुर ।

छोटा, प्रेम (२०६०) “केही कवि र कवयित्री”, **धौलागिरिका कवि र कविता**, कविता सङ्ग्रह, बागलुङ ।

त्रिपाठी, बासुवेद, दैवज्ञ न्यौपाने र केशव सुवेदी (सम्पादक) (२०४८), **नेपाली कविता भाग ४**, काठमाडौं : साझा प्रकाशन ।

थापा, राजकुमार (२०६२), “आफन्तहरूको नजरमा स्रष्टा”, ध्रुवलाल शर्मा, **आमाको सम्झना**, (कविता सङ्ग्रह), बेनी : माउन्ट एभरेष्ट आवासीय माध्यमिक विद्यालय, हिलसाइड ।

पौडेल, विष्णु प्रसाद (२०५७), **संस्कृत काव्यशास्त्र**, काठमाडौं : भुँडीपुराण प्रकाशन ।

भण्डारी, पारसमणि (२०६७), **नेपाली कविता काव्य**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

भावुक, श्यामबहादुर (२०६९), “म्याग्दीमा जन्मेका ध्रुवलाल शर्मा”, **समर्पण साप्ताहिक**, फागुन १५, पृ. ३

____ (२०६९), “म्याग्दीमा जन्मेका ध्रुवलाल शर्मा”, **समर्पण साप्ताहिक**, फागुन २२, पृ. ३

____ (२०६९), “म्याग्दीमा जन्मेका ध्रुवलाल शर्मा”, **समर्पण साप्ताहिक**, फागुन २९, पृ. ३

शर्मा, तारानाथ (२०६२), “आफन्तहरूको नजरमा स्रष्टा”, **आमाको सम्झना**, (कविता सङ्ग्रह), बेनी : माउन्ट एभरेष्ट आवासीय माध्यमिक विद्यालय, हिलसाइड

शर्मा ध्रुवलाल (२०६२), **आमाको सम्झना (कविता सङ्ग्रह),** बेनी : माउन्ट एभरेष्ट आवासीय माध्यमिक विद्यालय

_____ (२०६९), **तस्वीरहरू (कविता सङ्ग्रह)**, बेनी : विनोद धौलागिरि, विन्दु शर्मा ।

_____ (२०६९), **प्रतिच्छाया (कविता सङ्ग्रह)**, बेनी : विनोद धौलागिरि विन्दु शर्मा ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०५५), **शोधविधि**, दोस्रो संस्करण, काठमाडौं : साझा प्रकाशन ।

शिरीष, नीराजन (२०६६), “कवि ध्रुवलाल शर्मा”, **नवविकल्प साप्ताहिक**, माघ २, वर्ष १ अङ्क ७, पृ. ३ ।

श्रेष्ठ, अजयमिलन (२०६९), “म्याग्दीका सफल र चर्चित १२ व्यक्ति र सन् २०१२”, **समर्पण साप्ताहिक**, मङ्सिर २२, पृ. ३-५ ।

श्रेष्ठ, विनय (२०६२), “विद्रोही कवि ध्रुवलाल शर्मा”, **विन्ती मासिक**, अङ्क ३, वर्ष ४, पृ.२ ।

सापकोटा, किरण (२०६२), “आफन्तहरूको नजरमा स्रष्टा”, ध्रुवलाल शर्मा, **आमाको सम्झना**, (कविता सङ्ग्रह), बेनी : माउन्ट एभरेष्ट आवासीय माध्यमिक ।

सुवेदी, रामचन्द्र (२०६५), **“म्याग्दी जिल्लाको साहित्यिक सर्वेक्षण”**, त्रि.वि. स्नातकोत्तर तह, अप्रकाशित शोधपत्र, त्रि.वि., कीर्तिपुर क्याम्पस ।

सुवेदी, होमनाथ (२०६६), “प्रगतिवादी कवितामा नयाँ ध्रुव”, **प्रतिच्छाया,** (कविता सङ्ग्रह) (भूमिका खण्ड), बेनी : विनोद धौलागिरि ।

# परिशिष्ट-क

## ध्रुवलाल शर्मासँग मिति २०७२/०३/२१ मा गरिएको कुराकानी

प्रश्नकर्ता : तपाइँ छविलालको नामले पनि चिनिनुहुन्छ, ध्रुवलालले पनि, तपाइँको वास्तविक नाम के हो ?

ध्रुवलाल : मेरो न्वारनको नाम छवि पौडेल हो तर स्कुलमा भर्ना हुँदा छविको ठाउँमा ध्रुवलाल नाम परिवर्तन गरी अध्ययन गरियो, त्यसैले अहिले सबैले ध्रुवलाल नै भन्ने गर्छन्।

प्रश्नकर्ता : तपाइँलाई स्नातक तह वा उच्च शिक्षा अध्ययन गर्न केले बाधा पुऱ्यायो ?

ध्रुवलाल : मैले जब एस.एल.सी. (प्रवेशिका परीक्षा) उत्तीर्ण गरें, अनि बुबाको खोजीमा मुम्बई गइयो अनि पारिवारिक समस्याले त्यही नै लिफ्टमेन, पेट्रोल पम्प आदि क्षेत्रमा काम गर्दा मेरो पढाइ रोकियो ।

प्रश्नकर्ता : त्यसपछि औपचारिक पढाइ बन्दै भयो त ?

ध्रुवलाल : म २०३८ सालमा पारिवारिक समस्याले प्रकाश मा.वि. मा शिक्षण गर्न थालें । त्यसपछि वि.सं. २०४३/४४ मा छात्रवृत्ति पाएर पृथ्वी नारायण क्याम्पस, पोखराबाट शिक्षा विषय लिई आई.एड. पास गरें । बि.एड. पढ्न त्यही क्याम्पसमा भर्ना भई अध्ययन गर्दै गर्दा मेरो आमाको मृत्यु भएपछि परीक्षा दिन नपाएकोले मेरो पढाई पूर्ण रूपमा रोकियो । त्यसपछि प्रयास नै गरिन ।

प्रश्नकर्ता : त्यसपछि के गर्नुभयो त ?

ध्रुवलाल : त्यसपछि अध्यापनलाई मुख्य पेसाका रूपमा लिँदै साहित्य सिर्जना र सक्दो समाजसेवा गरेको छु ।

प्रश्नकर्ता : तपाइँको बुबा विदेसिनुको कारण के हो ?

ध्रुवलाल : भूपी शेरचनको दाइ हितमानको छोरा अनुपमान र मेरो हजुरबुबा बलदेव शर्माको अन्तरविरोधका कारण के घरमा बस्न नसकी बुबा विदेसिनु परेको थियो ।

प्रश्नकर्ता : तपाइँका कृतिहरू भौतिकवादी जीवन दर्शनसँग बढी निकट छन्, यसको अर्थ आध्यात्मिकतालाई आत्मसात गर्न रूचाउँछन् ?

ध्रुवलाल : त्यो भएको भए संयोग हो तर आध्यात्मिक दर्शनका राम्रा पक्षलाई ग्रहण गर्नै पर्छ, रूढीवादी कुरा छाड्नै पर्छ ।

प्रश्नकर्ता : मुम्बई छँदा के काम गर्नुभयो त ?

ध्रुवलाल : त्यहाँ छँदा प्रवासी नेपालीहरुको हकहितका लागि गठित प्रवासी नेपाली समाजको मुम्बई शाखा सचिव, लिफ्टमेन आदि काम गरेको हुँ ।

# परिशिष्ट ख

## शोधकर्ताले मिति २०७२/०३/२५ मा अजयमिलन श्रेष्ठसँग गरेको कुराकानी

प्रश्नकर्ता : सर तपाइँ र ध्रुवसर एउटै विद्यालयका स्टाफ हुनुहुन्थ्यो, पेसागत जीवनमा उहाँलाई कस्तो साथीका रूपमा लिनुभयो ?

अजयमिलन : उहाँ पेसाप्रति इमान्दारी, परिश्रमी हुनुहुन्थ्यो भने साथीहरूसँग सधैं मैत्रीभाव राख्नुहुन्थ्यो ।

प्रश्नकर्ता : उहाँ शिक्षणका क्रममा विद्यालय प्रशासनको बेवास्ता तथा कर्तव्यबाट कहिल्यै विचलित हुनुहुन्थ्यो ?

अजयमिलन : उहाँ कहिल्यै पदीय जिम्मेवारीबाट विचलित भएको पाइन, दोष लगाइएन ।

प्रश्नकर्ता : उहाँलाई अध्यापनका क्रममा कहिल्यै दोषै लगाइएन त ?

अजयमिलन : पेसागत जीवनमा शर्मालाई कुनै बेला कसैले कमीकमजोरी देखाएर लगाएका थिएनन्